सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३१ वैशाख २०८१, सोमबार (13 May 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

न्यूनतम साझा संकल्पको जगमा नीति तथा कार्यक्रम ल्याउने सरकारको तयारी

अर्थतन्त्र सुधार, सुशासन, सामाजिक न्याय र रोजगारी सिर्जनामा केन्द्रित, कृषि प्रविधि र उद्यम प्राथमिकतामा

(विस्तृत पृष्ठ ३ मा)

कोशीका मुख्यमन्त्री हिक्मत कार्कीले आज विश्वासको मत लिँदै



२६ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका हिक्मत कार्कीले नियुक्तिको छैटौं दिनमै विश्वासको मत लिन लागेका हुन् ।

विश्वासको मत लिने तयारीमा सुदूरपश्चिमका मुख्यमन्त्री सोडारी



एकीकृत समाजवादीबाट मुख्यमन्त्री बनेका दीर्घबहादुर सोडारी आगामी ३ जेठमा विश्वासको मत लिने तयारीमा छन् ।

(विस्तृत पृष्ठ ५ मा)

चैतमा चालू आर्थिक वर्षकै न्यून महँगीदर

राष्ट्र बैंकले मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेकोमा चैतमा ४.६१ प्रतिशतमा खुम्चिएको छ

शोधनान्तर बचत दोब्बर

वैदेशिक व्यापार संकुचन दर घट्न थाल्यो

विदेशी मुद्राको सञ्चिति १२.५ महिनाको आयात धान्न पुग्ने

(विस्तृत पृष्ठ ९ मा)



■ राजस्व तिर्न नपर्ने दाबीसहितको वर्ल्डलिंकका रिट सर्वोच्चद्वारा खारेज

वर्ल्डलिंकबाट दुई अर्बसहित नौ सेवाप्रदायकबाट तीन अर्ब ६४ करोड राजस्व उठाउने बाटो खुला

सुवास भट्ट/नयाँ पत्रिका

सरकारलाई तिर्नुपर्ने रोयल्टी राजस्व र ग्रामीण दूरसञ्चार विकास शुल्क (आरटिडिएफ) तिर्नु नपर्ने दाबीसहित वर्ल्डलिंक कम्युनिकेसनले दायर गरेका विभिन्न आठवटा रिट सर्वोच्च अदालतले आइतबार खारेज गरिदिएको छ । दूरसञ्चार करछली प्रकरणमा सर्वोच्चको यो फैसलासँगै साढे तीन अर्बभन्दा बढी रकम राज्यकोषमा दाखिला हुने बाटो खुलेको छ ।

फैसलाले सेवाप्रदायकहरूले वर्षौंदेखि छली गर्दै आएको रोयल्टी राजस्व र आरटिडिएफबापतको रकम कानुनबमोजिम असुल गर्न मार्गप्रशस्त गरेको छ । वर्ल्डलिंकसहित नौ इन्टरनेट सेवाप्रदायकले सरकारलाई तिर्नुपर्ने तीन अर्ब ६४ करोड राजस्व तिर्न आनाकानी गर्दै आएका थिए । अब असुल गर्न बाटो खुला भएको छ ।

न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र डा. नहकुल सुवेदीको संयुक्त इजलासले वर्ल्डलिंकको माग दाबी अस्वीकार गर्दै रिट खारेज गरेको हो । आइएसपीहरूको करछलीबारे नयाँ पत्रिकाले शृंखलाबद्ध रूपमा समाचार प्रकाशित गर्दै आएको छ ।

सर्वोच्चको फैसलासँगै उपभोक्ताबाट अग्रिम रूपमा असुलेको इन्टरनेट शुल्क तिर्न आइएसपीहरू बाध्य भएका छन् । यसबाट तत्कालका लागि आइएसपीहरूको बक्यौता रकम दाखिला हुँदाको फाइदा त छँदै छ, दीर्घकालमा पनि अर्बौं बचत हुने सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणसम्बद्ध अधिकारीहरू बताउँछन् ।

दूरसञ्चार सेवा 'भ्वाइस'बाट तीव्र रूपमा 'डाटा'तर्फ सरिरहेको पछिल्ला वर्षहरूमा उच्च आम्दानी वृद्धिका बाबजुद पनि आइएसपीहरूको सरकारलाई तिर्ने राजस्व भने त्यसै दरमा बढ्न सकेको थिएन । उनीहरूले विभिन्न बहाना र राज्यका पदाधिकारीहरूलाई प्रभावमा पारेर राजस्व नतिर्ने

» पृष्ठ ११ मा क्रमशः

वर्ल्डलिंकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्कबापत असुल गर्न बाँकी रकम

१ अर्ब ९६ करोड ६२ लाख २ हजार ४८ रुपैयाँ



हरिप्रसाद फुँयाल (न्यायाधीश)



डा. नहकुल सुवेदी (न्यायाधीश)

रोयल्टी र आरटिडिएफ तिर्नु नपर्ने दाबीसहित वर्ल्डलिंकले दायर गरेका विभिन्न आठवटा रिट सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुँयाल र डा. नहकुल सुवेदीको संयुक्त इजलासले अस्वीकार गर्दै खारेज गरिदिएको छ ।

● **सन्तोष पौडेल,**
प्रवक्ता, नेपाल दूरसञ्चार प्राधिकरण



सर्वोच्चको फैसला वर्ल्डलिंकले हालेको रिटमाथिको हो । तर, वर्ल्डलिंकसहित अरूका हकमा पनि सर्वोच्चले नजिर स्थापित गरेको छ । अब बक्यौता असुली प्रक्रियामा जान्छ । सुबिसुका हकमा अन्तरिम आदेश कायम रहेकाले फैसलापछि निर्णय हुनेछ ।

■ एनसेलले कर र गैरकर गरी सरकारलाई

८५ अर्ब तिर्न बाँकी, विभिन्न अदालतमा मुद्दा विचाराधीन

मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले सरकारलाई बुझाउनुपर्ने ८५ अर्बभन्दा बढी रकम विभिन्न तहका अदालतमा मुद्दाका रूपमा विचाराधीन छ । एनसेलको सेयर खरिद-बिक्री अध्ययन तथा छानबिन समितिले सरकारलाई प्रतिवेदन बुझाउँदै सार्वजनिक गरेको विज्ञप्तिमा सरकारलाई बुझाउनुपर्ने रकम उल्लेख छ ।

'एनसेल आजियाटाले नेपाल सरकारसमेतलाई कर र गैरकर गरी तिर्नु, बुझाउनुपर्ने ८५ अर्बभन्दा बढी रकमको विषय विभिन्न तहका अड्डा, अदालतहरूमा मुद्दाका रूपमा विचाराधीन रहेको देखिएको छ,' विज्ञप्तिमा भनिएको छ । मलेसियन टेलिकम कम्पनी आजियाटा ग्रुप बर्हादले एनसेलमा रहेको आफ्नो ८०% हिस्सा (सम्पूर्ण सेयर) बेलायतको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई पाँच करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोड नेपाली रुपैयाँमा बिक्री गरेको थियो । सन् २०१६ मा एक अर्ब ३६ करोड ५१ लाख डलर (करिब एक खर्ब ४३ अर्ब रुपैयाँ)मा टेलियासोनेरासँग ८०% सेयर खरिद गरेर आजियाटा एनसेलमा भित्रिएको थियो ।

आजियाटाले खरिद गरेको मूल्यको तुलनामा अत्यन्तै सस्तोमा एनसेलको स्वामित्व बिक्री गरेपछि करछलीको आशंका गरिएको थियो । २१ मंसिरमा सरकारले पूर्वमहालेखापरीक्षक टंकमणि शर्माको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले एनसेल सेयर कारोबारको मूल्य र सर्तहरू अस्वाभाविक रहेको ठहर गर्दै सम्झौता यथास्थितिमा स्वीकार नगर्न सरकारलाई सुझाव दिएको थियो । गत १५ माघमा समितिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाइसकेको छ । ६ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले छानबिन समितिको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरेको थियो ।

युटिएलको सात अर्ब बक्यौता असुलीको प्रक्रियामा

युटिएलको करिब सात अर्ब रुपैयाँ बक्यौता असुलउपरको प्रक्रियामा छ । अनुमतिपत्र नवीकरण, अप्टिकल फाइबर बिछ्याउने ठेक्का खारेजी, रोयल्टी, फ्रिक्वेन्सी दस्तुरलगायतको रकम युटिएलले तिर्नुपर्नेछ । नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले बक्यौता असुलउपरको प्रक्रियामा रहेको बताएका छन् ।

करिब पाँच अर्ब रुपैयाँ बक्यौता नतिरे अनुमतिपत्र खारेज गर्ने प्राधिकरणको निर्णयविरुद्ध ३० असार ०७६ मा युटिएल सर्वोच्च गएको थियो । त्यस्तै, गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर बिछ्याउने ठेक्का लिएर काम नगरेको युटिएलसँगको सम्झौता खारेज गर्ने प्राधिकरणको निर्णयविरुद्ध पनि २७ वैशाख ०७६ मा रिट दायर गरेको थियो । दुवै मुद्दामा युटिएलको पक्षमा अन्तरिम आदेश आएको थियो । त्यसको साढे चार वर्षपछि गत २३ माघमा सर्वोच्चले युटिएलका दुवै रिट खारेज गरेको थियो ।

त्यससँगै अहिले बक्यौता असुली, नयाँ ठेक्का लगाउने तथा अनुमतिपत्र खारेज गर्ने प्रक्रिया अघि बढेको नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले बताए । 'युटिएलसँगका तीन विषय छन्, बक्यौता असुलउपर, अनुमतिपत्र खारेज वा नवीकरण र युटिएलले लिएको अप्टिकल फाइबर विस्तार परियोजनाको ठेक्का रद्द,' उनले भने, 'यी सबै शीर्षकसँग जोडिएको बक्यौता रकम करिब सात अर्ब हुन आउँछ, अहिले उक्त बक्यौता असुलउपरको प्रक्रिया सुरु भएको छ ।'

ग्रामीण दूरसञ्चार विकास कोषको दुई अर्ब एक करोड अनुदानमा गण्डकी र लुम्बिनी प्रदेशमा अप्टिकल फाइबर विस्तार गर्ने गरी प्राधिकरणले १४ वैशाख ०७४ मा युटिएलसँग सम्झौता गरेको थियो । सम्झौताअनुसार युटिएलले १४ वैशाख ०७६ भित्र गोरखाको आरुघाटदेखि बागलुङको बुर्तिबाङसम्मको मध्यपहाडी लोकमार्ग तथा गण्डकी र लुम्बिनी प्रदेशमा पर्ने २१ जिल्लामा दूरसञ्चार पूर्वाधार निर्माण गरिसक्नुपर्ने थियो । तर, युटिएलले तोकिएको समयमा काम गर्न सकेन । तोकिएको समयमा भौतिक प्रगति शून्य भएपछि प्राधिकरणले ठेक्का सम्झौता खारेज गरेको थियो ।

जसपालाई सरकार छाड्न दबाब, मधेशमा नयाँ समीकरण

जनकपुरधाममा हरिश खुदार

प्रमुख सत्तारूढ एमाले र माओवादीले उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई सरकारबाट फिर्ता हुन दबाब दिएका छन् । मधेश प्रदेशमा मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएर एमाले र माओवादीले जसपा नेपालमाथि दबाब बढाएका छन् ।

१२ सांसद रहेको जसपा नेपालबाट अशोक राईसहित सात सांसदले नयाँ पार्टी जसपा गठन गरेका थिए । उपेन्द्र यादवले कांग्रेससँग मिलेर नयाँ सरकार बनाउने तयारी गरेपछि नयाँ पार्टी बनाएको राई पक्षको दाबी छ । यादवले भने केही स्वार्थीलाई उपयोग गर्दै नयाँ समीकरण बनाउने हल्ला चलाएर सत्तारूढ दलले नै पार्टी विभाजन गरेको आरोप लगाएका छन् । हाल विभाजित दुवै जसपा सरकारमा छन् ।

जसपा नेपालबाट अध्यक्ष यादव उपप्रधानमन्त्रीसहित स्वास्थ्यमन्त्री र दीपक

» पृष्ठ ११ मा क्रमशः

■ चारदलीय समीकरणले बन्छ नयाँ सरकार

मधेशमा एमाले, जनमत, माओवादी र लोसपाको नयाँ समीकरण बनेमा सहजै बहुमतको सरकार बन्छ । एक सय सात सदस्यीय प्रदेश सभामा सरकार बनाउन ५४ मत चाहिन्छ । प्रदेश सभामा एमालेका २५, जनमतका १३, माओवादीका नौ र लोसपाका आठ (निलम्बनमा रहेका संसदीय दलका नेता अभिराम शर्माबाहेक) सरकार बनाउन अहिले सबै गरी ५५ सांसद छन् । केन्द्रमा अशोक राई नेतृत्वको नयाँ जसपा गठबन्धनलाई सघाउने बताइरहेको छ । यो अवस्थामा १९ सिट रहेको जसपाबाट दुई जसपामा सांसद विभाजन हुनेछन् । अशोक राई नेतृत्वको जसपाका महासचिव प्रदीप यादवले भने मधेशमा जसपाको कुल सिट संख्या १९ मध्ये ५५ देखि ६० प्रतिशत आफूहरू रहेको दाबी गरे । 'उपेन्द्र यादव नेतृत्वको जसपालाई केन्द्रदेखि प्रदेश दुवै ठाउँमा बाहिर राखेर अगाडि बढ्ने सहमति छ । मधेशमा पनि एमाले, जनमत, माओवादी, लोसपा र हामी सँगै छौं,' उनले भने, 'त्यहाँ हामी तत्काल देखा नपरे पनि केही दिनमै निर्णय हुन्छ । साथीहरू नयाँ पार्टीमा खुल्नुहुन्छ ।'

तर, अल्पमतमा परेका मुख्यमन्त्री सरोजकुमार यादव भने बहुमत जुटाउने कसरतमा छन् । अल्पमतमा परे पनि ३० दिन बाँकी नै रहेकाले कांग्रेस र साना दलको सहयोगमा सरकारलाई निरन्तरता दिने गृहकार्यमा उनी छन् । जसपा प्रमुख सचेतक रामअशिष यादवले पनि मुख्यमन्त्रीले तत्काल राजीनामा नदिने बरु दुई-तीन दिनभित्रै कांग्रेससहितका दललाई लिएर पुनः मन्त्रिपरिषद् विस्तार गर्ने योजना रहेको सुनाए । तर, मधेशमा एमाले, जनमत, माओवादी र लोसपालाई बाहिर राखेर बहुमत पुग्दैन । जसपा प्रवक्ता मनीष सुमनले मधेश प्रदेश सरकारबाट एमाले र माओवादीले समर्थन फिर्ता लिएपछि सोमबार बस्ने केन्द्रीय समिति बैठकले संघ सरकारदेखि अन्य प्रदेश सरकारमा रहने वा नरहने विषयमा निर्णय गर्ने बताए । 'अब पार्टीको लाइन के हुन्छ भनेर निर्णय हुन्छ,' उनले भने ।

सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिदमा ४१ करोड भ्रष्टाचार

विशेषमा मुद्दा खेपिरहेका पौडेलविरुद्ध अर्को मुद्दा

विकल पौडेलविरुद्ध मुद्दामाथि मुद्दा



चार महिनादेखि अख्तियारको हिरासतमा, अकुत सम्पत्तिमा अर्को छानबिन जारी

■ यी हुन् खरिद प्रक्रियाका बदमासी

- खरिदपूर्व अनिवार्य रूपमा गर्नुपर्ने कार्य नगरेको
- सुरक्षण मुद्रण विकास समितिबाट स्वीकृत गराउनुपर्ने नीति, योजना, बजेट तथा कार्यक्रम पेससमेत नगरिएको
- आफूखुसी दुईवटा कार्यक्रममा विनियोजित सम्पूर्ण बजेटलाई एउटै कार्यक्रम (पेपर बेस्ड प्रेस मेसिनरी)का लागि खर्च गरेको
- अकबर हुसेनसँग मिलेमतो गरी उनले आपूर्ति गर्ने कम्पनीबाट निर्माण हुने उपकरणका मोडेल तथा मुख्य विशेषताहरू राखी प्राविधिक स्पेसिफिकेसन तयार गरेको
- पौडेलले एकल निर्णय गरी हुसेनकै नामका कम्पनीहरूसँग एकै दिनमा दरभाउ लिई लागत अनुमान तयार गरेको
- म्याक्सको मात्र कार्यअनुभव मिल्ने गरी स्पेसिफिकेसन तयार गरेको
- मूल्यांकन गर्ने अधिकारीले नै स्वीकृत गरेको
- आपूर्तिकर्ता कम्पनीद्वारा कमिसनबापत विकलको सिंगापुर र अमेरिकामा रहेको बैंक खातामा रकम जम्मा गरेको
- कार्डमा आधारित उपकरण खरिद गर्नुपर्नेमा पेपरमा आधारित खरिद गरेको, एउटा किन्नुपर्नेमा दुईवटा र मनासिब कारणविना २० गुणाभन्दा बढी क्षमताको 'डाई कटिङ मेसिन' किनेको

नयाँ पत्रिका

सुरक्षण मुद्रणसम्बन्धी उपकरण खरिदमा ४१ करोड रुपैयाँ भ्रष्टाचार भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र सूचना प्रविधिसम्बन्धी कम्पनी म्याक्स इन्टरनेसनलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अकबर हुसेनसहित ६ जनाविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । सुरक्षण मुद्रणसम्बन्धी विभिन्न उपकरण खरिदमा मिलेमतो गरी भ्रष्टाचार गरेको अख्तियारको दाबी छ ।

अख्तियारले अदालतमा दायर गरेको आरोप-पत्रअनुसार पौडेल र हुसेनको मिलेमतो, डिजाइन र प्रमुख भूमिकामा भ्रष्टाचार भएको देखिन्छ । खरिद प्रक्रियामा संलग्न भएको आरोपमा अख्तियारले केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ र वन तथा वातावरण मन्त्रालयका तत्कालीन सिडिई (मेकानिकल) नवीनकुमार पोखरेल, केन्द्रकै तत्कालीन लेखा अधिकृत खड्कबहादुर थापा र शाखा अधिकृत हरिबल्लभ घिमिरेलाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । ठेक्का पाउने कम्पनी म्याक्सविरुद्ध पनि मुद्दा दायर भएको छ ।

सेक्युरिटी प्रिन्टिङका लागि आवश्यक उपकरण खरिद र पूर्वाधार निर्माण गर्दा ६९ करोड रुपैयाँ घोटाला भएको ठहर गर्दै अख्तियारले ठीक एक वर्षअघि पनि मुद्दा दायर गरेको थियो । अस्वाभाविक लागत अनुमान तयार गरी स्वीकृत गरेको, एउटा देशबाट ल्याउने सम्झौता भएको सामान अन्तैबाट ल्याएको, खरिद सम्झौताविपरीत सामान स्वीकार गरेको, कामै नगरी भुक्तानी दिएको र अनावश्यक पूर्वाधार निर्माण गरी सरकारी सम्पत्तिमा हानि-नोक्सानी तथा दुरुपयोग गरेको अख्तियारको दाबी थियो ।

सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक पौडेलसहित नौजनाविरुद्ध गत वर्ष ३ वैशाखमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । यो मुद्दा विशेष अदालतमा विचाराधीन छ । विकलसहित अधिल्लो मुद्दामा रहेका वन तथा वातावरण मन्त्रालयका तत्कालीन सिडिई (मेकानिकल) नवीनकुमार पोखरेललाई अख्तियारले पुनः प्रतिवादी बनाएको छ । अधिल्लो मुद्दामा पौडेलविरुद्ध ६९ करोड आठ लाख ८१ हजार आठ सय ५४ र पोखरेलविरुद्ध ४९ करोड ४६ लाख ३५ हजार नौ सय ४५ रुपैयाँ बिगो कायम भएको थियो ।

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

किन बढिरहेछ सुनको भाउ ?

७ फागुनमा प्रतितोला एक लाख १८ हजार रहेको सुनको मूल्य निरन्तर बढेर ७ वैशाखमा हालसम्मकै उच्च एक लाख ३९ हजार तीन सय रुपैयाँ पुगेको थियो । त्यसयता सामान्य उतारचढावमा रहेको मूल्यले नयाँ रेकर्ड राख्ने देखिन्छ ।

■ भाउ बढ्नुका कारण

१ ब्राजिल, भारत, चीनलगायतका मुलुकले अन्तर्राष्ट्रिय व्यापारमा डलरको सट्टा सुन ब्याकअप भएको आफ्नै देशको मुद्रा प्रचलनमा ल्याउनु

२ ठूला देशका केन्द्रीय बैंकले सुनको मौज्दात बढाएका छन्, जसकारण आपूर्तिमा नियन्त्रण कायम भएको छ ।

३ विभिन्न देशका केन्द्रीय बैंकले ब्याजदर घटाउने नीति लिँदा ब्याजदर ओरालो लागेको छ । कम ब्याजदर पाउने भएपछि निक्षेपको सट्टामा सुनमा लगानीकर्ताहरूको आकर्षण छ । बिहीबार मात्रै बेलायतको बैंक अफ इंग्ल्यान्डले ब्याजदर कटौती गरी मुद्रास्फीति २ प्रतिशत कायम गर्ने लक्ष्य लिएको छ ।

४ रुस-युक्रेन र इजरायल-इरान युद्धका कारण अन्तर्राष्ट्रिय अर्थतन्त्र प्रभावित हुने डरले सुनमा लगानी बढेको छ ।



मिलन विश्वकर्मा/नयाँ पत्रिका

सुनको भाउ बढेको बढ्दै छ । गत साता पनि सुनको मूल्य उच्चदरमा बढेको थियो । १६ देखि २१ वैशाखसम्म १८ सय रुपैयाँले घटेर प्रतितोला एक लाख ३५ हजार चार सय कायम भएको सुनको मूल्य गत साता (२२ देखि २८ वैशाखसम्म) २५ सय रुपैयाँले बढेको थियो । आइतबार थप पाँच सय रुपैयाँले बढेर प्रतितोला एक लाख ३८ हजार चार सय रुपैयाँ पुगेको छ ।

■ सुनको पछाडि किन दौडिँदै छ विश्व ?



● हारोल्ड जेम्स
(विस्तृत पृष्ठ ७)

सुनको मूल्यमा आएको उछाल विश्व व्यवस्था परिवर्तन हुँदै गरेको र द्वन्द्व एवं अनिश्चयको नयाँ युग सुरुवात हुँदै गरेको संकेत हो ।

गत ७ वैशाखमा नेपाली बजारमा सुनको मूल्य प्रतितोला एक लाख ३९ हजार तीन सय रुपैयाँ पुगेको थियो, जुन हालसम्मकै उच्च हो । अहिलेकै अनुपातमा मूल्य बढ्दै गए यही साताभित्र त्यो रेकर्ड पनि भत्किने देखिन्छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार गत बिहीबार सुनको मूल्य तोलामा आठ सय रुपैयाँले घटेको थियो । त्यसबाहेक हरेक दिन मूल्य बढिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा नेपालमा पनि स्वाभाविक प्रभाव देखिएको व्यवसायीहरू बताउँछन् ।

ब्राजिल, भारत, चीनलगायतका मुलुकले अन्तर्राष्ट्रिय व्यापारमा

» पृष्ठ ११ मा क्रमशः

ग्राहकको क्रयशक्ति कमजोर छ, त्यसैले सुनका गरगहनाको खरिद-बिक्री बढ्ने सम्भावना छैन



माणिकरत्न शाक्य,
अध्यक्ष, नेपाल सुनचाँदी व्यवसायी महासंघ

केही समयअघिसम्म बिहेको सिजनका कारण व्यवसाय केही चलायमान थियो । तर, अहिले बिहेको सिजन सकियो । अब असारमा मात्रै बिहेको सिजन आउँछ । त्यसवेला व्यवसाय केही बढ्ने आशा छ । त्यसअघि व्यापार-व्यवसाय बढ्न सम्भव छैन । पछिल्लो समय देखिएको आर्थिक शिथिलताका कारण आममानिसको आम्दानी घटेको छ । त्यसले गर्दा ग्राहकको क्रयशक्ति कमजोर छ । त्यो अवस्थामा सुनका गरगहनाको खरिद-बिक्री बढ्ने सम्भावना छैन ।

■ निकासी कर विवादमा ललितपुर महानगरपालिका

सम्झौता खारेज गर्ने तयारीमा मेयर महर्जन

शिवहरि घिमिरे/नयाँ पत्रिका

ललितपुर महानगरले आफ्नो क्षेत्रभित्र आउने र बाहिरिने मालवाहक तथा ढुवानीका सवारीसाधनबाट कर उठाउने विषय विवादित बनेको छ। सबैजसो सामान ढुवानी गर्दा मनपरी रूपमा महानगरले कर उठाएर हैरानी पारेको भन्दै यसको विरोध हुन थालेको हो।

हाल महानगरले काठ, ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडा, बियर, जुत्ता-चप्पल, जर्किन भाँडाकुँडा, मिनरल वाटर, गार्मेन्ट, कपडा, ऊन, कबाडी सामान, कागजजन्य सामान, सिसा, हाड-सिङ, प्वाँख, छालालगायत वस्तु बाहिरिँदा र भित्रिँदा कर उठाउँदै आएको छ। यसका लागि महानगरले १० स्थानभन्दा बढी ठाउँमा कर संकलन गर्ने गरी ठेक्का लगाएको छ। महानगरपालिकाले गत २ फागुनदेखि लागू हुने गरी इन्द्रेणी हार्डवेयर एन्ड सेनेटरी वेयर प्रालिसँग वार्षिक १० करोड १८ लाखमा ठेक्का सम्झौता गरेको थियो। असार ०८२ सम्मका लागि ललितपुर महानगरपालिकाभित्र छिर्ने र बाहिरिने सवारीसाधनबाट कर उठाउन महानगरले सम्झौता गरेको छ।

महानगरले हालै जारी गरेको आर्थिक ऐन, ०८० मा जडीबुटी, कबाडी र जीवजन्तु शीर्षकमा कर उठाउने व्यहोरा समेटिएको छ। ऐनअनुसार नै ठेक्का सम्झौता गरिएको महानगरका राजस्व शाखा प्रमुख प्रेम थापाले जानकारी दिए। उनका अनुसार राजस्व उठाउन पाउने अधिकार स्थानीय तहलाई भएकाले सोहीअनुसार काम गरेको हो। महानगरबाट बाहिरिने वा भित्रिले जडीबुटी, कबाडी तथा जीवजन्तुलगायत सामान्य सामान बोकेका सवारीसाधनले अनिवार्य कर तिर्नुपर्छ। महानगरले ठेक्का लगाएपछि ठेकेदारले आसपासका जिल्ला र पालिकाबाट महानगर छिर्नेहरूसँग उठाउन थालेको छ। ठेकेदार कम्पनीका प्रमुख रोशनकुमार चौधरीले सम्झौताअनुसार नै कर उठाउन थालिएको बताए। 'सम्झौता गरेअनुसार कर उठाउन थालेका हौं। वस्तुको प्रकार, किलोग्राम वा टनको आधारमा कर लिन्छौं,' उनले भने।



● **चिरिबाबु महर्जन**, मेयर, ललितपुर महानगरपालिका

आलोचना र कर्मचारीको कमजोरी देखाउँदै महानगरका मेयर चिरिबाबु महर्जन सम्झौता रद्द गर्ने पक्षमा छन्। उनले ठेकेदार कम्पनीसँग सम्झौता हुँदा महानगरका कर्मचारीको कमजोरी देखिएको भन्दै सम्झौता क्यान्सिल गर्ने पक्षमा रहेको बताए। 'यो ठेक्का क्यान्सिल गर्दै छौं। यसमा मुख्य गल्ती कर्मचारीको हो, सम्झौतापत्रमा अन्य भन्ने शब्द राखिएको रहेछ, ठेकेदारले सोही शब्दमा टेकेर राजस्व उठाइरहेको छ। टेन्डर पनि निकै महँगोमा परेको थियो। तर, हामीले सोचेभन्दा गलत होला भन्ने ठानेका थिएनौं। यो सम्झौता खारेज गर्ने तयारीमा छौं।



ललितपुर महानगरपालिकाको बालकुमारी पुलछेउमा निकासी कर संकलन गरिँदै। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

कति उठाउँछन् कर ?

काठ प्रतिट्रक- २००
ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडा- प्रतिमिनिट्रक- १५०
बियर- प्रतिगोटा १ रुपैयाँ
जुत्ता-चप्पल, जर्किन भाँडाकुँडा आदि- प्रतिगोटा १ रुपैयाँ
मिनरल वाटर- प्रतिगोटा १० पैसा
तेलको टिन- प्रतिगोटा २ रुपैयाँ
गार्मेन्ट, कपडा, ऊन- प्रतिकेजी २ रुपैयाँ
कबाडी थोत्रा सामान- प्रतिकेजी- २ रुपैयाँ
कागजजन्य सामान- प्रतिकेजी १ रुपैयाँ
सीसा- प्रतिकेजी २ रुपैयाँ
हाड-सिङ, प्वाँख, छाला- प्रतिकेजी २ रुपैयाँ
छाला- प्रतिकेजी-१५-३० रुपैयाँ, अन्य सामान- २ रुपैयाँ

■ सम्झौताविपरीत कर उठाएको दाबी

ललितपुर महानगरको आर्थिक ऐन, ०८० को अनुसूची-५ को दफा ७ मा जडीबुटी, कबाडी र जीवजन्तु करबारे उल्लेख छ। अनुसूचीमा तोकिएको रेटका आधारमा महानगरले ठेकेदार कम्पनीलाई कर उठाउन ठेक्का लगाएको हो। तर, ऐनको अन्तिममा अन्य भन्ने शीर्षक राखिएको छ। जसमा टेकेर ठेकेदार कम्पनीले माटो, लुगा तथा खानेकुरामा समेत कर उठाएको गुनासो छ। मेयर महर्जनले पनि सम्झौता गरेभन्दा फरक विषयमा कर उठाएको पाएकाले ठेक्का क्यान्सिल गर्ने पक्षमा रहेको बताए।

■ के छ स्थानीय सरकार सञ्चालन ऐनमा ?

स्थानीय तहलाई केही वस्तुहरूको कर उठाउने छुट स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले प्रदान पनि गरेको छ। ऐनको परिच्छेद ९ को गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको बुँदा ६.१ मा जडीबुटी, कबाडी र जीवजन्तु करसम्बन्धी व्यवस्था छ। जहाँ नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कबाडी माल, मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला र यस्तै प्रकृतिका वस्तुमा कर लगाउन पाउने व्यवस्था छ। तर, महानगरपालिकाले यस ऐनमा उल्लेख नभएका वस्तुहरू जडीबुटी, कबाडी र जीवजन्तुमा समेत कर लगाएपछि विरोध भएको छ।

स्कुलमा आमनिर्वाचनको झल्को

काठमाडौं/ मध्यबानेश्वरमा रहेको भ्याली भ्यु स्कुलले विद्यार्थी नेतृत्व चयनका लागि आमनिर्वाचनको झल्को दिनेगरी प्रयोगात्मक अभ्यास गराएको छ। वास्तविक निर्वाचनको झल्को आउने गरी आयोजित निर्वाचनमा सहभागी हुन आइतबार बिहानैदेखि विद्यार्थीलाई चटारो थियो। उनीहरू आ-आफ्नो सदनको लिडर चुन्ने चटारोमा थिए।

आ-आफ्नो सदनका उम्मेदवारलाई निर्वाचित गर्न विद्यार्थीले निर्वाचनका सबै प्रक्रिया अपनाएका थिए। उनीहरूले नामावली प्रकाशन, उम्मेदवारी दर्ता, मतदान चिह्न प्रदान, मौन अवधि, मतगणना, नतिजा घोषणा, शपथग्रहणलगायत प्रक्रिया अपनाएका थिए। विद्यालयले हरेक वर्ष विद्यालयभित्रका सदनहरूको नेतृत्व चयनमा यसरी नै निर्वाचन गराउँदै आएको छ। ४ देखि १० कक्षासम्म अध्ययनरत विद्यार्थीले हरेक वर्ष यस प्रकारको चुनावी अभ्यास गर्छन् भने मतदान प्रक्रियामा विद्यालय प्रशासनले सहयोग गर्छ। मतदान कार्यक्रमका लागि निर्वाचन आयोगसमेत गठन गरेको थियो। यस्तो अभ्यासबाट विद्यार्थीले साँच्चै निर्वाचन कस्तो र कसरी हुन्छ ? भनेर प्रत्यक्ष सिक्ने मौका पाउने विद्यालयका प्राचार्य सुभाषचन्द्र भण्डारीले जानकारी दिए। उनका अनुसार देशको नेतृत्व चयन गर्दा जुन प्रकारको चुनावी अभ्यास अपनाइन्छ, विद्यालयले गरेको अभ्यास चुनावमा पनि सोही प्रक्रिया अपनाइएको छ।

विद्यालयको चारवटा सदनका उम्मेदवारले मत माग्ने, आफ्ना अजेन्डा प्रस्तुत गर्ने, मौन अवधिको पालना गर्नेलगायत नियम पालना गरेका थिए। 'यसप्रकारको अभ्यासले विद्यार्थीले निर्वाचन के हो र कसरी गरिन्छ भन्ने कुरा राम्ररी सिक्न पाउँछन्, अर्को उनीहरूले आ-आफ्नो विद्यालय सदनको नेतृत्व पनि छान्छन्,' प्राचार्य भण्डारीले भने, 'यसप्रकारको अभ्यासले प्रयोगात्मक ज्ञान, सीप अभिवृद्धि गर्न र बालबिकासमा सहयोग गर्छ।' मतदान प्रक्रियाबाट सदनका लागि कप्तान, छात्र उपकप्तान र छात्रा उपकप्तानका लागि एक-एकजना विद्यार्थी चयन गरिन्छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

यस बैंकबाट तहाँ जमानतकर्ताले ऋणीले लिएको कर्जाको लागि व्यक्तिगत/संस्थागत जमानतदिनु भएकोमा उक्त कर्जा वापतको धितो सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री/जैर बैंकिङ सम्पतिको रुपमा बिक्री/सकार गरि सो वापत प्राप्त भएको रकमले कर्जा खातामा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको ऋण कर्जा, साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ९०(नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९० (नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क राखी लिलाम बिक्री/जैर बैंकिङ सम्पति बिक्री/सकार वापतको रकमले कर्जा आंशिक रुपमा हिसाव मिलान गरि बाँकी रहेको रकम कर्जा साँवा,व्याज,हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन,२०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पतिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, राजविराज, सप्तरीमा प्रा.फ.र.नं.: १६३०/०६९/७० अन्तर्गत मिति २०६९/०८/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ३ स्थित **श्री लक्ष्मी नारायण अलमानियम स्टोर**

जमानीकर्ताहरुको विवरण

१) निलम देवी सोनार स्थायी ठेगाना : सप्तरी जिल्ला, राजविराज न.प. वडा नं. ३ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४ बाबु : सरयुग प्रसाद साह ससुरा : सीताराम प्रसाद साह पति : नवल किशोर साह	**२) प्रभु प्रसाद साह सोनार** स्थायी ठेगाना : सप्तरी जिल्ला, रा.वि. गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४ बाबु : नवल किशोर साह बाजे : सीताराम प्रसाद साह	**३) नवल किशोर साह** स्थायी ठेगाना : सप्तरी जिल्ला, रा.वि न.प. वडा नं. ३ हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. ४ बाबु : सीताराम प्रसाद साह बाजे : मुन्सीलाल प्रसाद साह

ऋणीको विवरण

२)	नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्रा.फ.र.नं ३४६६/३५/०७३/०७४ अन्तर्गत मिति २०७३/०६/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ स्थित **साह ट्रेडर्स**

जमानीकर्ताहरुको विवरण

१) जितेन्द्र साह सोनार स्थायी ठेगाना:महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना:महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार	**२) आशादेवी साह सोनार** स्थायी ठेगाना:महोत्तरी जिल्ला, किसाननगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. ११ बाबु : फकिरा साह सोनार ससुरा : रघुनाथ साह सोनार पति : अनरजित साह सोनार	**३) अनरजित साह सोनार** स्थायी ठेगाना:महोत्तरी जिल्ला, किसाननगर गा.प. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं २ बाबु : रघुनाथ साह सोनार बाजे : राम गुलाम साह सोनार	**४) विक्रेश साह सोनार** स्थायी ठेगाना:महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. ७ हालको ठेगाना: महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. २ बाबु : अनरजित साह सोनार बाजे : रघुनाथ साह सोनार

ऋणीको विवरण

३)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, विरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं. ७५७७/०७४/०७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७४/१२/२१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० स्थित **मल्ल स्वादय एण्ड कोल्ड सेन्टर**

जमानीकर्ताको विवरण

१) महेन्द्र कुमार मल्ल स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ४ हालको ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : धन बहादुर मल्ल बाजे : कमल बहादुर मल्ल	**२) जल शाह (मल्ल)** स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १४ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : भुपेन्द्र जंग शाही ससुरा : धन बहादुर मल्ल पति : महेन्द्र कुमार मल्ल

ऋणीको विवरण

२)	**भिमा सावत** स्थायी ठेगाना : बर्दिया जिल्ला, मगराडी गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली न.पा. वडा नं. ४ बाबु : मान बहादुर सावत ससुरा : गणेश बहादुर थापा पति : गोपाल थापा

जमानीकर्ताहरुको विवरण

१) जल शाह (मल्ल) स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १४ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : भुपेन्द्र जंग शाही ससुरा : धन बहादुर मल्ल पति : महेन्द्र कुमार मल्ल	**२) महेन्द्र कुमार मल्ल** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : धन बहादुर मल्ल बाजे : कमल बहादुर मल्ल	**३) गोपाल थापा** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली न.पा. वडा नं. ४ बाबु : गणेश बहादुर थापा बाजे : भिम बहादुर थापा

ऋणीको विवरण

४)	प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत, नेपालमा प्रा.फ.र.नं. १०८९७/०७६/०७७, स्थानीय व्यापार अन्तर्गत मिति २०७६/१०/१३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ स्थित **पवित्रा स्वादय तथा किराना पसल**

जमानीकर्ताको विवरण

१) किशोर कुमार थापा स्थायी ठेगाना : दैलेख जिल्ला, रावतकोट गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : मान बहादुर थापा बाजे : मनिराम थापा	**२) पवित्रा थापा** स्थायी ठेगाना : सुर्खेत जिल्ला, उत्तरगंगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : बले रावत ससुरा : मान बहादुर थापा पति : किशोर कुमार थापा

ऋणीको विवरण

५)	कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, बीरेन्द्रनगर सुर्खेतमा प्रा.फ.र.नं. १४४४४/०७८/०७९, स्थानीय व्यापार अन्तर्गत मिति २०७८/०५/३० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. ६ स्थित **लक्ष्मी कस्मेटिक एण्ड गिफ्ट कर्नर**

जमानीकर्ताहरुको विवरण

१) ठेक बहादुर कामी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : गोठे कामी बाजे : प्रिर्थे कामी	**२) विशाल वि.क.** स्थायी ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : ठेक बहादुर कामी बाजे : गोठे कामी	**३) डिल्लीसरा कामी** ठेगाना : सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : मने कामी ससुरा : गोठे कामी पति : ठेक बहादुर कामी

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

रामगोपालपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश, नेपाल

आशय पत्रसम्बन्धी सूचना ।

प्रकाशित मिति २०८१।१।३१ गते

उपरोक्त सम्बन्धमा यस रामगोपालपुर नगर कार्यपालिकाको कार्यालयबाट निम्न मितिमा प्रकाशित बोलपत्र आव्हान सूचना बमोजिम यस कार्यालयमा E-bidding मार्फत दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन गरि न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावकारी भएको हुंदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं.	योजनाको नाम, ठेगाना	बोलपत्र आव्हान मिति	एककृत बोलपत्र दाताको नाम, ठेगाना	न्यूनतम कवोल अंक (मु.अ.कर तथा पि.एस. वाहेक)
१	04/SPS/NCB/ RGPMUN/ 2080/081	सौतिनिया पोखरी सौन्दर्यकरण कार्य, रामगोपालपुर न.पा.-३	2080/12/4	Siddhartha construction Janakpur-14	74,93,141.55
२	05/CS2/BDLG/ NCB/ RGPMUN/ 2080/081	Cold stores (2nd phase) construction work ramgopalpur-9	2080/12/4	GP Machines & construction Pvt.Ltd. ratanagar-13 chitwan	36,10,514.11
३	05/BW/NCB/ RGPMUN/ 2080/081	construction of boundary wall of mahendar Ra.S.S. Ramgopalpur-5	2080/12/4	Lake star construction Pvt.Ltd. ramgopalpur-8	19,54,045.60

नि.प्रमुख प्र. अधिकृत

छिन्नमस्ता गाउँपालिकाको अनुरोध

- ☑ हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नुपरे पनि काम सकिनासाथ तुरुन्त निभाउने गरौं । सलाई, लाइटरजस्ता वस्तु बच्चाको पहुँचबाट टाढा राखौं ।
- ☑ व्यक्तिगत घटना दर्ता (विवाह दर्ता, बसाईंसराइ, जन्मदर्ता, मृत्यु दर्ता) समयमै गरौं ।
- ☑ बालबालिकालाई विद्यालय पठाऔं, काममा नलगाऔं ।
- ☑ आफ्नो घरआँगन सफा राखौं ।
- ☑ विकास निर्माणको काममा जनसहभागिता जुटाऔं ।
- ☑ आफ्नो पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं।
- ☑ आफ्नो पालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार, व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- ☑ तपाईंको वडा, टोलमा भइराखेका सरकारी योजनामा गुणस्तरीय कामका लागि निगरानी गरौं । कमसल सामग्रीको प्रयोग भइरहेको पाइएमा गाउँपालिकाको अनुगमन समितिलाई सम्पर्क गरौं ।
- ☑ भुक्तानी गर्नुपर्ने सबै प्रकारका कर समयमै भुक्तान गरी जरिवानाबाट बचौं ।
- ☑ छाडा चौपायालाई नियन्त्रण गरौं । सडकमा नछाडौं ।
- ☑ हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- ☑ सरकारी सम्पतिको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कसैले तोडफोड गरेमा प्रहरीलाई खबर गरौं ।

विद्यानन्द चौधरी अध्यक्ष | **राजु देवी यादव** उपाध्यक्ष | **उज्ज्वल आनन्द** प्रमुख प्रशासनिक अधिकारी

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी, मधेश प्रदेश, नेपाल

न्यूनतम साझा संकल्पको जगमा नीति तथा कार्यक्रम ल्याउने सरकारको तयारी

अर्थतन्त्र सुधार, सुशासन, सामाजिक न्याय र रोजगारी सिर्जनामा केन्द्रित, कृषि प्रविधि र उद्यम प्राथमिकतामा

शुरोजंग पाण्डे, कमलराज भट्ट/नयाँ पत्रिका

सरकारले न्यूनतम साझा संकल्पको जगमा नीति तथा कार्यक्रम ल्याउने गरी अन्तिम गृहकार्य गरेको छ। प्रमुख प्रतिपक्षी कांग्रेसले गरिरहेको संसद् अवरोध हटाउने प्रयास जारी राख्दै सरकारले मंगलबार नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको हो।

सदन अवरोध हटाएर नीति तथा कार्यक्रम र बजेट ल्याउने तयारीका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सभामुख देवराज घिमिरेले आइतबार पनि कांग्रेससँग अलग-अलग संवाद र छलफल गरेका छन्। अवरोध हटाउन भइरहेको पहल र नीति तथा कार्यक्रमको तयारीबारे आइतबार राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेर प्रधानमन्त्री प्रचण्डले 'ब्रिफिङ' गरेका छन्। मंगलबार राष्ट्रपति पौडेलले संयुक्त सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका छ। सोमबारसम्म कांग्रेससँग सहमति जुटाएर नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिने सरकारको तयारी छ।

सरकारकी प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सरकारले सदन अवरोध खुलाएरै नीति तथा कार्यक्रम ल्याउने गरी अन्तिम गृहकार्य गरिरहेको जानकारी दिइन्। 'अहिलेसम्म अवरुद्ध संसद् खुल्छ भन्नेमा सरकार विश्वस्त छ। सदन खुलाउनकै लागि सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच छलफल नियमित चलिरहेको छ। नीति तथा कार्यक्रम र बजेट आउने वेला प्रतिपक्षले सदन अवरोध गरिरहने काम आफैंमा राम्रो होइन। त्यसैले सरकार सदन खुलाउने प्रयासमै छ,' शर्माले भनिन्।

यसअघि सरकार पुनर्गठनसँगै प्रस्तुत भएको न्यूनतम साझा संकल्पलाई नै आधार मानेर नीति तथा कार्यक्रमको तयारी भइरहेको जानकारी दिँदै उनले अहिलेसम्म विकल्पमार्फत नीति तथा कार्यक्रम सार्वजनिक गर्ने सरकारको कुनै सोच नरहेको पनि स्पष्ट पारिन्। 'अहिलेसम्म अर्को कुनै विकल्पबाट नीति तथा कार्यक्रम ल्याउनेतिर सरकारले सोचेको छैन। हाम्रो ध्यान सदन खुलाउनेतिरै छ,' उनले भनिन्।

यद्यपि, सरकारले नीति तथा कार्यक्रमको मस्यौदामाथि केन्द्रित भएर सत्तारूढ घटक दल र प्रमुख प्रतिपक्षसँग सुझाव लिने गरी औपचारिक छलफल गरेको छैन। तर, न्यूनतम साझा संकल्पमै धेरै प्रतिबद्धता आएको र नीति तथा कार्यक्रमका विषयमा शीर्ष तहमा अनौपचारिक संवाद भइरहेको मन्त्री शर्माको भनाइ छ। सुशासन, समृद्धि, सामाजिक न्याय र अर्थतन्त्र सुधारलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम ल्याउने सरकारको तयारी छ। नीति तथा कार्यक्रममै केन्द्रित रहेर प्रधानन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओली र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग अलग-अलग छलफल गरेका छन्।

'नीति तथा कार्यक्रम पहिले पनि आएकै विषय हो। त्यसैलाई परिमार्जन गरेर ल्याउने तयारी छ। खासगरी सामाजिक न्याय, समृद्धि, सुशासनलाई केन्द्रविन्दुमा राखेर नीति तथा कार्यक्रम आउँछ। कमजोर अवस्थामा रहेको अर्थतन्त्रलाई कसरी बलियो बनाउने र रोजगारी सिर्जना गर्नेतिरै नीति तथा कार्यक्रम केन्द्रित छ,' शर्माले भनिन्। सरकारले गत ६ चैतमा १३ क्षेत्रलाई प्राथमिकताको क्षेत्र मानेर न्यूनतम साझा संकल्प सार्वजनिक गरेको थियो।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले सत्तापक्षभित्र नीति तथा कार्यक्रमबारे व्यापक छलफल चलिरहेकाले अहिले ध्यान सदन अवरोध खोल्नेतिर केन्द्रित रहेको बताए। उनले कांग्रेसले सदन अवरोध खोल्नुको कुनै विकल्प नरहेको बताउँदै अन्यथा सत्तापक्ष अर्को विकल्पमार्फत पनि नीति तथा कार्यक्रम र बजेट ल्याउने कुरा सोच्न बाध्य हुने चेतावनीसमेत दिए। 'नीति तथा कार्यक्रमबारे व्यापक रूपमा छलफल छ, तर पहिले कांग्रेसले अवरोध हटाउनुपर्छ। त्यसका लागि प्रधानमन्त्री र सभामुखले भगिरथ प्रयत्न गरिरहनुभएको छ,' उनले भने। माओवादी प्रवक्ता अग्निप्रसाद सापकोटाले अहिलेको अवस्थालाई क्रमभंगता हुने गरी सरकारले समाजवादउन्मुख नीति तथा कार्यक्रम ल्याउने अन्तिम तयारी गरिरहेको बताए। 'नीति तथा कार्यक्रम समाजवादउन्मुख हुन्छ। जनताको मागलाई प्राथमिकता दिने कोसिस भइरहेको छ। रणनीतिक महत्त्वको हुन्छ र केही पपुलर कार्यक्रम पनि आउँछन्। सामाजिक न्यायको विषय प्राथमिकतामा पर्छ। कृषि प्रविधि, रोजगारी र उद्यम प्राथमिकतामा पर्छ। समग्रमा नीति तथा कार्यक्रममा रेडिकल रिफर्म गर्ने प्रयास हुन्छ,' उनले भने। सापकोटाले नीति तथा कार्यक्रमसँगै अहिले अराजकता नियन्त्रणका लागि दलहरूबीच न्यूनतम समझदारी आवश्यक रहेकाले सरकारले त्यसतर्फ ध्यान केन्द्रित गर्नुपर्नेमा समेत जोड दिए। 'दलहरूबीच सहमति र सहकार्यको अझै आवश्यकता छ। साझा दृष्टिकोण निर्माण गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ,' उनले भने, 'दलहरूको विचार आ-आफ्नै भए पनि लोकतान्त्रिक पद्धतिअनुसार अगाडि बढ्नुपर्छ। अराजकतालाई नियन्त्रण गर्न दलहरूबीच न्यूनतम समझदारी खोज्दै अगाडि बढ्नुपर्छ।'

■ प्रधानमन्त्री प्रचण्ड भन्छन्– गतिरोध अन्त्य हुन्छ



प्रधानमन्त्री प्रचण्डले मंगलबारसम्म संसद्को गतिरोध अन्त्य हुने विश्वास व्यक्त गरेका छन्। चितवनमा आइतबार सञ्चारकर्मीसँग उनले भने, 'संसद्को गतिरोध अन्त्य गर्ने विषयमा प्रमुख प्रतिपक्षी दल कांग्रेसका शीर्ष नेतासँग संवादमै छु, भोलि बेलुका अथवा पर्सि बिहानसम्म संसद्को गतिरोध अन्त्य हुन्छ।' कांग्रेस शीर्ष नेतासँग छलफल गरेर राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेका प्रधानमन्त्री प्रचण्डले नीति तथा कार्यक्रमलाई अन्तिम रूप दिएर आफूले राष्ट्रपतिलाई भेट गरेको जानकारी दिए। 'आगामी १ जेठमा राष्ट्रपतिले संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुन्छ। यसको तयारी पूरा भइसकेको छ,' उनले भने, 'कांग्रेस संसद्को यति धेरै वकालत गर्ने पुरानो पार्टीले राष्ट्रपतिको सम्बोधनमा असहज बनाउँछ भन्ने मलाई विश्वास लाग्दैन।' कांग्रेसका नेताहरूसँग संसद् खुलाउने कुरामा गम्भीर रूपमा छलफल भइरहेको उल्लेख गर्दै प्रचण्डले थपे, 'सामान्यतया सबै समस्याग्रस्त सहकारीबारे अध्ययन गरेर प्रतिवेदन दिने कुरामा सहमति भयो भने समितिका लागि कोसिस गर्ने कुरामा सकारात्मक छलफल भएको छ। सहकारीपीडितको समस्या समाधानका सन्दर्भमा गृहमन्त्रीले पनि समिति बनाउनेमा सैद्धान्तिक रूपमा विरोध गर्नुभएको छैन।'

■ ओली गृहमन्त्रीकै पक्षमा, समिति बन्न नसक्ने जिकिर



सहकारी प्रकरणमा संसदीय छानबिन समिति गठनको मुद्दाले सुरुदेखि नै बजेट अधिवेशन प्रभावित भइरहेका वेला एमाले अध्यक्ष केपी ओली कांग्रेसको आलोचना र गृहमन्त्रीको बचाउ गरेका छन्। सदन रोकेर कांग्रेसले लोकतन्त्रविरोधी चरित्र देखाएको ओलीको भनाइ छ। संसदीय समिति अहिले आवश्यक नरहेको ओलीले बताए। प्रधानमन्त्री पदमा सम्झौता नगरेपछि गृहमन्त्री तथा रास्वपाका अध्यक्ष रवि लामिछानेलाई कांग्रेसले भ्रष्टाचारको आरोप लगाउँदै संसदीय छानबिनको माग गरेको ओलीको दाबी छ। मध्यरातिसम्म डेढ वर्षका लागि लामिछानेलाई प्रधानमन्त्री बन्नका लागि सम्झौतामा हस्ताक्षरका लागि आग्रह गर्दै दौडिएको कांग्रेस प्रस्ताव अस्वीकार गरेपछि भोलिपल्टैबाट भ्रष्टाचारी करार गर्ने पूर्वाग्रही खेलमा लागेको ओलीको आरोप छ। 'यो समीकरण बन्न नदिन र बनेपछि भत्काउन अनेक कोसिस भए। अचम्मको कुरा- कांग्रेस एउटै मान्छेलाई राति डेढ वर्षका लागि प्रधानमन्त्री बन्दिनुस् भन्न जान्छ। कागज लिएर सम्झौता गरौं भन्छ। कागजमा सम्झौता नगरेपछि भोलिपल्ट सहकारीको भ्रष्टाचारी भन्दै उफ्रिन्छ,' पार्टीको महानगर कमिटी अधिवेशनलाई आइतबार सम्बोधन गर्दै ओलीले भने, 'कांग्रेसको पछि लाग्ने हो भने त्यो मान्छे प्रधानमन्त्री बन्न लायक भयो। जब उसले कांग्रेसको पछि लागेर प्रधानमन्त्री हुन्न भन्यो। अनि त्यो मान्छे भ्रष्टाचारी भयो।'

एमाले अडानले सभामुखले बोलाएको बैठक निष्कर्षविहीन

काठमाडौं/ सहकारी अपचलनमा संसदीय छानबिन बनाउने विषयमा सत्तारूढ दलभित्रै मतभिन्नता देखिएको छ। माओवादी समिति बनाउन तयार छ भने एमाले कुनै हालतमा समिति बनाउन नहुने अडानमा छ। सहकारी प्रकरणमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको दाबी गर्दै कांग्रेसले फागुन तेस्रो सातादेखि सदनमा संसदीय समिति माग गरिरहेको छ। शुक्रबारदेखि सुरु भएको बजेट अधिवेशनको प्रारम्भमै दुवै सदन अवरुद्ध गरेको छ भने मंगलबारका लागि तय गरिएको नीति तथा कार्यक्रम प्रस्तुतिमा पनि अवरोध गर्ने चेतावनी दिएको छ।

संसदीय समिति गठनको विषयले नीति तथा कार्यक्रम नै प्रभावित हुने भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अवरोध हटाउन आइतबार बिहान कांग्रेस सभापति शेरबहादुर देउवासहित पदाधिकारीसँग बालुवाटारमा छलफल गरेका थिए। छलफलमा प्रधानमन्त्री प्रचण्डले समिति बनाउने कुरालाई सकारात्मक लिएको र अगाडि बढाउने जवाफ दिएको कांग्रेस प्रमुख सचेतक रमेश लेखकले जानकारी दिए। 'हामीले सहकारीमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने भनेर आफ्नो कुरा राख्यौं,' उनले भने, 'प्रधानमन्त्रीजीले मैले सकारात्मक रूपमा लिएको छु, यो कुरामा अगाडि बढ्छु भन्नुभयो।' बैठकमा सहभागी कांग्रेस एक पदाधिकारीका अनुसार प्रचण्डले 'समिति गठन गर्न म तयारै छु, तर एमालेले मानेन। ओलीजीले हुँदै हुँदैन भन्नुहुन्छ। बीचको बाटो खोजेर नीति तथा कार्यक्रम प्रस्तुत गर्ने वातावरण बनाउनुपर्छ' भनेका थिए।



● रमेश लेखक
प्रमुख सचेतक, कांग्रेस

हामीले सहकारीमा संसदीय छानबिन समिति गठन गर्नुपर्ने भनेर आफ्नो कुरा राख्यौं। प्रधानमन्त्रीजीले 'मैले सकारात्मक रूपमा लिएको छु, यो कुरामा अगाडि बढ्छु' भन्नुभयो।

प्रधानमन्त्रीले समिति गठनमा लचकता देखाएपछि कांग्रेस नेताहरू उत्साहित हुँदै बाहिरिएका थिए। बालुवाटारको बैठकलगत्तै सभामुख देवराज घिमिरेले सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा कानुनमन्त्री पदम गिरीसहित दलका प्रमुख सचेतक र सचेतकहरूको बैठक राखेका थिए। बैठकमा कांग्रेसले संसदीय छानबिन समिति नबनी सदन चल्न नसक्ने अडान दोहोऱ्याएको भने एमाले र रास्वपाले व्यक्तिलक्षित संसदीय छानबिन समिति आवश्यक नरहेको तर्क गऱ्यो। दुवै पक्ष आ-आफ्नो अडानमा रहँदा बैठक कुनै निष्कर्षमा पुग्न सकेन। सभामुख घिमिरेले सहमति गरेर अगाडि बढ्न दलहरूलाई अनुरोध गरेका थिए। 'नीति तथा कार्यक्रम सरकारबाटै आउँछ, राष्ट्रपतिको कार्यक्रम हो। राष्ट्रपति व्यक्ति होइन, संस्था हो। राष्ट्रपति विवाद आउने गरी दलहरूले अप्ठ्यारो गर्नुहुँदैन,' उनले भने, 'सहमति गरौं, सहमतिबाटै अगाडि बढौं। अरू विषयमा पनि गरौं। तर, नीति तथा कार्यक्रमा भन् छिटो गरौं।' विगतमा सदन अवरोध हुँदा बजेट अध्यादेशबाट ल्याइएको भन्दै सभामुख घिमिरेले बिसर्नलायक घटनालाई फेरि स्मरण नल्याउँ र पुनरावृत्ति नहुने वातावरण बनाउन दलहरूको ध्यानाकर्षण गराए।

कानुनमन्त्री गिरीले दुवै पक्ष आ-आफ्नै अडानमा रहेको र थप छलफलको आवश्यकता रहेको बताए। समग्र सहकारीका समस्या समाधानका लागि जुनसुकै कदम चाल्न सरकार गम्भीर रहेको भन्दै गिरीले व्यक्तिकेन्द्रित समिति बनाउने कुरा उपयुक्त नभएको बताए। सदनको गतिरोध हटाउन प्रधानमन्त्रीले सोमबार दलका नेता तथा सचेतकहरूसँग थप छलफल गर्ने उनले जानकारी दिए।

कांग्रेस प्रमुख सचेतक लेखकले सदनलाई निकास दिने मुख्य भूमिका प्रधानमन्त्रीको भएको बताए। 'सोमबार दिउँसोसम्म सरकारले संसदीय छानबिन समिति गठन गर्ने विषयलाई अगाडि ल्याउँछ भन्ने विश्वास छ। समिति गठनका लागि तयार नभए प्रमुख प्रतिपक्षीले कठोर निर्णय लिन्छ,' उनले भने। सदन अगाडि बढ्ने कुरा सरकारको भूमिकामा निर्भर रहेको उनको भनाइ थियो। 'हामीले संसदीय समिति छानबिनको अडान सभामुखसमक्ष पनि दोहोऱ्याएका छौं। सरकारले कसरी डिल गर्छ त्यसमा भर पर्छ। प्रधानमन्त्रीले कुन मार्गबाट निकास दिनुहुन्छ। त्यो उहाँको काम हो,' लेखकले भने। एमाले प्रमुख सचेतक महेश बर्तौलाले संसदीय छानबिन समिति गठनको माग संविधान र कानुनसम्मत नरहेको जिकिर गर्दै सरकार तयार हुँदैमा बन्न नसक्ने तर्क गरे। सरकारले संसद्लाई समिति बनाऊ भनेर निर्देशन दिन नसक्ने भन्दै उनले सभामुख राजी हुनुपर्ने जिकिर गरे।

संक्षेप

बाटो हिंड्दा कुम ठोक्किएको विवादमा युवकको हत्या

काठमाडौं/ बाटो हिंड्ने क्रममा कुम ठोक्किएको विषयमा विवाद हुँदा शनिबार साँझ काठमाडौंमा एक युवकको हत्या भएको छ। मोरङ शनिश्चरे स्थायी घर भई काठमाडौं गौशाला बस्ने २४ वर्षीय शम्भु धिमालको चक्कु प्रहारबाट हत्या भएको हो। प्रहरीका अनुसार धिमाल आफ्ना साथी मनीष चौधरीसँग साँझ घुम्न डेराबाट निस्किएका थिए। बत्तीसपुतलीमा अर्को दिशाबाट चारजना नाबालक आइरहेका थिए। जसमध्ये एकसँग उनको कुम ठोक्किएपछि झगडा भएको थियो। त्यही क्रममा उनीमाथि छुरा प्रहार भएको हो। उपचारका लागि सिनामंगलस्थित केएमसी अस्पताल पुऱ्याउँदा उनको मृत्यु भइसकेको थियो। हत्यामा संलग्न चारजनालाई प्रहरीले घटनाको केही घण्टामै पक्राउ गरेको थियो। 'हिंड्दा कुम ठोक्किएको सामान्य विषयमा विवाद हुँदा चक्कु प्रहार गरेको देखिन्छ,' जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक नवराज अधिकारीले भने, 'पक्राउ परेकाहरू सबै १८ वर्षभन्दा कम उमेरका छन्।'

आरोपीहरूले मदिरासमेत सेवन गरेका थिए। तिश्रद्दलगंगा क्षेत्रमा बस्ने उनीहरू साँझ घुम्न भनेर बत्तीसपुतलीतर्फ आएका थिए। उनीहरू सबै स्कुल तहका विद्यार्थी हुन्। मदिराको नशा र रिसको आवेगका कारण सामान्य विवादमा हत्या भएको प्रहरी अधिकारीहरू बताउँछन्। प्रहरी वृत्त गौशालाका डिएसपी केशव थेबेका अनुसार हत्यामा प्रयोग भएको चक्कुसमेत बरामद भएको छ। घटनामा संलग्नलाई राति ११ बजे विजयचोक तथा तिलगंगा क्षेत्रबाट पक्राउ गरिएको उनले जानकारी दिए। धिमाल बाबुसँग गौशालामा डेरामा बस्दै आएका थिए। ११ कक्षा पढेर छाडेका उनले बुबालाई क्यान्टिनमा सघाउँदै आएका थिए।

युरोप र क्यानडा पठाउने भन्दै ठग्ने पक्राउ

काठमाडौं/ आकर्षक तलबसहित युरोप तथा क्यानडामा वैदेशिक रोजगारीमा पठाउने प्रलोभन देखाई विभिन्न देश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा चारजनालाई प्रहरीले पक्राउ गरेको छ।

मकवानपुर घर भई काठमाडौं आरुबारी बस्ने ३० वर्षीय निमा रिन्जिन, ललितपुर महानगरपालिका- ९ इमाडोल बस्ने ५५ वर्षीय प्रकाश बज्राचार्य, ५६ वर्षीया कल्पना बज्राचार्य र रामेछाप मन्थली नगरपालिका- ९ घर भई काठमाडौं जोरपाटी बस्ने ३४ वर्षीया चन्द्रमाया थापा कार्कीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको हो। पक्राउ परेकामध्ये निमाले बेलायत पठाइदिन्छु भन्दै १० जना पीडितबाट ५६ लाख ५० हजार रुपैयाँ, प्रकाश र कल्पनाले क्यानडा पठाइदिन्छु भन्दै दुईजनाबाट १५ लाख रुपैयाँ ठगी गरेका थिए। चन्द्रमायाले स्पेन पठाइदिन्छु भन्दै एकजनाबाट दुई लाख रुपैयाँ ठगी गरेको उजुरी परेको छ।

सुन तस्करीमा संलग्न बस्नेत समातिए

काठमाडौं/ वैदेशिक रोजगारीबाट फर्किने कामदारलाई प्रयोग गरी सुन तस्करीमा संलग्न सुनसरी रामधुनी नगरपालिका- ७ का ३२ वर्षीय जीवन बस्नेत पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले टोलीले ५० ग्राम सुन र एउटा आइफोनसहित उनलाई पक्राउ गरेको हो। बिहीबार प्रहरीले सुनसरी धरान उपमहानगरपालिका- ५ बस्ने विजयकुमार लिम्बूलाई ५० ग्राम सुनसहित पक्राउ गरेको थियो। उनीमाथि थप अनुसन्धान गर्ने क्रममा बस्नेतको समेत संलग्नता खुलेपछि उनलाई समेत पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका एसपी रवीन्द्र रेग्मीले बताए। कतारबाट सुन ल्याउनेलाई १६ हजार तथा विमानस्थलबाट सम्बन्धित व्यक्तिसँग पुऱ्याइदिएबापत पाँच हजार रुपैयाँ दिने गरेको अनुसन्धानमा खुलेको छ। पक्राउ परेकामाथि विस्तृत अनुसन्धान गर्न प्रहरीले विमानस्थल भन्सार कार्यालयलाई जिम्मेवारी दिएको छ।

श्रीमतीको हत्या गरी आत्महत्या

सल्यान/ वनगाड कुपिन्डे नगरपालिका- ४, देउलीका ३४ वर्षीय मनोज बुढाले श्रीमती कमला बुढाको हत्या गरी आत्महत्या गरेका छन्। आइतबार बिहान साढे ५ बजेतिर उनले श्रीमतीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। प्रहरीका अनुसार आफ्ना सन्तानसँगै सुतिरहेको अवस्थामा धारिलो हतियार प्रयोग गरी बुढाले श्रीमती कमलाको हत्या गरेका थिए। श्रीमतीको हत्यापछि उनले आफ्नै घरपछाडि गई झुन्डिएर आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नवीन कार्कीले जानकारी दिए।

बुढामा मानसिक समस्या रहेको र उनले नियमित औषधि सेवन नगर्दा अकल्पनीय घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको उनको भनाइ छ। मानसिक समस्या देखिएपछि केही महिनाअघि मात्र बुढा नेपालगन्जमा उपचार गरी फर्किएका थिए। आमाबुबा दुवैको मृत्यु भएपछि साना बालबालिकाको बिचल्ली भएको छ। बुढाका नौ वर्षीय छोरा, पाँच वर्षीया छोरी र १६ महिनाको छोरा छन्।

फेवातालबाट जलकुम्भी निकाल्न ४० जनालाई रोजगारी

कास्की/ वातावरण संरक्षणका लागि महाअभियान कास्कीले पोखरा महानगरपालिकासँगको सहकार्यमा आइतबारदेखि फेवाताल सफाइ अभियान सुरु गरेको छ। सफाइको पहिलो दिन १५ ट्रकभन्दा बढी जलकुम्भी झार तालबाट निकालिएको महाअभियान कास्कीका संयोजक रामबहादुर पौडेलले बताए।

जलकुम्भी झारका कारण ताल कुरूप बनेपछि सफाइ अभियान सुरु गरिएको हो। बर्सान सुरु भएसँगै प्रत्येक वर्ष जलकुम्भीका कारण फेवाताल कुरूप देखिने गरेको छ। आइतबार पोखरा महानगरपालिका- १८ खपौदी ढल्केबरबाट जलकुम्भी सफाइ अभियान सुरु गरिएको पौडेलले जानकारी दिए।

अभियानको पहिलो दिन सशस्त्र प्रहरी, नेपाली सेनाको कृष्णदल गण र रणचण्डी गण, महानगरीय प्रहरी, वातावरण संरक्षणकर्मी अभियन्ता, पर्यटन



व्यवसायी, आमा समूह, नागरिक समाज, रेवान पोखरासँगै विभिन्न संघसंस्थाका प्रतिनिधिसहित करिब हजारजनाको सहभागिता थियो।

वर्षा सुरुसँगै फेवातालको माथिल्लो तटीय क्षेत्रबाट बगेर आउने जलकुम्भी झारलाई नियन्त्रण गर्न अभियान सुरु भएको हो। पहिलो दिन भकुन्डे क्षेत्रबाट १५ ट्रक जलकुम्भी झार निकालिएको संयोजक पौडेलले बताए।

पोखरा महानगरपालिकाले सोमबारदेखि स्थानीय जलारी समुदायका ४० जनालाई सफाइका लागि खटाउने भएको छ। महानगरपालिकाका प्रमुख धनराज आचार्यले उनीहरूलाई दैनिक ज्यालादारीमा खटाइने जानकारी दिए। 'एक जलारी घर एक रोजगारी कार्यक्रम'अन्तर्गत दुई हप्तासम्म बिहान ८ दिउँसो ३ बजेसम्म काम गर्ने गरी सफाइ कार्यमा उनीहरू खट्नेछन्,' उनले भने। माथिल्लो क्षेत्रबाट बगेर आउने जलकुम्भी झारका कारण वर्षाको समय फेवाताल कुरूप देखिने भएकाले यसपटक समयमै यसको स्रोतमै व्यवस्थापन गर्ने गरी उनीहरूलाई खटाइएको उनको भनाइ छ। फेवातालपछि बेगनास र अन्य तालमा समेत अभियान क्रमशः सञ्चालन गरिने भएको छ।

नदीमा डुबेर दुई बालबालिकाको मृत्यु

धनगढी/ कैलालीमा नुहाउने क्रममा नदीमा डुबेर दुई बालबालिकाको मृत्यु भएको छ। कैलारी गाउँपालिका- ८, लोहरपुरस्थित तेडी बाँधमा आइतबार दिउँसो नुहाउने क्रममा डुबेर सात वर्षीय अनिल खड्का र १३ वर्षीय दुर्गा साउदको मृत्यु भएको प्रहरीले जनाएको छ। डुबेर गम्भीर अवस्थामा पुगेकी साउदलाई उपचारका लागि अस्पताल ल्याउने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरस्वती अधिकारीले बताइन्। प्रहरीका अनुसार उनलाई स्थानीयले उद्धार गरेका थिए। खड्काको नहरमै मृत्यु भएको प्रहरीले जनाएको छ।

गाविसलाई एउटै वडा बनाउँदा सेवाग्राहीलाई सास्ती

एउटै वडाका तीन कार्यालय, भौगोलिक विकटताले समस्यामा चुलाचुलीका वडावासी

दशमी (इलाम)मा **चिरञ्जीवी घिमिरे**

राज्य पुनर्संरचनाका क्रममा इलामको तत्कालीन साकफारा गाविसलाई चुलाचुली गाउँपालिकामा गाभियो। मावा खोला पश्चिममा रहेको यो ठाउँको सिमाना दक्षिणमा मोरङको मिक्लाजुङसँग छ। उत्तरमा पाँचथरको मिक्लाजुङ, धनकुटाको राजारानीसम्म छुन्छ। विगतमा नौवटा वडा रहेको साकफारालाई एउटै वडामा गाभ्दै चुलाचुली गाउँपालिकाको वडा नम्बर ६ बनाइयो। तर, भौगोलिक विकटताका कारण वडा ठूलो हुँदा यहाँका नागरिकलाई झनै सास्ती खेप्नुपरेको छ। संघीयताले शक्तिलाई तहगत विभाजन गरे पनि चुलाचुली- ६ का स्थानीय 'गाउँको सिंहदरबार'को पहुँचमा पुग्न अझै सकेका छैनन्।

एउटै वडाको तीनवटा कार्यालय सञ्चालन गर्नुपर्ने बाध्यता चुलाचुली- ६ लाई आइपरेको छ। 'धान फल्ने चुरेको फेदीदेखि हिउँ पर्ने उच्च पहाड भएको वडा छ। भौगोलिक हिसाबले साह्रै दुःख पाइयो,' चुलाचुली- ६ का वडाध्यक्ष दिलकुमार राईले भने, 'भौगोलिक विकटताका कारण तीनवटा वडा कार्यालय सञ्चालन गर्नुपरेको छ।' वडा कार्यालयले चुरेको तल्लो क्षेत्रका लागि तोरीबारीमा सम्पर्क कार्यालय राखेको छ। कार्यालय गाउँपालिकाले आफैं बनाएको पक्की भवनमा छ। त्यहाँ वडा सचिवसहित तीन कर्मचारी बस्छन्। दुईजना दैनिक ज्यालादारीमा रहेको वडाध्यक्ष राईले बताए।

माथिल्लो क्षेत्र दशमी र तोरीबारीको बीचमा पर्ने रमितेमा पनि गाउँपालिकाले एकतले पक्की वडा कार्यालय बनाएको छ। यद्यपि, त्यहाँ संरचना मात्र निर्माण भएको छ। जनशक्ति अभावले सम्पर्क कार्यालय भने सञ्चालन गर्न सकेको छैन। जसकारण फुडनाम, साकफारा, रमितेलगायत क्षेत्रका नागरिकले तीन घण्टा यात्रा गरेर दशमीमा रहेको वडा कार्यालय वा तोरीबारीस्थित वडा सम्पर्क कार्यालय जानुपर्ने बाध्यता छ। वडाले दशमीमा मुख्य वडा कार्यालय चलाएको छ। वडाको माथिल्लो क्षेत्रमा पर्ने दशमीकै स्थानीय हुन्, वडाध्यक्ष राई। तसर्थ, त्यहाँको वडा कार्यालयमा वडाध्यक्ष भेटिन्छन्। वडा कार्यालयमा एकजना कार्यालय सहयोगी र दुई प्राविधिक कर्मचारी मात्र छन्। प्राविधिक कर्मचारी गाउँ डुल्छन्। वडाध्यक्षलाई तलमाथि गर्दै समय बित्छ। वडा कार्यालयमा कार्यालय सहयोगी मात्र भेटिन्छन्।



तोरीबारीमा रहेको चुलाचुली- ६ को वडा सम्पर्क कार्यालय।

प्रायः दशमीको वडा कार्यालय सुनसान देखिन्छ। वडासचिव कहिलेकाहीं मात्र आइपुग्छन्। वडासचिव नियमित नहुँदा नागरिकका काम गर्न भने सकस छ। 'वडा कार्यालय त छ, तर कर्मचारी हुँदैनन्। सबै काम वडाध्यक्षबाट हुँदैन। वडासचिवबाट हुने काम गर्न त समस्या नै छ,' दशमीकी स्थानीय कल्पना तामाङले भनिन्, 'वडासचिवबाट हुने काम गर्नका लागि यहाँबाट सबै काम गरेर सही (हस्ताक्षर) गर्न तल (तोरीबारी) जानुपर्छ। हिउँदमा त बाइकमा दुई घण्टामा जसोतसो पुगिन्छ। बर्खा लागेपछि त दिनभरिमा पुग्न पनि मुस्किल हुन्छ। पछिल्लो दुई वर्षमा एक-दुईपटक मात्र यहाँ वडासचिव देखिए।'

जनशक्ति अभावले जनताका काम चाहेअनुसार गर्न नसकिएको वडाध्यक्ष राईले बताए। 'जनताकै सुविधाका लागि तीनवटा वडा कार्यालय बनायौं। तर, जनशक्ति नहुँदा काम गर्न सकिएन,' उनले भने, 'तल (तोरीबारी) र माथि (दशमी)को काम गर्न कुदा-कुदै अरू काम त गर्न भ्याइँदैन। भूगोलले समस्या भएको छ।'

०७९ को निर्वाचन र गत १५ वैशाखमा भएको इलाम २ को उपनिर्वाचनमा मत माग्न पुगेका उम्मेदवारलाई स्थानीयवासीले वडा टुक्र्याउने प्रस्ताव पनि राखेका थिए।

एउटा वडा ठूलो हुँदा अपेक्षाअनुसार काम हुन नसकेको भन्दै चुलाचुली- ६ लाई दुईवटा वडा बनाउन पहल गरिदिन नेता र जनप्रतिनिधिलाई आग्रह गर्दै आएको चुलाचुली- ६ फुडनामका गोपाल श्रेष्ठले बताए। 'राज्य पुनर्संरचनाको समयमा तत्कालीन साकफारा गाविसलाई माडसेबुङ गाउँपालिका या चुलाचुलीमा मिसाउने भन्ने बहस थियो। हामी तराईसँग जोडिने भएकाले चुलाचुली जान चाह्यौं। तर, साकफारालाई कतिवटा वडा बनाउने भन्ने कुनै छलफल गरिएन। यति ठूलो गाविसलाई एउटै बनाउँदा अहिले पछुताएका छौं,' उनले भने, 'यहाँका जनताले सहज रूपमा सेवा पाउन सकेका छैनन्।



■ दिलकुमार राई
वडाध्यक्ष, चुलाचुली-६

धान फल्ने चुरेको फेदीदेखि हिउँ पर्ने उच्च पहाड भएको वडा छ। भौगोलिक हिसाबले साह्रै दुःख पाइयो। भौगोलिक विकटताका कारण तीनवटा वडा कार्यालय सञ्चालन गर्नुपरेको छ।

वडालाई दुईवटा बनाउन पटक-पटक डेलिगेसन जाँदा पनि सरकारले जनताको माग सम्बोधन नगरेको दशमीकी शान्तिकला राई बताउँछिन्। 'दुईवटा वडा हुँदा यहाँका नागरिकले दुःख पाउँदैन थिए। हामीले पटकपटक सरकारलाई भन्यौं, तर सुनेन,' उनले भनिन्।

मोरङको मिक्लाजुङस्थित मधुमल्लासँग जोडिएका तोरीबारीवासीको माग पनि दुईवटा वडा बनाउनुपर्नेछ। चुलाचुली- ६ कै सुगम मानिएको यहाँका स्थानीय पनि वडा ठूलो हुँदा सास्ती व्यहोर्नुपरेको बताउँछन्। 'वडालाई दुईवटा बनाउन माग गर्दै आएका छौं। यो काम स्थानीय तहका जनप्रतिनिधिबाट मात्र नहुने रहेछ,' चुलाचुली- ६ तोरीबारीका जितबहादुर मगरले भने, 'वडाध्यक्ष दशमी बस्नुहुन्छ। भनेको वेलामा भेट्न पनि सकिँदैन। कतिपय काम वडाध्यक्षको हस्ताक्षरले मात्र हुन्छ। त्यस्तो वेलामा पर्खेर बस्न बाध्य छौं।'

वडाध्यक्ष राई आफूहरूले पनि दुईवटा वडा बनाउन माग गर्दै आएको बताउँछन्। 'दुईवटा वडा हुँदा विकास निर्माणले गति लिन्थ्यो।

'एमाले दक्षिणपन्थी अवसरवादी, माओवादीसँग मित्रतापूर्ण सम्बन्ध'

नयाँ पत्रिका

सत्तारूढ एकीकृत समाजवादीले एमालेलाई दक्षिणपन्थी अवसरवादी चरित्र भएको पार्टीका रूपमा व्याख्या गरेको छ। आगामी महाधिवेशनमा प्रस्तुत गरिने अध्यक्ष माधवकुमार नेपालको राजनीतिक प्रतिवेदनमा संविधान र लोकतन्त्रलाई मास्न पनि बेर नलगाउने पार्टीका रूपमा एमालेलाई चित्रित गरिएको छ।

व्यक्तिवादलाई विचार तथा संगठनको आधार बनाएको हुँदा एमालेको आन्तरिक सामूहिक जीवन तहसनहस भएको र बाह्य अभिव्यक्तिका रूपमा मुलुकको लोकतान्त्रिक प्रक्रियाका विरुद्धसमेत खडा हुने गरेको प्रतिवेदनमा उल्लेख छ। 'एमाले दक्षिणपन्थी अवसरवादी चरित्रको कम्युनिस्ट पार्टी हो। यसको वर्ग अडान स्पष्ट छैन। दलाल पुँजीपति वर्गसँगको लसपसले गर्दा यसको नेतृत्व तीव्र गतिमा दक्षिणपन्थी अवसरवादमा डुब्दै गएको छ। व्यक्तिवादलाई विचार तथा संगठनको आधार बनाएको हुँदा यसको आन्तरिक सामूहिक जीवन तहसनहस भएको छ र त्यसको बाह्य अभिव्यक्तिका रूपमा मुलुकको लोकतान्त्रिक प्रक्रियाका विरुद्धसमेत खडा हुने गरेको छ। विगतको व्यवहारलाई हेर्दा यसले आफ्नो स्वार्थका निम्ति संविधान र लोकतन्त्रलाई मास्न पनि बेर लाउँदैन भन्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

अर्को सत्तारूढ दल माओवादीप्रति भने राजनीतिक उपलब्धिको रक्षाका लागि तत्पर रहेकाले मित्रतापूर्ण सम्बन्ध रहेको प्रतिवेदनमा औंल्याइएको छ। 'मित्रतापूर्ण सम्बन्ध छ। यसका कैयन् कार्यशैलीगत कमजोरीको मित्रवत् आलोचना गर्दै तिनलाई हटाउन जोड दिनुपर्छ,' प्रतिवेदनमा उल्लेख छ।



माधव नेपालको राजनीतिक प्रतिवेदन

■ कांग्रेस नवउदारवादको पक्षपोषक

रास्वपा पुँजीपति वर्गचरित्रको पार्टी भएको तर दर्शन, सिद्धान्त, विचार र कार्यदिशा केही पनि स्पष्ट नभएको प्रतिवेदनमा औंल्याइएको छ। जसपा प्रजातान्त्रिक समाजवादी सिद्धान्त अँगालेको पार्टी भएको उनको निष्कर्ष छ।

अध्यक्ष नेपालले कांग्रेसलाई पुँजीपति वर्गचरित्रको पार्टी भएको बताएका छन्। नवउदारवादको पक्षपोषक गर्ने कांग्रेसले केही हदसम्म दलाल पुँजीपति वर्गको समेत प्रतिनिधित्व गर्ने उनको दाबी छ। प्रजातान्त्रिक समाजवादको वकालत गर्ने र लोकतन्त्र प्राप्तिको संघर्षमा सकारात्मक भूमिका निर्वाह गरेको कांग्रेस संविधान र लोकतन्त्रको रक्षाप्रति प्रतिबद्ध रहेको नेपालले औंल्याएका छन्।

'कांग्रेस पुँजीपति वर्गचरित्रको पार्टी हो। नवउदारवादको पक्षपोषण गर्ने यो पार्टीले केही हदसम्म दलाल पुँजीपति वर्गको समेत हित प्रतिनिधित्व गर्दछ। प्रजातान्त्रिक समाजवादको वकालत गर्ने र लोकतन्त्र प्राप्तिको संघर्षमा सकारात्मक भूमिका निर्वाह गरेको यो पार्टी संविधान र लोकतन्त्रको रक्षाप्रति प्रतिबद्ध रहेको छ,' राजनीतिक प्रतिवेदनमा भनिएको छ।

राप्रपालाई नेपालले सामन्ती तथा दलाल नोकरसाही पुँजीपति वर्गचरित्रको पार्टीको संज्ञा दिएका छन्। समाजमा अवशेषका रूपमा रहेको सामन्ती पछौटे एवं लम्पट चिन्तनको प्रतिनिधित्व गर्ने नेपालले दाबी गरेका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएको लै सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानतकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) कर्णाली प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतमा प्रा.फ.र.नं. ११३४९/०७७/७८ स्थानीय व्यापार अन्तर्गत मिति २०७७/०५/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १० स्थित **न्यू राधिका सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: सुरेन्द्र कुमार मल्ल** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : धन बहादुर मल्ल बाजे : कलम बहादुर मल्ल	**२) सुरेन्द्र कुमार मल्ल** स्थायी ठेगाना : सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ४ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : धन बहादुर मल्ल बाजे : कलम बहादुर मल्ल
	धितोको विवरण	जमानीकर्ताको विवरण
	१) लोग बहादुर शाहीकी छोरी, धन बहादुर मल्लकी बुहारी, सुरेन्द्र कुमार मल्लकी पत्नी, कैलाली जिल्ला, सुगुरखाल गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १० बस्ने राधिका शाहीको नाममा मालपोत कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको लगातमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटिकोईली गा.वि.स. वडा नं. ३/ख स्थित किता नं. ६१०९ को क्षेत्रफल ४२३.२५ (व.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) न्यू राधिका सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	**राधिका शाही (मल्ल)** ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. १० बाबु : लोग बहादुर शाही ससुरा : धन बहादुर मल्ल पति : सुरेन्द्र कुमार मल्ल
२)	ऋणीको विवरण	जमानीकर्ताको विवरण
	हकिमा खातुन स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास गा.वि.स. वडा नं. ११ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : इसुफ मिंया ससुरा : अलि हुसेन पति : राजु हुसेन	**राजु हुसेन मिया** स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. २ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : अली हुसेन बाजे : अब्बास अलि हुसेन
	धितोको विवरण	
	अलि हुसेनकी बुहारी, राजु हुसेनकी पत्नि, तनहुँ जिल्ला, व्यास गा.वि.स. वडा नं. ११ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बस्ने हकिमा खातुनको नाममा मालपोत कार्यालय तनहुँको लगातमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९२४ स्थित किता नं. १४४१ र १६३९ को क्षेत्रफल क्रमश: ०-२-२-२ र ०-५-१-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	
३)	ऋणीको विवरण	धितोको विवरण
	पविन गुरुङ स्थायी ठेगाना : तनहुँ जिल्ला, क्यामिन गा.वि.स वडा नं. ६ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : रुद्र वहादुर गुरुङ बाजे : हस्त वहादुर गुरुङ	हस्त वहादुर गुरुङको नाति, रुद्र वहादुर गुरुङको छोरा, तनहुँ जिल्ला, क्यामिन गा.वि.स वडा नं. ६, स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बस्ने पविन गुरुङको नाममा मालपोत कार्यालय तनहुँको लगातमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स. वडा नं. ९ठ स्थित किता नं. ३००० को क्षेत्रफल ०-८-०-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।
	जमानीकर्ताहरुको विवरण	
	१) नविन गुरुङ स्थायी ठेगाना : तनहुँ जिल्ला, क्यामिन गा.वि.स वडा नं. ६ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : रुद्र वहादुर गुरुङ बाजे : हस्त वहादुर गुरुङ	**२) इना थापा मगर** स्थायी ठेगाना : तनहुँ जिल्ला, भानु गा.वि.स. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : सन्त बहादुर थापा मगर ससुरा : रुद्र वहादुर गुरुङ पति : पविन गुरुङ
	३) सिता गुरुङ स्थायी ठेगाना : तनहुँ जिल्ला, क्यामिन गा.वि.स वडा नं. ६ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : देउ वहादुर गुरुङ ससुरा : हस्त वहादुर गुरुङ पति : रुद्र वहादुर गुरुङ	**४) मनु गुरुङ** स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ८ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ३ बाबु : शुक वहादुर गुरुङ ससुरा : रुद्र वहादुर गुरुङ पति : नविन गुरुङ
४)	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
	शशि किशोर सहनी स्थायी ठेगाना : रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ६ बाबु : बेनीलाल सहनी बाजे : रामाशिष सहनी मलाह तथा **रामाशिष सहनी मलाह** स्थायी ठेगाना : रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ६ बाबु : जितन सहनी बाजे : माझी सहनी मलाह	**१) बेनीलाल सहनी** स्थायी ठेगाना : रौतहट जिल्ला, बगाही गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ६ बाबु : रामाशिष सहनी मलाह बाजे : जितन सहनी
		२) चम्पा देवी स्थायी ठेगाना : रौतहट जिल्ला, बगाही गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ६ बाबु : देवन सहनी ससुरा : रामाशिष सहनी मलाह पति : बेनीलाल सहनी
	धितोको विवरण	
	माझी सहनी मलाहको नाति, जितन सहनी मलाहको छोरा, रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, कटहरीया न.पा. वडा नं. ६ बस्ने रामाशिष सहनी मलाहको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, बगाही गा.वि.स. वडा नं. ६/ख (हाल कटहरीया न.पा. वडा नं. ६) स्थित किता नं. ७४० को क्षेत्रफल ०-१-९$^{१/२}$ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

Mandali Secondary School (Technical School)
Phulkharka, Dhading, Bagmati Province, Nepal

Invitation for Bids

First Date of Publication: 13 May 2024

1) Mandali Secondary School (Technical school) invites electronic bids from Nepalese eligible bidders for the Construction of three classes and three storey building of mandali secondary school (technical school).

S. No	Contract No.	Name Of The Project	Estimated Amount (With VAT and PS) Nrs.	Bid Security (Nrs)	Cost of Bid Nrs.	Specific Experience
1	GRM/ DHADING/ 15/080-81	Construction of three classes and three story building of mandali secondary school (technical school).	1,16,98,633/–	3,27,000/-	3,000/-	refer.www. bolpatra. gov.np/egp

2) Eligible Bidders may obtain further information by visiting PPMO website:**www.bolpatra.gov.np/egp**

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१- ४५२३४३२/३२/३४/३६

शाखा कार्यालय: बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.: ०११- ६६०७०१/११

को

केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी पुन: ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/३१ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) र ७ (सात) दिने अत्यन्त जरुरी सूचनाहरु विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना पुन: प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०१/०३ मा दर्ता नं. १८७७२३/७४/०७५ कायम भई दर्ता भएको भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५, सल्लाघारी स्थित **पि.बि. पोल्ट्री प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. आशा लाल अमात्यको नाति, जिवन लाल अमात्यको छोरा, ललितपुर जिल्ला, ललितपुर न.पा./म.न.पा. वडा नं. १४, स्थित स्थायी ठेगाना भएको **सेरीन अमात्य (ना.प्र.प.नं. २८-०१-०६५-०००३६, ललितपुर)**
२. बुद्धि मान सुवालको नाति, शेर बहादुर सुवालको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा./म.न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **गंगा प्रसाद सुवाल (ना.प्र.प.नं. २९ ७७८, भक्तपुर)**
३. मोती बहादुर पाण्डेको नाति, नेत्र बहादुर पाण्डेको छोरा, चितवन जिल्ला, कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **भरत बहादुर पाण्डे (ना.प्र.प.नं. ५५४७, चितवन)**
४. जगत बहादुर श्रेष्ठको नाति, हरि प्रसाद श्रेष्ठको छोरा, भक्तपुर जिल्ला, दधिकोट गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **मदन श्रेष्ठ (ना.प्र.प.नं. १२५५७, भक्तपुर)**
५. दिगो नारायण वाटांकछीको नाति, गणेश बहादुर वाटांकछीको छोरा, भक्तपुर जिल्ला, भक्तपुर न.पा./म.न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **गणेश मान वाटांकछी (ना.प्र.प.नं. ४५५/०३८, भक्तपुर)**
६. चन्द्र लाल श्रेष्ठको नाति, शान्त प्रकाश श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, थानकोट गा.वि.स/.न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **सुरेश प्रकाश श्रेष्ठ (ना.प्र.प.नं. ९३६६, काठमाण्डौ)**
७. प्रेम बहादुर बस्नेतको नाति, हरि बहादुर बस्नेतको छोरा, भक्तपुर जिल्ला, दधिकोट गा.वि.स/न.पा. वडा नं. ९, स्थित स्थायी ठेगाना भएको **नबराज बस्नेत (ना.प्र.प.नं. २९ ९३७, भक्तपुर)**
८. चन्द्र लाल श्रेष्ठको नाति, शान्त प्रकाश श्रेष्ठको छोरा, काठमाण्डौ जिल्ला, थानकोट गा.वि.स/.न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **उमेश प्रकाश श्रेष्ठ (ना.प्र.प.नं. ११२४४, काठमाण्डौ)**
९. मन लाल श्रेष्ठको नाति, वुद्धि बहादुर श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर न.पा./म.न.पा. वडा नं. १२, स्थित स्थायी ठेगाना भएको **रविन्द्र बहादुर श्रेष्ठ (ना.प्र.प.नं. ५८२०/२८१५-०३६/३७, ललितपुर)**

धितोमा रहेको सम्पतिको विवरण

१. **पि.बि.पोल्ट्री प्रा.लि.** को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगातमा दर्ता श्रेस्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, पांचखाल गा.वि.स./न.पा. वडा नं. ५ (सिट नं. ५) स्थित किता नं. ४६७, ४६६, १०७१ र १०६८ को क्रमश : क्षेत्रफल ९-१०-२-०.२५, ६-६-२-०.७५, ०-४-०-३ र ०-१४-२-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पुर्ण लिग लगापात समेत।
२. **यस बैंकको** हितमा गरिएका मौज्दात (Stock), लेना रकम (Account Receivables), प्लान्ट (Plant) र मेसिनरी (Machinery) को हाइपोथिकेशन तथा चल अचल सम्पति र अमुर्त सम्पति माथिको हक समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०१/३१ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०२/०६ गते आइतबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०२/०७ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वत: जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।
९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकमा सम्पर्क राख्री बुझ्न सकिनेछ।

मुख्यमन्त्री कार्कीले आज विश्वासको मत लिँदै

नयाँ पत्रिका

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार विश्वासको मत लिँदै छन् । २६ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले नियुक्तिको छैटौँ दिनमै विश्वासको मत लिन लागेका हुन् ।

विश्वासको मतका लागि सरकारको सिफारिसमा कोशी प्रदेश प्रमुख परशुराम खापुडले प्रदेशसभा बैठक आह्वान गरेका छन् । कोशी प्रदेश सभाका प्रवक्ता गौतमराज अमात्यले मुख्यमन्त्री कार्कीले विश्वासको मत लिने र प्रदेश प्रमुखले सरकार गठनसम्बन्धी पठाएको पत्र वाचन गर्ने विषय सोमबारको कार्यसूचीमा रहेको जानकारी दिए ।



हिक्मतकुमार कार्की



दीर्घबहादुर सोडारी

संविधानको धारा १६८ (५) बमोजिम मुख्यमन्त्री भएका कार्की तेह्रोपटक कोशी प्रदेशको मुख्यमन्त्री बनेका हुन् । केन्द्रमा गठबन्धन परिवर्तन भएसँगै अल्पमतमा परेका पूर्व मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत पनि नलिने र राजीनामा पनि नदिने रणनीति बनाएपछि प्रदेश प्रमुख खापुडले उनलाई अपदस्थ गर्दै हिक्मतलाई नियुक्त गरेका थिए ।

एमाले संसदीय दलका नेता कार्की एमालेका ३९ र माओवादीका १३ सहित ५२ सांसदले हस्ताक्षर गरेपछि मुख्यमन्त्री नियुक्त भएका हुन् । विश्वासको मत लिएपछि चाँडै मन्त्रिपरिषद्लाई पूर्णता दिने उनले बताए । 'सोमबार विश्वासको मत लिने कार्यसूची छ । त्यसपछि मन्त्रिपरिषद् लाई एक हप्ताभित्र पूर्णता दिन्छौं,' मुख्यमन्त्री कार्कीले भने, 'अहिलेलाई माओवादी र एमालेबाट विश्वासको मत दिने प्रतिबद्धता आएको छ । अरू दलले पनि दिनुहुन्छ भन्ने विश्वास छ ।' ९२ सदस्यीय रहेको प्रदेश सभामा बहुमतका लागि ४७ सांसद आवश्यक पर्छ ।

३ जेठमा विश्वासको मत लिने सोडारीको तयारी

धनगढी/ सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारी आगामी ३ जेठमा प्रदेश सभाबाट विश्वासको मत लिने तयारीमा छन् । उनको पार्टी एकीकृत समाजवादीको प्रदेश संसदीय दलका उपनेता प्रकाश रावलले विश्वासको मत लिनेबारे केन्द्रबाट निर्देशन आएको बताए । 'केन्द्रमा गठबन्धनको नेतृत्व पंक्तिमा सहमति भएपछि हामी यहाँ अगाडि बढ्ने हो, प्रधानमन्त्री र हाम्रो पार्टीका अध्यक्षले विश्वासको मत लिन मुख्यमन्त्रीलाई भनिसक्नुभएको छ,' उनले भने, 'मुख्यमन्त्री विश्वासको मत लिने तयारीमा हुनुहुन्छ ।'

एमाले संसदीय दलका प्रमुख सचेतक सुरेन्द्र पालले मुख्यमन्त्रीलाई विश्वासको मत दिनेबारे केन्द्रबाट कुनै निर्देशन आएको आफूलाई जानकारी नरहेको बताए । '३ जेठमा मुख्यमन्त्रीले विश्वासको मत लिने सहमति केन्द्रमा भएको भन्ने सुनिएको छ,' उनले भने, 'पार्टी केन्द्रले गर्ने निर्देशनअनुसार हामी यहाँ अगाडि बढ्छौं ।'माओवादी भने मुख्यमन्त्रीले सक्दो चाँडो विश्वासको मत लिएर सरकारलाई पूर्णता दिनुपर्ने पक्षमा छ । बजेट निर्माणको तयारीमा जुट्नुपर्ने भएकाले विश्वासको मत र मन्त्रिपरिषद् विस्तारको काम चाँडै टुंग्याउनुपर्ने माओवादी संसदीय दलका उपनेता अक्कलबहादुर रावलले बताए । मुख्यमन्त्री सोडारीले गत २० वैशाखमा विश्वासको मत लिन खोजेका थिए, तर एमाले मत दिन तयार नभएपछि विश्वासको मतको प्रयोजनका लागि बोलाइएको प्रदेश सभा बैठक २१ गते सारिएको थियो ।

काभ्रेका अग्निपीडितलाई लायन्स क्लबको राहत

नयाँ पत्रिका

काभ्रेको रोशी गाउँपालिका- ४ सानोपोटाका अग्निपीडितलाई अन्तर्राष्ट्रिय लायन्स क्लब डिस्ट्रिक्ट ३२५ एफ नेपालले राहत वितरण गरेको छ । रोशी उद्योग वाणिज्य संघको समन्वयमा आगोलागी स्थानमै पुगेर करिब साढे दुई लाखभन्दा बढीको राहत वितरण गरिएको हो ।

पीडित परिवारहरूलाई सिरक, डसना, तकिया, तन्ना, तयारी पोसाक, भाँडाकुँडा, त्रिपाल, चिउरा, बिस्कुट, चाउचाउ, ब्रस, मञ्जनलगायतको सामग्री हस्तान्तरण गरिएको छ ।

गत १८ गते सामुदायिक वनमा लागेको आगो बस्तीमा पस्दा १५ घर, १० वटा गोठ र आठवटा चर्पी जलेर नष्ट भएको थियो । दिउँसै आगलागी भएकाले मानव र पशु चौपाया क्षति हुन पाएन । प्रहरीको मुचुल्काअनुसार आगलागीबाट करोडौंको क्षति पुगेको थियो ।

शनिबार रोशी उद्योग वाणिज्य संघका अध्यक्ष मनीष बलको नेतृत्वमा अन्तर्राष्ट्रिय लायन्स क्लब डिस्ट्रिक्ट ३२५ एफ नेपालका संस्थापक अध्यक्ष कृष्णज्योति शाक्यको टोली राहत वितरणमा पुगेको थियो । राहत वितरण गर्दै शाक्यले आगलागीको दुःखद खबर सुन्नेबित्तिकै सहयोग संकलनमा लागेर केही सामग्री लिएर आएको बताए । उद्योग वाणिज्य संघका अध्यक्ष मनीष बलले आगलागीका घटना घटेदेखि नै सहयोग संकलनमा जुटेको बताए ।

प्रविधि आदानप्रदान सम्झौता

काभ्रेपलाञ्चोक/ काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका र जापानस्थित सरोमा सिटी (नगर), होक्काइडोकाबीच दुई नगरको विभिन्न कार्यमा सीप र प्रविधि आदानप्रदानसम्बन्धी सम्झौता भएको छ । सोमबार धुलिखेलमा भएको सम्झौतापत्रमा धुलिखेल नगरप्रमुख अशोक ब्यान्जू र सरोमा नगरप्रमुख हारुटोमो टोकेडाले हस्ताक्षर गरे । सरोमा सिटी प्रमुख टोकेडाको टोली सोमबारै धुलिखेल आइपुगेको थियो ।

सम्झौता कार्यक्रममा संक्षिप्त विचार राख्दै टोकेडाले जापानमा १५ वर्षभन्दा कम उमेर समूहका १० प्रतिशत र ६५ वर्षमाथि उमेर समूहका नागरिकको संख्या ४० प्रतिशत रहेकाले मुलुकका लागि आवश्यक पर्ने युवा जनशक्ति कम हुँदै गएको बताए । 'तर नेपालमा युवा धेरै-रोजगार क्षेत्र थोरै भएकाले दुई देशका दुई नगरको उल्टो तथ्यांकलाई सही रूपमा उपयोग गर्ने गरी आवश्यक युवा जनशक्तिलाई रोजगारका क्षेत्रमा कार्य गर्न सरोमा सिटी तयार छ,' उनले भने । उनले दुई देशका दुई नगर एक-आपसमा मिलेर कार्य गर्न तयार रहेको बताए ।

संखुवासभामा कटुवा पेस्तोलसहित एक पक्राउ

संखुवासभा/ संखुवासभाको चैनपुरमा एक व्यक्ति कटुवा पेस्तोलसहित पक्राउ परेका छन् । जिल्लाको चैनपुर नगरपालिका- १ नुनढाकी लिवाङटारस्थित नैनबहादुर लिम्बूको घरमा अस्थायी रूपमा बस्दै आएका ४२ वर्षीय दिलकुमार चोङवाङ प्रहरीको विशेष सुराकीको आधारमा आइतबार पक्राउ परेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक अशोककुमार जबेगूले बताए । चोङवाङले कटुवा पेस्तोल बोकेर हिँड्ने गरेको सूचना पाएपछि चेकजाँच गरिएको जबेगूले बताए । चोङवाङको स्थायी घर ताप्लेजुङ जिल्ला मायाखोला गाउँपालिका- १ रहेको प्रहरीको भनाइ छ । केही समय अघिदेखि उनी अस्थायी रूपमा नुनढाकीमा बस्दै आएका थिए ।

अभियुक्तलाई मुलुकी अपराध संहिता, २०७४ को हातहतियार तथा खरखजानासम्बन्धी कसुरमा जिल्ला अदालत चैनपुर, संखुवासभामा पेस गरिएको प्रहरीले जानकारी दियो । यस कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

स्रोत नखुलेको करिब सात लाख रुपैयाँसहित युवक पक्राउ

जलेश्वर/ महोत्तरीको मटिहानी-जनकपुर सडकखण्डमा प्रहरीले स्रोत नखुलेको करिब सात लाख रुपैयाँसहित एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाको जनकपुर उपमहानगरपालिका- १ बस्ने २५ वर्षीय अनिस राइन रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए ।

भारतबाट प्र.२-०२-००४प ७१६७ नम्बरको मोटरसाइकलमा चढी पिठ्युँमा झोलामा बोकी मटिहानी हुँदै जनकपुरतिर जाँदै गरेका राइनलाई मटिहानी- ७ स्थित पुलनजिकै खटिएको प्रहरीले शंका लागेर जाँच गर्दा उनको झोलाबाट स्रोत नखुलेको रु. ६ लाख ६८ हजार पाँच सय रुपैयाँ बरामद गरेको हो । प्रहरीले राइनलाई मोटरसाइकलसहित आवश्यक कारबाहीका लागि जलेश्वर भन्सार कार्यालयमा पठाएको छ ।

प्रदेश सरकार

खानेपानी,उर्जा तथा सिंचाई मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन नं. ४

बागमती प्रदेश

मन्थली, नेपाल

सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको र आह्वानको सूचना

प्रकाशित मिति : ०८१/०१/३१

यस कार्यालयको मिति २०८०/०१/०७ गते प्रथम पटक प्रकाशित विद्युतीय सिलबन्दी बोलपत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सिलबन्दी बोलपत्र पेश गर्ने सम्बद्ध सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र दाताको नाम	कबोल अंक (मु.अ.कर समेत) रु.
१	Supply/SQ/RCH/10/080/081	HDPE पाइप आपूर्ति रामेछाप	Nepal Plastics (P). Ltd.,Dharan	१११९१५२
२	Supply/SQ/RCH/11/080/081	HDPE पाइप आपूर्ति रामेछाप	Nepal Plastics (P). Ltd., Dharan	११०७०८३.६
३	Supply/SQ/RCH/12/080/081	HDPE पाइप आपूर्ति रामेछाप	Nepal Plastics (P). Ltd., Dharan	१०१०१६३.५
४	Supply/SQ/RCH/14/080/081	HDPE पाइप आपूर्ति रामेछाप	Nepal Plastics (P). Ltd., Dharan	११५४२०४.६
५	Supply/SQ/RCH/15/080/081	HDPE पाइप आपूर्ति रामेछाप	Nepal Plastics (P). Ltd., Dharan	१२४३७९५.५२
६	Supply/SQ/RCH/18/080/081	HDPE पाइप आपूर्ति दोलखा	Om Panchapuri Industries Pvt. Ltd., Banke	१११२९३४.०६
७	Supply/SQ/RCH/19/080/081	HDPE पाइप आपूर्ति दोलखा	Om Panchapuri Industries Pvt. Ltd., Banke	१०१५१२२.१७
८	Supply/SQ/RCH/20/080/081	HDPE पाइप आपूर्ति दोलखा	Om Panchapuri Industries Pvt. Ltd., Banke	८९३०८८.१६
९	Supply/SQ/RCH/21/080/081	HDPE पाइप आपूर्ति दोलखा	Om Panchapuri Industries Pvt. Ltd., Banke	१०६३४५६.५६
१०	Supply/SQ/RCH/22/080/081	HDPE पाइप आपूर्ति सिन्धुली	Nepal Plastics (P). Ltd., Dharan	११६१७१३.४५
११	Supply/SQ/RCH/24/080/081	HDPE पाइप आपूर्ति सिन्धुली	Nepal Plastics (P). Ltd., Dharan	१२१६५२८.६२
१२	Supply/SQ/RCH/26/080/081	HDPE पाइप आपूर्ति सिन्धुली	Nepal Plastics (P). Ltd., Dharan	११७७१३०.०४
१३	Supply/SQ/RCH/27/080/081	GI पाइप आपूर्ति सिन्धुली	Siddhivinayak Steels Private Limited, Nawalparasi	१३१९२३२.०९
१४	Supply/SQ/RCH/28/080/081	GI पाइप आपूर्ति सिन्धुली	Siddhivinayak Steels Private Limited, Nawalparasi	१३५२८८१.२

डिभिजन प्रमुख

Himalaya Urja Bikas Company Limited

Tinkune, Kathmandu, Nepal
Phone: 01-4111853 / 673 / 674
Email: himalenergy@gmail.com, web: www.himalurja.com.np

Unaudited Financial Result

(For the Period of 3rd Quarter as at Chaitra end 2080, Fiscal Year 2080/081)

Amount in NPR

Particulars	Current Quarter ending	Previous Quarter ending	Crroesponding Previous Year Quarter ending
ASSETS AND PROPERTIES			
Non-Current Assets			
Gross Property, Plant & Equipment	3,725,565,553.59	3,724,951,375.65	3,784,983,019.19
Less: Accumulated Depreciation	(280,731,743.73)	(246,154,515.25)	(140,703,440.55)
Total Non Current Assets	**3,444,833,809.85**	**3,478,796,860.39**	**3,644,279,578.64**
Investment	84,500,000.00	84,500,000.00	98,000,000.00
Current Assets			
Cash & Cash Equivalents	613,874.75	1,295,214.05	1,392,649.38
Trade & Other Advances	122,093,908.95	93,366,878.60	105,737,693.46
Margin and Deposit	174,608.25	174,608.25	2,358,238.75
Total Current Assets	**122,882,391.95**	**94,836,700.90**	**109,488,581.59**
Total Assets	**3,652,216,201.80**	**3,658,133,561.30**	**3,851,768,160.23**
EQUITY & LIABILITIES			
Equity			
Share Capital	990,000,000.00	990,000,000.00	990,000,000.00
Total Share Capital	**990,000,000.00**	**990,000,000.00**	**990,000,000.00**
Reserve & Surplus	(287,826,158.93)	(270,664,851.65)	(60,967,351.73)
Total Equity	**702,173,841.07**	**719,335,148.35**	**929,032,648.27**
Non-Current Liabilities			
Term Loan	2,922,826,315.23	2,908,690,186.07	2,855,669,652.32
Current Liabilities			
Current Liabilities & Payables	27,216,045.51	30,108,226.88	67,065,859.64
Total Current Liabilities	**27,216,045.51**	**30,108,226.88**	**67,065,859.64**
Total Equity & Liabilities	**3,652,216,201.80**	**3,658,133,561.30**	**3,851,768,160.23**

Profit & Loss Account — Amount in NPR

Particulars	Current Quarter ending	Previous Quarter ending	Crroesponding Previous Year Quarter ending
Income From Power Sales	183,101,244.93	138,287,007.63	158,473,332.50
Other Income	66,362,561.03	15,073,807.91	10,024,778.41
Total Income	**249,463,805.96**	**153,360,815.54**	**168,498,110.91**
Less:			
Royalty	3,662,024.90	2,765,740.15	5,069,466.65
Administrative & other direct Expenses	31,235,819.12	22,574,307.99	22,788,844.30
Operating Profit/(Loss)	**214,565,961.95**	**128,020,767.40**	**140,639,799.96**
Less:			
Financial Cost	219,885,094.62	151,325,035.27	83,858,141.45
Depreciation	102,481,355.32	67,904,126.84	101,881,089.48
Profit/(Loss) Before Tax	**(107,800,487.99)**	**(91,208,394.71)**	**(45,099,430.97)**
Current Tax	3,772,398.00	3,203,184.00	-
Deferred Tax	-	-	-
Net Profit/(Loss) Transferred to Reserve & Surplus	**(111,572,885.99)**	**(94,411,578.71)**	**(45,099,430.97)**

Note: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Audhority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३

अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

आ.ब. २०८०-२०८१ को तेश्रो त्रैमासिकको प्रतिवेदन

१. **वित्तीय विवरण:**

क. आ.व. २०८०/०८१ को यस त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाव कितावं मिति २०८१।०१।३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिने छ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमूख वित्तीय अनुपात निम्नानुसार छ ।

प्रतिशेयर आम्दानी	(११.२७०)	**मुल्य आम्दानी अनुपात**	(२५.९९)
प्रतिशेयर नेटवर्थ	७०.९३	**तरलता अनुपात**	४.५२
प्रतिशेयर कुल सम्पत्ती मूल्य	३६८.९१		

२. **व्यवस्थापकीय विश्लेषणः** कम्पनीले निर्माण गरेको अपर खिम्ती-II जलविद्युत आयोजना ७ मे.वा. र उपल्लो खिम्ती जलविद्युत आयोजना १२ मे.वा.को Contingency व्यवस्था अन्तर्गत विद्युत विक्री भइरहेको छ । लेखापरिक्षण गर्ने क्रममा नितिगत परिवर्तन भएको कारणले गर्दा सोही अनुसार सुधार गरिएको छ । कम्पनीले हकप्रद शेयर निश्कासनको लागी धितोपत्र बोर्डमा निवेदन दिएकोमा हाल स्विकृतको प्रक्रीयामा रहेको छ । यस कम्पनीले नयाँ जलविद्युत आयोजनाहरु निर्माण गर्ने पूर्व तयारी भईरहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरणः** यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध तथा कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरणः** धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. वेवसाइट अनुसारः

अधिकतम मूल्य रु.	३३५.५०	**अन्तिम मूल्य रु.**	२९२.९०
न्यूनतम मूल्य रु.	२८१.६०	**कारोवार दिन**	५८
कारोवार संख्या	१२,९२८	**कारोवार शेयर कित्ता**	३,४८६,०३४

५. **समस्या र चुनौतीः** संस्थाले सामना गर्नुपरेका समस्या तथा चुनोतीहरु बजारमा रहेका अन्य संस्थाहरु सरह नै छन् । आइपर्ने समस्या र चुनोतीहरुको समस्याहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनिती बनाई सोको निराकरणको उपायहरु अवलम्बन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासनः** संस्थागत सुशासनको लागि संस्थाले कर्मचारी वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्थापन गरि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. **सत्य तथ्य सम्बन्धी कार्यकारी प्रमुखको उद्घोषण :** आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरु तथा जानकारीहरु लुकाएको छैन ।

हिमालयन हाईड्रोपावर लिमिटेड
Himalayan Hydropower Limited

Buddhanagar-10, Kathmandu, Nepal, Phone No.: 01-4796641
Email: himalayanhydro2021@gmail.com Website: www.hhpl.com.np

Unaudited Statement of Financial Position (Quarterly)

As on 30 Chaitra 2080 (12 April 2024)

Particulars	As at 30 Chaitra 2080 (Current Quarter Unaudited)	As at 29 Poush 2080 (Previous Quarter) (Unaudited)	As at 30 Chaitra 2079 (Previous Year)
ASSETS			
Non-Current Assets:			
Property, plant & equipment (Net block)	9,623,354	9,840,792	10,561,809
Intangible Assets(Hydropower Project Assets)	2,277,237,005	2,301,206,237	2,357,116,946
Total Non-Current Assets	**2,286,860,359**	**2,311,047,030**	**2,367,678,755**
CURRENT ASSETS			
Trade and other receivables	42,567,262	47,291,602	40,043,937
Prepayments	8,770,291	1,794,274	9,125,218
Loan and advances	46,378,818	46,887,593	48,211,221
Cash and cash equivalents	4,239,551	1,385,021	861,131
Total Current Assets	**101,955,921**	**97,358,489**	**98,241,508**
TOTAL ASSETS	**2,388,816,280**	**2,408,405,519**	**2,465,920,263**
Equity and Liabilities			
Equity			
Share Capital	1,095,000,000	1,095,000,000	1,095,000,000
Retained Earnings	(300,880,845)	(291,148,540)	(342,943,711)
Total Equity	**794,119,155**	**803,851,460**	**752,056,289**
LIABILITIES			
NON-CURRENT LIABILITIES			
Loans and borrowings	1,486,052,096	1,498,249,509	1,518,909,207
Trade and other payables	-	-	-
Total Non-Current Liabilites	**1,486,052,096**	**1,498,249,509**	**1,518,909,207**
CURRENT LIABILITIES			
Loans and borrowings	41,156,301	25,604,013	31,927,257
Trade and other payables	67,488,728	80,700,537	163,027,510
Total Current Liabilites	**108,645,029**	**106,304,550**	**194,954,766**
Total Liabilites	**1,594,697,125**	**1,604,554,059**	**1,713,863,974**
TOTAL EQUITY & LIABILITIES	**2,388,816,280**	**2,408,405,519**	**2,465,920,263**

Unaudited Statement of Profit or Loss and other Comprehensive Income (Quarterly)
For the period ended 30 Chaitra, 2080

Particulars	As at 30 Chaitra 2080 (Current Quarter) (Unaudited)	As at 29 Poush 2080 (Previous Quarter Unaudited)	As at 30 Chaitra 2079 (Previous Year)
Revenue	**58,923,601**	**73,695,732**	**57,155,715**
Cost of Sales			
Amortization on project Assets	23,969,232	23,969,232	23,809,262
Other Direct Costs	7,881,968	4,856,244	7,633,423
Gross Profit	**27,072,401**	**44,870,256**	**25,713,030**
Net Construction Revenue (As per IFRIC 12)			
Administrative Expenses	5,852,161	5,723,307	27,233,437
Depreciation and amortisation	217,439	217,439	237,789
Operating Profit	**21,002,801**	**38,929,510**	**(1,758,197)**
Finance Income	-	-	-
Finance Costs	37,207,540	47,554,080	44,496,167
Staff Bonus	-	-	-
Other Income	6,472,435	-	131,967,499
Profit Before Tax	**(9,732,304)**	**(8,624,570)**	**85,713,135**
Income Tax Expenses	-	-	-
Current tax	-	-	-
Previous Year Tax	-	-	-
Provisions for Interest	-	-	-
Deferred tax income/(expense)	-	-	-
Profit for the period	**(9,732,304)**	**(8,624,570)**	**85,713,135**
Other comprehensive income	-	-	-
Total Comprehensive income	**(9,732,304)**	**(8,624,570)**	**85,713,135**

Note : 1. The figures are regrouped and rearranged where necessary.
2. Financial Statements are prepared in accordance with the applicable Nepal Financial Reporting Standards (NFRS).

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, अनुसूची-१४

(नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८०/२०८१ को तेश्रो (चैत्र मसान्त) त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**
(क) आ.व.२०८०/२०८१ को तेश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।
(ख) **प्रमुख वित्तीय अनुपातहरू सम्बन्धी विवरण :**
प्रति शेयर आम्दानी त्रैमासिक : (०.८९) मूल्य आम्दानी अनुपात P/E Ratio : (४३५.४२) प्रति शेयर नेटवर्थ : ७२.५२
प्रति शेयर कुल सम्पत्तिको मूल्य : २१८.१६ तरलता अनुपात सम्बन्धी विवरण : ०.९४

२. **व्यवस्थापकीय विश्लेषण:**
(क) यस त्रैमासिकमा कम्पनीको खातामा नियमित विद्युत विक्रीबाट र प्रशारण लाईनमा माद्मे खोला ज.वि.आ.सहभागी भए वापत प्रशारण लाईन निर्माण खर्च रकम फिर्ता प्राप्त भई कम्पनीमा आय भएको छ ।
(ख) आगामी अवधिमा पनि यस कम्पनीको नामार्जुन मादी जलविद्युत आयोजना १२ मे.वा. को व्यवस्थापनको विश्लेषण गर्दै व्यवसायिक रुपले सक्षम तरिकाबाट सञ्चालन गरि अधिकाधिक विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ ।
(ग) बाढी पहीरो जस्तो काबु भन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना घटेमा सो को निराकरणका लागि सम्भावित सबै जोखिम बहन गर्नको लागि बिमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गराइने र टर्वाइन जस्ता सम्वेदनशिल यान्त्रिक उपकरणहरुको नियमित मर्मत तथा सम्भार गराउने तर्फतर्फ कम्पनी सचेत रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**
हालसम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन । यस संस्था समेतका विरुद्ध उच्च अदालत पाटनमा परेको मुद्दा विचाराधिन रहेको छ । कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोवार निम्नानुसार भएको छ ।

अधिकतम मूल्य (रु.) ४०८/०० **न्यूनतम मूल्य** (रु.) ३१७/०० **समीक्षा अवधिको अन्तिम मूल्य** (रु.) ३८७/००
कुल कारोवार संख्या २१,०६० **कुल कारोबार दिन** ५८ **कूल कारोबार शेयर संख्या** २२,१३,७७१

५. **समस्या तथा चुनौति :**
संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौति बजारमा रहेका अन्य सरह नै रहेका छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतिहरुलाई समय समयमा बस्ने सञ्चालक समितिले समिक्षा गरी सो निराकरणको लागि आवश्यक कार्यान्वयन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासन:**
यस कम्पनीले संस्थागत सुशासन, संस्थागत सुशासन अभिवृद्धिका लागि सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायबाट प्राप्त निर्देशन परिपत्रहरु व्यवस्थापनद्वारा तदारुकताका साथ सम्पादन गरि आएको छ ।

७. **सत्य, तथ्यता समबन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

आवधिक योजनामा पालिकाहरूको अरुचि

स्थानीय आवश्यकतालाई ध्यानमा नराखी कन्सलटेन्टलाई भाडामा लिएर खोज-अनुसन्धान र योजना तयार पारिँदा ती असफल हुने निश्चित छ



● हरि रोका

अग्रलेख

थोरै काम विशेषले अलि पहिले आफ्नै गाउँपालिकाको कार्यालयमा पुगेको थिएँ । पालिकाको नियमित बैठकको दिन परेकाले अध्यक्ष, उपाध्यक्षलगायत पदाधिकारी तथा अधिकांश वडाध्यक्षलाई अवसर जुऱ्यो । उहाँहरूबाट गाउँको विकास, निर्माण र नयाँ परियोजनाबारे धेरथोर जानकारी प्राप्त भयो । संवादका क्रममा मैले आफ्नो पालिका र अन्य पालिकाबीच, प्रदेश र संघसँगको सम्बन्ध, कारोबार तथा प्रादेशिक तथा संघीय योजनाबारे पनि जिज्ञासा राखेँ । पालिकाका तर्फबाट अध्यक्षले विगतमा भएका गरिएका कामकुराको फेहरिस्त राख्नुभयो । तर, आगामी योजना र त्यसको संस्थागत कार्यान्वयनबारे खासै नयाँ केही भएको जिकिर गर्नुभएन । मैले छोटकरीमा आवधिक योजना र त्यसको औचित्यबारे बताउँदै आवश्यक ठानेमा योजना बनाउन सहयोग प्राप्त हुने वचन दिएर म बाटो लागेँ । त्यसयता डेढ वर्ष बित्यो, तर उहाँहरूले आवधिक योजना निर्माण गरेको थाहा भएन । पालिका अध्यक्षज्यूसँग मेरो त्यसपछि पनि भेटघाट भयो, तर त्यसबारे कुरा उप्किएन । जिल्ला समन्वय समितिले गएको वर्ष दुईदिने प्रशिक्षण 'टाइप'को कार्यक्रम राखेर मलाई पनि स्थानीय सरकारले कसरी योजना बनाएर कार्यान्वयनमा लैजाने भनेर प्रशिक्षणमा सहभागी हुन बोलायो । अन्य साथीसहित म पनि सहभागी भएँ । दिनभरजसो सैद्धान्तिक, कार्यक्रमिक तथा संस्थागत कार्यान्वयन गर्न कसरी सकिन्छ भनेर उपस्थित पदाधिकारीमाझ लामो दोहोरो-तेहरो छलफल र बहस गरियो । मैले आफूले जानेका विधि र प्रक्रिया बुझाउने भरसक कोसिस गरेँ । तर, केही पालिकाबाहेक अधिकांश नगर र गाउँपालिकाले आवधिक योजना निर्माण गरेनन् भन्ने पछि थाहा पाइयो । उनीहरूले आवधिक योजना बनाउन आवश्यक नै ठानेनन् । आफ्नै गाउँ र जिल्लामा मात्र यस्तो योजनाविहीनताको अवस्था हो कि अन्य जिल्ला र प्रदेशमा पनि यस्तै अवस्था छ भनेर बुझ्ने कोसिस गर्दा सीमित प्रदेशबाहेक अधिकांश नगर र गाउँपालिकाले आवधिक योजना निर्माण गरेका रहेनछन् । कतिपयले अमुक पालिकामा निर्माण गरिएका योजनाको 'कपी-पेस्ट' गर्ने गरेका रहेछन् । जो आफ्नो भूगोल, जनताको सहभागिता, क्रियाशील क्षमता र आधारभूत आवश्यकतासँग कतै मेल खाने रहेनछन् । प्रदेशका हकमा अलिक फरक रहेछ । देखासिकी गर्नकै लागि भए पनि पाँच वर्षका लागि आवधिक योजना बनाइँदो रहेछ । त्यसैले, प्रादेशिक योजना आयोग पनि निर्माण हुन पुगे । तर, योजना आयोगले आफैँ योजना बनाउनुभन्दा पनि कन्सलटेन्सीकै सहयोगमा योजना बन्दा रहेछन् । अघिल्लो कार्यकालमा कतिपय प्रदेशलाई योजना निर्माण गर्न दातृ-राष्ट्रहरूले सहयोग पनि पुऱ्याएका रहेछन् । कन्सलटेन्टलाई भाडामा लिएर खोज-अनुसन्धान र स्थानीय आवश्यकतालाई मतलव नराखी योजना तयार पारिएछन् । यी असफल हुने नै थिए, भए । किनकि, कुनै पनि प्रदेशले पाँचवर्षे अवधिमा विकास खर्च ५० प्रतिशत पनि नपुऱ्याएको तथ्यले नै पुष्टि गरेका छन् । यस आवमा संघले १६औँ योजना निर्माण गरेर सिध्याएको छ भने प्रदेशले पनि हतारमा योजना पस्कनेछन् र पुरानै व्यवहार दोहोरिने पक्कापक्की देखिन्छ ।

लोकतन्त्र र योजना : हामी धेरैले लोकतन्त्र र लोकतान्त्रिक समाजबारे चर्चा गर्छौं । लोकतान्त्रिक समाज निर्माण भनेको आममानिसको समान हक-अधिकारको सुरक्षा तथा प्रकृतिलाई माया गर्ने ऐक्यबद्धतायुक्त समाज निर्माण भन्ने बुझिन्छ । यस्तो समाज निर्माण राजनीतिक रूपमा टाठाबाठा कुलीनले मात्र होइन, चेतनशील सामान्यजनले सबैको आपसी सहयोग र सद्भावमा आफ्नो समाजकै जीवनस्तर उकास्ने लक्ष्य निर्माण गर्ने हो । त्यस्तो समाज जुन समानता, ऐक्यबद्धता, दक्षता र शक्ति निर्माणमा आधारित हुने गर्छ । सामाजिक उद्देश्य पूर्ति गर्न जनताको सहभागिता प्रमुख विषय हुने गर्छ, जनता कसरी सहभागी हुन सक्छन् ? कसरी छलफल गर्छन्, कुनै काम कसरी गर्ने भन्ने निर्णय गर्छन् र ती निर्णयलाई यथार्थ जीवनमा कसरी उतार्छन् भन्नका लागि विधि आवश्यक पर्छ । त्यस्तो विधि निर्माण प्रक्रियालाई नै सहभागितामूलक योजना भन्ने गरिन्छ । नेपालमा आमजनता योजना निर्माण तथा कार्यान्वयनमा आफैँ निर्णायक होऊन् भनेर नै तीन तहको सरकार अटाउने संघीय प्रणाली अपनाइएको हो ।

मिठो बोली वचन, सन्तुलित व्यवहार तथा जनआकांक्षालाई उराल्ने गरी निर्वाचनको समयमा भाषण सुनाउने उम्मेदवारले नै निर्वाचन जित्छन् । तर, ती निर्वाचित प्रतिनिधिलाई आफूले जनतामाझ बोलेको वा प्रतिज्ञा गरेको लक्ष्यमा कसरी पुग्न सकिन्छ भन्नेचाहिँ थाहा नहुन सक्छ । लक्ष्य एकातर्फ र काम गराइ अर्कातर्फ हुने गर्छ । नचाहँदा-नचाहँदै पनि यस्तो हुन सक्छ । आफूसँग भएका स्रोत तथा दक्ष र अर्धदक्ष श्रमिकबारे हामी आफैँ विश्वस्त हुन नसकिरहेको अवस्था हुन सक्छ । त्यसैले, एउटा असल सरकारले काममा हामफाल्नुअगावै आवश्यक तथ्यगत सूचना तथा आधार पढेर, हेरेर, छलफल गरेर अनि बुझेर ठोस परिस्थितिको विश्लेषणपश्चात् निर्णय लिन्छ । हो, यसैलाई योजना भनिन्छ । त्यसैले, योजना भनेको ठोस काममा हामफाल्नुअघि सोचविचार गरिने प्रक्रिया हो ।

योजनाविहीन काम भनेको आफू वा व्यक्तिलाई लागेका भरमा निर्णय लिनु हो । विनासूचना, विनाजानकारी



र विनाअध्ययन आवश्यकताका नाममा निर्णय लिनु हो । यस्ता निर्णयले धेरै किसिमका जोखिम निम्त्याउन सक्छन् । निर्णयमाथि आशंका उत्पन्न हुन सक्छ । सही सूचना र तथ्यांकको अभावमा परियोजनाले असफलता व्यहोर्नुपर्ने हुन्छ र अनावश्यक रूपमा स्रोतको नोक्सान हुन पुग्छ । कुनै पनि तहको सरकारले कुनै परियोजना तयार पार्नु या योजना बनाउनुअघि ती परियोजनासँग सम्बन्धित अवयवलाई नजिकबाट अध्ययन गर्नुपर्छ । योजना प्रक्रियामा निम्नानुसार विषयलाई समावेश गर्न आवश्यक हुन्छ :

(१) लक्ष्य तय गर्नुपर्छ, (२) लक्ष्यसँग सम्बन्धित सत्यतथ्य खोजिनुपर्छ, (३) सम्बन्धित परियोजनाको आवश्यकताबारे प्रस्ट परिभाषित गर्नुपर्छ, (४) परियोजना कार्यान्वयन गर्ने विकल्प, त्यसका लागि स्रोतको आवश्यकता, लागत, जनशक्ति आदि कति चाहिन्छ भन्ने निर्क्योल गरिनुपर्छ, (५) सबैभन्दा उपयुक्त विकल्प रोज्नुपर्छ, (६) संस्थागत ढंगले काम गर्ने उपाय खोजिनुपर्छ र (७) सबै तयार भइसकेपछि पनि अन्तिम परिणाम कस्तो हुन्छ, अधिकतम उपलब्धिका लागि के थप्नुपर्छ भनेर सोच्न जरुरी हुन्छ ।

> पारदर्शी परियोजना बनेमा पदाधिकारीले त्यसबाट व्यक्तिगत फाइदा लिन सक्दैनन् । फाइदा नपाउँदा चुनावमा भएको खर्च असुली र भावी चुनावका लागि खर्च जोगाड गर्न सकिन्न । सम्भवतः यही भएर पदाधिकारीले आवधिक योजना रुचाउँदैनन् ।

योजनाप्रति जनप्रतिनिधिको उदासीनता : स्थानीय तहको योजना भन्नासाथ आर्थिक, सामाजिक र वातावरणीय सुरक्षा र विकासका लागि आममान्छेको सहभागिता भन्ने जनाउँछ । स्थानीय तहको आवश्यकता के हो ? गाउँको पहिलो प्राथमिकतामा कस्ता काम पर्नुपर्छ ? कसरी ती प्राथमिकतामा पारिएका प्रस्ताव कार्यान्वयनमा लैजान सकिन्छ ? सफलतापूर्वक कार्यान्वयनमा लैजान कार्ययोजना कसरी निर्माण गर्ने भन्ने विषय योजनाको पहिलो चरण हुने गर्छ । स्थानीय योजना भनेको आफ्नो गाउँको विकासको विशिष्ट योजनाको खाका तयारी हो । जसले आफ्नो क्षेत्रमा आवास, रोजगारी, शिक्षा, स्वास्थ्य, व्यापार, कृषि विकास, पर्यटन वा औद्योगीकरणका सम्भावनाबारे अध्यायन गर्ने र त्यसैका आधारमा कार्यान्वयनमा कसरी उतार्न सकिन्छ भनेर खाका तयार पारिन्छ । स्थानीय विकास भनेको आफूसँग भएको स्रोत र मानवीय शक्तिको असाध्यै राम्रो क्रियाशील परिचालन हो, जसले दिगो र भरपर्दो ढंगले वस्तु र सेवा उत्पादनको संस्कृति निर्माण गर्छ । स्थानीय उत्पादन भन्नाले आफ्नो गाउँठाउँमा अर्को गाउँठाउँको तुलानामा बढी र नयाँ के उत्पादन गर्न सकिन्छ ? आफूले उत्पादन गरेर बढी भएको वस्तु तथा सेवा अर्को गाउँ प्रदेश, मुलुक वा विदेशमा कसरी बढी निर्यात गर्न सकिन्छ ? कसरी स्थानीयस्तरमा भुक्तानी सन्तुलनमा फाइदा गर्न सकिन्छ । यी उद्देश्य प्राप्तिकै लागि योजना निर्माण गरिन्छ ।

योजनाभित्रका प्रत्येक परियोजना खोज तथा अनुसन्धानमार्फत तयार पारिनुपर्छ । यसको अर्थ जनताको आवश्यकता, उनीहरूको सहभागिता, परियोजना लागत पनि पारदर्शी हुन पुग्छ । यस्तो पारदर्शी परियोजना बनेमा पदाधिकारीले त्यसबाट व्यक्तिगत फाइदा लिन सक्दैनन् । फाइदा नपाउँदा चुनावमा भएको खर्च असुली र भावी चुनावका लागि खर्च जोगाड गर्न सकिन्न । सम्भवतः यही भएर पदाधिकारीले आवधिक योजना रुचाउँदैनन् । आजको मितिमा स्थानीय वडामा पहाडमा २० लाखभन्दा माथि पालिकामा करोडभन्दा माथि, प्रदेशमा १० करोडभन्दा माथि र संघीय संसद्मा २० देखि २५ करोडसम्म खर्च हुने गरेको अनुमान गरिन्छ । तराई र सहरी क्षेत्रमा पाहाडी जिल्लामा भन्दा धेरै खर्च हुन्छ । निर्वाचन महँगो भएपछि खर्च उठाउन आवधिक योजना सबैका लागि घाँडो ठानिनु स्वाभाविक हो । त्यसैले संघदेखि प्रदेशसम्मका पदाधिकारीको मिलेमतोमा आवधिक योजना तुहाइन्छ ।

नेपालमा विगत सात वर्षदेखि जेजस्तो आर्थिक तथा समाजिक विकासका लागि गैरराजनीतिक तथा गैरसामाजिक चिन्तन हाबी हुँदै गइरहेको देखिन्छ, त्यसले हाल स्थापित संघीय प्रणालीलाई कहीं कतै फाइदा पुऱ्याउँदैन । खासमा संघीयता धनाढ्यहरूको नियन्त्रणमा रहने प्रणाली होइन, आमनागरिक सहभागी भएर सबैले सबैलाई ऐक्यबद्धता जनाउने प्रणाली हो । अर्थात् भुइँतहलाई अधिकारयुक्त, कर्तव्यपरायण बनाउँदै अघि बढ्ने प्रणाली हो । तर, संघीय प्रणालीमा सहमति जनाएका राजनीतिक पार्टीहरू खासगरी काग्रेस, एमाले र माओवादी केन्द्र प्रदेश र स्थानीय तहमा संघीयताको मूलभूत सैद्धान्तिक अवधारणाअनुरूप राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हस्तान्तरण गरी आमजनताका पक्षमा अधिकार सुनिश्चित गर्न तयार देखिन्नन् ।

संघीयता सुदृढ गर्नुको मूल उद्देश्य भनेकै भुइँतहका जनतालाई अधिकारयुक्त र जिम्मेवार नागरिक बनाउनु हो । आमरूपमा गरिबी, अशिक्षा र अव्यवस्थाले गाँजिरहेको समाजलाई मुक्ति दिलाउनु हो । त्यसका लागि जिम्मेवार राजनीतिक पार्टीहरूले प्रदेश, जिल्ला र गाउँस्तरका संगठनलाई पनि स्वायत्तता दिनु जरुरी छ । यसले राज्य प्रणालीका अन्य अवयवलाई पनि स्वायत्तता दिँदै लैजान्छ । स्वायत्तता भनेको जनताको स्वशासन हो । त्यसैलाई भनिन्छ लोकतन्त्र । पालिका अध्यक्षको टिकटसम्म माथिबाट बक्सिस प्राप्त हुने भएपछि स्वायत्तता नाम मात्रको रहनु अस्वाभाविक हुँदैन ।

राज्यका अधिकांश संवैधानिक निकाय यतिबेला स्वायत्त अधिकारबाट वञ्चित छन् । चाहे त्यो योजना आयोग होस् या प्राकृतिक स्रोत या वित्त आयोग, विश्वविद्यालय हुन या स्वास्थ्य प्रतिष्ठान, नियामक निकाय हुन् या मास परिचालन गर्ने निकाय, अधिकांश यस्ता नियामक निकाय सेवानिवृत्त कर्मचारी तथा आफन्तीको रामरमाइलोको अखडा बनाइएका छन् । सिंहदरबारमा थुनिएको अधिकारलाई गाउँमा पुऱ्याउन बनाइएका अधिकांश यी संवैधानिक संस्था नियामक निकायलाई यी कथित पदाधिकारीले 'बुँख्याचा' सावित गरिदिए । अविकास, मौलाउँदो भ्रष्टाचार संस्कृति र अपचलन आम बन्दै गइरहेको छ र यसले आममानिसमा सत्ता र राजनीतिमाथि वितृष्णा पैदा गराएको छ । वेलैमा नसच्चिने र नसच्याउने हो भने यो सिंगो प्रणाली र तीसँग आबद्ध दलहरू आफैँ धराशयी भएको हेर्न धेरै समय कुर्नुपर्नेछैन ।

---

३ प्रश्न

एमाले उपमहासचिव **पृथ्वी सुब्बा गुरुङ**लाई



प्रमुख प्रतिपक्षले संसद्मा गरिरहेको अवरोधलाई एमालेले कसरी हेरिरहेको छ ?

यो काग्रेसले सत्ता छाड्नुपरेको पीडा अझै सकिएको छैन, त्यसबाट ऊ उम्किसकेको छैन भन्ने बलियो दृष्टान्त हो । सत्ताबाट बाहिरिनुको छट्पटीमा उसले संसद् अवरोध गरिरहेको छ । यो लोकतन्त्र र राजनीतिको स्थायित्वविरुद्ध खेलिएको खेल हो ।

सत्तापक्षका नाताले संसद् खुलाउन के गर्दै हुनुहुन्छ तपाईंहरू ?

सानो विषय उठाएर काग्रेसजस्तो पार्टीले संसद् अवरोध गरिरहेको छ । उसले राखेको माग जायज छैन । यो सरकारलाई कमजोर बनाउने र अहिलेको गठबन्धन भत्काउने नियतले गरिएको अवरोधसिवाय केही होइन । लोकतन्त्रमा यस्ता सानातिना घटना भइरहन्छन् । यो नौलो पनि होइन । आज जसले जे भने पनि सहमतिमा नआई सुखै छैन । यस्ता घटनाले लोकतन्त्र र गणतन्त्रलाई खतरामा पार्न सक्छ । संसद् अवरुद्ध गर्ने काग्रेसको कदम गलत भएकाले उसले त्यसलाई सच्याउनुपर्छ । त्यसका लागि हामी काग्रेससँग संवाद गर्छौं ।

विगतमा यस्तै समिति बनाउन संसद् अवरोध गर्ने तपाईंहरू अहिले समिति बनाउन किन अनिच्छुक देखिनुहुन्छ ?

हाम्रो अवरोधपछि बनेको समितिले हाम्रो माग सही रहेछ भन्ने देखाइसक्यो । त्यसैको प्रतिवेदनका आधारमा मान्छेहरू समातिएका छन्, विभागीय कारबाहीमा परेका छन् । हामीले सही छानबिनका लागि उठाएको विषय थियो त्यो । तर, अहिले सिआइबीले पनि आरोपित नेताको संलग्नता देखिँदैन भनिसकेको छ । सत्ताबाट बाहिरिनुपरेको रिस यसरी कुनै नेतामाथि पोख्नु जायज होइन । यो अस्थिरता बढाएर सरकार र गठबन्धन तोड्ने नियतले उठाइएको माग हुनाले हामीले यसलाई अस्वीकार गरेका हौं ।

प्रेरक प्रसंग

सफल कसरी बन्ने ?

भारतीय सन्त स्वामी विवेकानन्द एकपटक अमेरिकामा एउटा नदीको किनारमा टहलिँदै थिए । त्यहाँको शान्त वातावरणमा उनी स्वच्छ वायु ग्रहण गर्दै नदीको स्वच्छता देख्दा मुग्ध भइरहेका थिए । त्यसरी टहलिँदा उनमा अपूर्व जोस, जाँगर र उत्साह पैदा भइरहेको थियो । नदी किनारमा टहलिँदा-टहलिँदै उनले त्यहाँ एउटा अनौठो दृश्य देखे । त्यहाँ केही युवक एउटा पुलमा उभिएर तैरिरहेका अन्डाका बोक्रालाई गोलीको निसाना बनाउने कोसिस गरिरहेका थिए, तर सफल हुन सकिरहेका थिएनन् । यो सब देख्दा स्वामीजीको ओठमा मुस्कान आयो ।

स्वामीजी मुस्कुराएको देखेर एक युवकले रिसाउँदै भन्यो, 'यो काम यति सजिलो छैन जति सजिलो तपाईंलाई लागिरहेको छ, महाशय ! तपाईं पनि यसमा निसाना लगाएर हेर्नुस् । अनि बुझ्नुहुनेछ, यो काम कति कठिन छ भनेर ।' ती युवकको कुरा सुनेर विवेकानन्दले बन्दुक समाए र एकएक गरेर १२ अन्डाको बोक्रालाई गोलीको निसाना बनाए । उनको त्यस्तो अचुक निसाना देख्दा युवक चकित परे । तिनले सोचे, यी स्वामीले अवश्यै धेरै दिनदेखि बन्दुक चलाइरहेका थिए होलान् । तब त यिनको निसाना यति अचुक थियो । उनीहरूमध्ये एकले भने पनि, 'तपाईंले लामो समयदेखि यसरी गोली चलाउन अभ्यास गर्नुभएको थियो होला । अनि त यसरी निसाना लगाउन सफल हुनुभयो नि । तर, हामी त भर्खरै सिक्दै छौं । त्यसैले हाम्रा लागि यो कठिन साबित भयो ।

ती युवकको कुरा सुनेपछि स्वामीले भने, 'बन्दुक चलाउने अभ्यासको त कुरै छाड, आजसम्म मैले बन्दुक समातेकोसम्म थिइनँ ।' उनको कुरा पत्याउन युवकलाई कठिन भयो । उनीहरूले अविश्वास देखाएपछि स्वामीले भने, 'हेर, कुनै पनि विषयमा सफलता पाउन मनको संयम र एकाग्रता सबैभन्दा बढी आवश्यक छ । यदि तिमीहरूले पनि संयम र एकाग्रतापूर्वक प्रयास गरेका भए अवश्यै सफलता पाउने थियौ । त्यसैले जे गर्छौं, त्यसमा संयम र एकाग्रतापूर्वक लागिपर । सफलता तिम्रो पाउमै आइपुग्छ ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

काग्रेसको बाल हठ

लोकतन्त्रको सुन्दर पक्ष भनेकै देशको नीति निर्माण अनि न्याय क्षेत्रमा जनताको पहुँच विस्तार हुनु हो । बजेट अधिवेशनको प्रारम्भसँगै संसद्मा लोकतन्त्रकै उपहास हुने गतिविधि देखिन थालिसकेका छन् । आगामी आव ०८१/८२ को बजेट ल्याउन र नियमित प्रक्रियाबाट पारित गर्न सरकारलाई फलामे चिउरा चपाउनुजस्तै हुने देखिएको छ । यस्ता महत्त्वपूर्ण विषयमा प्रतिपक्षको रचनात्मक सहयोग र भूमिका हुनुपर्नेमा उसले यसलाई सहजै पारित गर्न नदिने रणनीति अपनाएको देखिन्छ । तत्काल र दलगत स्वार्थका लागि यो ठिकै होला, तर आमजनतामाझ यस्ता गतिविधिले राम्रो सन्देश दिँदैन । जनताबाट निर्वाचित जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुने हुँदा उसले आफूमाथि लागेका आरोपमाथि स्पष्टीकरण दिन नपाउने गरी संसद् अवरोध गर्नु काग्रेसको बालहठसिवाय केही होइन ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

सरकारी जग्गा जोगाऊ

देशभर रहेको सरकारी जग्गा व्यापारीदेखि राजनीतिक नेताहरूको कब्जामा परिसकेको देखिन्छ । जता हेऱ्यो, त्यतैको सरकारी जमिन व्यापारीले वर्षौंसम्मका जागि कौडीको भाउमा हात पारेर व्यापार व्यवसाय चलाउँदै आएका छन् । व्यापारीले सोही सरकारी जग्गाबाट अर्बौं कमाइसक्दा राज्यले भने मुस्किलले केही लाख हात पार्दै आएको देखिन्छ । यसबाट व्यापारी र नेताहरूबाट सरकारी जग्गा जोगाउनै मुस्किल पर्दै गएको देखिन्छ । सरकारी जग्गा व्यक्तिको कब्जामा जानबाट जोगाऊ ।

● **वन्दना धौभडेल**
कुपन्डोल, काठमाडौं

भवन निर्माणमा सुस्तता किन ?

सिंहदरबारभित्रै पूर्वाधार निर्माणको गति सुस्त भएको समाचार पढियो । सिंहरदबारभित्र रहेको संसद् भवन निर्माणको म्याद चौथोपटक थप्न लागेको सुन्दा अचम्म लाग्यो । सिंहदरबारभित्रै त यो तहको सुस्तता छ भने देशका दूरदराजका ग्रामीण बस्तीमा हुने विकास निर्माणको अवस्था कस्तो होला ? सरकारले सिंहदरबाभित्रै रहेको ऐतिहासिक संसद् भवनको निर्माण कार्यमा किन यसरी ढिलासुस्ती भइरहेको छ ? यसबारे किन राज्यले चासो दिइरहेको छैन ? सरकारले जवाफ दिनुपऱ्यो ।

● **सुमन कार्की**
अनामनगर, काठमाडौं

सर्वोच्चको फैसलाको मर्म

गिरीबन्धु टिस्टेटको जग्गा सट्टापट्टामा भएको अनियमितताबारे सर्वोच्च अदालतको पूर्ण इजलासले केहीअघि गरेको फैसलाले नेपालमा कानुनको गलत व्याख्या गरी जग्गामा चलखेल गर्ने विकृतिलाई सदाका लागि अन्त्य गरेको छ । यसका लागि न्यायमूर्तिहरूलाई विशेष साधुवाद छ । यस फैसलाको पूर्ण पाठ भर्खरै मात्र आएको छ । यसअघि संक्षिप्त आदेश आउँदा नै एमाले अध्यक्ष केपी शर्मा ओलीले निकै कडा आलोचना गरेका थिए । उनले एमालेको एक कार्यक्रममा सर्वोच्चका न्यायाधीशले कुरा नबुझेर त्यसरी फैसला गरेको र त्यो सही नभएको बताएका थिए ।

गिरीबन्धुको मुद्दामा एक-दुईजना न्यायाधीशको इजलासले नभई पाँच-पाँचजना बिज्ञ न्यायाधीशले सर्वसम्मत गरेको फैसलालाई पनि कुरा नबुझेर गरेको फैसला भनेर ओलीले गरेको टिप्पणी गलत छ । दलका शीर्ष नेताले नै अदालतको फैसलालाई मजासमा उडाउँछन् भने उनका तल्लो तहका कार्यकर्ताले कस्तो व्यवहार देखाउने हुन् ? यस्तो गलत टिप्पणीले के नेपालमा कानुनी शासन फस्टाउला त ? सबै दलका नेताले मनन गर्नुपर्ने विषय हो यो । भोलि कुनै चोर वा भ्रष्टाचारीले आफूलाई अदालतले कुरै नबुझी सजाय दिएको भनेर पत्रकार सम्मेलन गर्दै हिँडेमा त्यसले कस्तो नजिर बसाउला ? यस्तो सामान्य कुरा पनि नबुझ्ने ओलीजस्ता शीर्ष नेतालाई कुन रूपमा नेपालीले सम्झने ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

खोपमाथिको अविश्वास र दादुराको बढ्दो संक्रमण

विज्ञान, खोप र स्वास्थ्य अधिकारीमाथिको विश्वास घट्दै गएकाले रोकथाम गर्न सकिने संक्रमण बढिरहेका छन्



देश/विदेश

● जगन चापागाईं

सन् १९६० को दशकसम्म स्विडेनका मानिस बायाँतर्फबाट सवारीसाधन चलाउँथे तर ३ सेप्टेम्बर १९६७ मा सडक नियम परिवर्तित भयो । यसयता यहाँ दायाँतर्फबाट सवारीसाधन चलाउन थालियो । त्यसवेला सवारीचालकको एक सानो हिस्साले मात्र विद्रोह गरेको वा अहिलेसम्म विद्रोह गरिरहेका भए 'स्विडेन' अराजकता र मृत्युको पर्याय बन्थ्यो । तर, अहिले 'स्विडेन'लाई 'सुरक्षा'को पर्याय मान्न सकिन्छ । स्विडेनमा युरोपियन युनियनभरिमै सवारीसाधन दुर्घटनाका कारण हुने मृत्युसंख्या सबैभन्दा कम छ ।

परिवर्तनमा सहज संक्रमणको श्रेय धेरै हदसम्म संलग्न सबैबीच मौजुद व्यापक विश्वास हो । त्यसवेला जनताबीचको विश्वास र सहकार्यमा असफलता भन्ने थिएन । यस्तै परिवर्तन नाइजेरियामा सन् १९७२ मा र समोआमा सन् २००९ मा सफलतापूर्वक सम्पन्न भएका थिए । सडक प्रयोग जताबाट गरे पनि विश्वभर मानिसले सामान्यतया सडक नियम र अन्य सहचालकप्रति विश्वास गरेर सवारीसाधन चलाउँछन् । सडक नियममा जब विश्वास घट्छ, तब थप दुर्घटना निम्तिन्छ । त्यसैगरी खोप एवं रोग निवारक स्वास्थ्य सेवामा विश्वास घट्दा थप रोग निम्तिन्छ । यस्तो अविश्वास धेरै ठाउँमा देखिन्छ । विज्ञान, खोप र स्वास्थ्य अधिकारीमाथिको विश्वास घट्दै जाँदा रोकथाम गर्न सकिने संक्रमण बढिरहेका छन् ।

गत महिना हाम्रो संस्थाले दादुरा प्रकोपलाई सम्बोधन गर्न रेडक्रस सोसाइटी अफ बोस्निया र हर्जगोभिनालाई सहयोग गर्न रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ डिजास्टर रेस्पोन्स इमर्जेन्सी फन्ड (आइएफआरसी-डिआरइएफ) को उपयोग गरेको थियो । यो कोष सामान्यतया राष्ट्रिय रेडक्रस वा रेड क्रिसेन्ट सोसाइटीलाई प्राकृतिक प्रकोप वा जनसांख्यिकीय परिवर्तनपछि मद्दत गर्न प्रयोग गरिन्छ । तर, यसपटक बोस्नियामा न्यून खोपदर (६० प्रतिशत) भएकाले दादुरा प्रकोपका लागि सहयोग आवश्यक थियो । जनवरीदेखि, करिब खोप नलगाएका तीन हजार मामिला सतहमा आएका छन्, जसमा अधिकांश नौ वर्षमुनिका बालबालिका छन् । बोस्निया एन्ड हर्जेगोभिनाको रेड क्रस सोसाइटीले खोपको महत्त्वबारे प्रभावित क्षेत्रमा मानिसलाई शिक्षित बनाउन र खोपका लागि तयार बनाउन मोबाइल सूचना एकाइलाई रकम छुट्याउने योजना बनाएको छ ।

दादुरा खोप प्रतिक्रियाको नेतृत्व गर्ने रेडक्रसका सहकर्मीले भय र मिथ्या सूचनाले विशेषतः वयस्क आमाबाबु खोपप्रति अनिच्छुक रहेको तथ्य स्विकार्छन् । यसलाई सम्बोधन गर्न बोस्निया एन्ड हर्जगोभिनाको रेडक्रसले सामुदायिक संलग्नता एवं विश्वास निर्माणलाई प्राथमिकता दिनेछ ।

यसो उसो गर्नुपर्छ भनेर व्याख्यान दिनुको सट्टा रेडक्रसले सक्रिय रूपमा समुदायको राय सुन्नेछ र खोप स्वीकृति प्रवर्द्धन गर्न रणनीति निर्माणमा सघाउनेछ । समुदायमा विश्वास निर्माण गर्न र त्यसलाई कायम राख्न समय लाग्छ, तर यो आवश्यक छ, किनभने समुदायले महामारी रोक्न र नियन्त्रण गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । समुदायका लागि सुरुदेखि र प्रक्रियाभरि मिलेर समाधान निर्माणमा संलग्न हुन आवश्यक छ ।

किर्गिजस्तानमा पनि दादुराको प्रकोप देखा परेको छ जहाँ रेड क्रिसेन्ट सोसाइटीले एक लाख २० हजार मानिसमाझ पुग्ने लक्ष्य राखेर मिथ्या सूचना र खोपविरोधी धारणाविरुद्ध सक्रिय रूपमा लडिरहेको छ । यसबाहेक अन्य राष्ट्रिय रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीले फिलिपिन्स, अफगानिस्तान, पाकिस्तान, बुर्किनाफासो, डेमोक्रेटिक रिपब्लिक अफ कंगो र गिनीलगायत धेरै देशमा खोप अभियानलाई समर्थन गरिरहेका छन् । दादुराका मामिला विश्वव्यापी रूपमा बढ्दै गएका छन् । गत वर्षको तुलनामा ४१



तस्बिर : बोस्निया एन्ड हर्जगोभिना रेडक्रस

युरोपेली देशमा ४० गुणाले वृद्धि भएको छ, विश्व स्वास्थ्य संगठनले यसलाई 'डरलाग्दो वृद्धि'को संज्ञा दिएको छ । त्यसैगरी अमेरिकाले केही ठाउँमा दादुरा प्रकोपको अनुभव गरिरहेको छ र त्यहाँ केही वर्षयताकै सबैभन्दा बढी दादुरा मामिला सतहमा आइरहेका छन् । विश्वव्यापी रूपमा सन् २०२२ र २०२३ बीच दादुराका मामिला झन्डै दोब्बर भएको थियो र सन् २०२४ लाई हेर्दा मामिला थप वृद्धि हुने देखिन्छ । अधिकांश प्रभावित खोप प्रयासको एक कारक अविश्वास हो । आपूर्ति शृंखला अवरोधले खोपको अभाव निम्त्याउँछ, जबकि कम कर्मचारी भएका स्वास्थ्य संस्थाले खोप व्यवस्थापन गर्न संघर्ष गर्छन् । पहुँचको समस्याले केही व्यक्तिलाई चिकित्सा आपूर्ति वा खोपकेन्द्रमा पुग्नबाट रोक्छ । उपलब्धताको बाबजुद धेरैले अझै पनि खोप नलगाउने निर्णय गर्छन् ।

खोप र बृहत् रोग निवारक स्वास्थ्य सेवा उपायप्रतिको हिचकिचाहट आंशिक रूपमा स्वास्थ्य सेवा पेसेवरमाथिको अविश्वासबाट उत्पन्न हुन्छ, जसलाई कोभिड-१९ महामारीको समयमा वृद्धि भएको मिथ्या सूचनाले थप बढाएको छ । मैले यस वर्षको सुरुमा पूर्वी अफ्रिकामा हैजाको प्रकोपलाई प्रत्यक्ष रूपमा देखेको थिएँ । जति प्रारम्भिक निदान र सरसफाइ महत्त्वपूर्ण छ, त्यति नै विश्वासको पुनर्निर्माण पनि महत्त्वपूर्ण छ । जाम्बिया र कोमोरोसमा हैजाका बिरामीका छिमेकीले आफ्नो घरलाई कीटाणुरहित गर्ने आवश्यकतामा विश्वास गर्दैनन् । आइएफआरसी-डिआरइएफ अनुदान यस वर्ष चार हैजा प्रभावित देशका लागि छुट्याइएको छ र जिम्बाबेमा यस मामिलामा ठूलो आपत्कालीन अपिल गरिएको छ । विश्वास पुनर्निर्माण गर्न सहयोगी प्रयास आइएफआरसी-डिआरइएफ कोषको उद्देश्यको केन्द्रमा छन् ।

सन् १९६० को दशकमा 'मिथ्या र दुराशययुक्त सूचना'को अवधारणा थिएनन् र अफवाह छिटो फैलाउन टिकटक वा हवाट्सएपजस्ता प्लेटफर्म थिएनन् । आज केवल समस्याको समाधान प्रस्ताव अपर्याप्त छ । हामीले समुदायलाई सक्रिय रूपमा सामेल गर्नुपर्छ र त्यसमा विश्वास निर्माण गर्न समुदायसँग सहकार्य गर्नुपर्छ । यो दृष्टिकोण रेडक्रस र रेड क्रिसेन्ट सञ्जालको मुख्य उद्देश्य हो ।

(चापागाईं इन्टरनेसनल फेडेरेसन अफ रेडक्रस एन्ड रेड क्रिसेन्ट सोसाइटिजका महासचिव हुन्)

अल जजिराबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikada

सुनको पछाडि किन दौडिँदै छ विश्व ?



● हारोल्ड जेम्स
(जेम्स प्रिन्सटन विश्वविद्यालयका इतिहास तथा अन्तर्राष्ट्रिय मामिलाका प्राध्यापक हुन्)

सुनले अन्तर्राष्ट्रिय मौद्रिक प्रणालीमा पुनरागमन गरेको छ । ५० वर्ष पहिले अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले 'गोल्ड विन्डो (सुनमा डलरको स्थिर विनिमय-दर)'लाई बन्द गरेपछि विश्व बहुमूल्य धातुहरूप्रतिको मोहबाट बाहिरियो । र, 'फियाट करेन्सी (कानुनद्वारा सुरक्षण प्रदत्त)'को नयाँ युगको सुरुवात भयो । तर, अहिले 'फियाट मनी'लाई आर्थिक कठिनाइ र नयाँ प्रविधि (ब्लकचेन/डिस्ट्रिब्युटेड लेजरहरू)ले चुनौती दिइरहेका छन् र सुनको मूल्य अहिलेसम्मकै उच्च बिन्दु प्रतिऔंस २४ सय डलरमाथि पुगेको छ । लगानीकर्ता गोल्डबग्स सुन दीर्घकालीन लगानीका लागि आदर्श लगानी भएको तर्क गर्छ । तर, सुनको मूल्य अद्वितीय रूपमा स्थिर रहेको विश्वास गर्नु भने गल्ती हुन्छ । यो धातुको मूल्यले अर्थतन्त्रको ज्वरो मापन गर्छ । जब मौद्रिक अस्थिरताको पारो चढ्छ, सुनको मूल्यको पारो पनि चढ्छ ।

सन् १९९० को दशकमा शीतयुद्धको अन्त्यले शान्ति र स्थिरताको नयाँ भावना जगाएपछि सुनको मूल्य ओरालिएको थियो । गत सहस्राब्दीको सुरुताका यसको मूल्य प्रतिऔंस ३०० डलर मुनि थियो । सन् १९७० को दशकपछि पनि यसको मूल्यवृद्धि मुद्रास्फीतिको सामान्य दरभन्दा कमै थियो । तर, सन् २००८ को आर्थिक संकट र कोभिड-१९ को महामारीपछि सुनको मूल्य आकासियो । यो वर्ष पनि आकासिइरहेको छ ।

सुनको माग बढ्नुमा केन्द्रीय बैंकहरूको मुख्य भूमिका छ । सन् २००० मा ३९५ टन सुन भण्डारण रहेको चीनसँग अहिले दुई हजार २६० टनको विशाल मौज्दात छ । विशेषगरी, सन् २००९ र २०१५ मा चीनले आफ्नो सुनको मौज्दातमा उल्लेखनीय वृद्धि गऱ्यो । रुस र टर्कीले पनि सन् २०१५ पछि सुनको मौज्दात बढाउँदै लगेका छन् । यही प्रवृत्ति युरोपेली संघमा पनि देखिएको



छ । चेक रिपब्लिक र पोल्यान्ड दुवैले आफ्नो सुन मौज्दात बढाउँदै लगेका छन् ।

सुनको नयाँ राजनीतिक केन्द्रमा सुरक्षा-चिन्ता छन् । सन् १९९९ को मार्चमा चेक रिपब्लिक नाटोमा सामेल भयो र उसले तत्कालै आफ्नो सम्पूर्ण सुन बेच्यो । यसको सन्देश स्पष्ट थियो- सुरक्षाको ठोस सुनिश्चिततालै वित्तीय सुरक्षाको आवश्यकतालाई खारेज गर्छ । तर, सन् २०२३ को अन्ततिाका उसको केन्द्रीय बैंकले १९ टन सुन किन्यो र यसको मौज्दात सय टन पुऱ्याउने आशय व्यक्त गऱ्यो । यसपटकको सन्देश पनि उत्तिकै स्पष्ट छ- नाटोको सदस्यता मात्रै पर्याप्त छैन । रुससँगको भौगोलिक निकटताका कारण पोल्यान्डले पनि आफ्नो मनसाय उजागर

> पछिल्लो समयमा सुनको मूल्यमा आएको उछाल विश्व व्यवस्था परिवर्तन हुँदै गरेको र द्वन्द्व एवं अनिश्चयको नयाँ युग सुरुवात हुँदै गरेको संकेत हो । सरकार र केन्द्रीय बैंकहरूले धेरै अघिदेखि सुनलाई मौद्रिक स्थिरता र आर्थिक सुरक्षाको स्रोतका रूपमा हेर्दै आएका छन् ।

गरिसकेको छ । उसले आफूसँग ३६० टन सुन मौज्दात रहेको सार्वजनिक उद्घोष गरेको छ ।

सुरक्षासँग सुनको सम्बन्धमा पोल्यान्डको गहिरो ऐतिहासिक अनुभव छ । प्रथम विश्वयुद्धबाट अस्ट्रियाली, जर्मन र रुसी साम्राज्य घराशयी भएपछि जब पोल्यान्ड पुनर्स्थापित भयो, उसले आफ्नो नयाँ मुद्रालाई सुन जनाउने पोलिस नाम दिएको थियो । उसले सन् १९३९ को सेप्टेम्बरमा रोमानिया, टर्की र लेबनान हुँदै आफ्नो सुन फ्रान्स पुऱ्याउन एउटा अभियान नै चलाएको थियो । यो कदमले जर्मन आक्रमणका बाबजुद पनि पोल्यान्ड अस्तित्वमै छ भन्ने सन्देश दियो ।

तर, स्थायित्वको स्रोतको रूपमा सुनको सबभन्दा उल्लेखनीय प्रयोग सन् १९२२ को सोभियत प्रयोग थियो । पोलिस बोल्सेभिक नेता फेलिक्स जेरजिन्स्की (जो गुप्त प्रहरी प्रमुख थिए)को जोडबलमा रुसले मुद्रास्फीति रोक्न 'चेर्भोनेट्स' (रेड गोल्ड क्वाइन्स) जारी गरेको थियो ।

सन् १८७० को दशकको सुरुताका जब मौद्रिक व्यवस्थाको आधारको रूपमा 'गोल्ड स्ट्यान्डर्ड'को उदय भयो, यसले एउटा नयाँ अन्तर्राष्ट्रिय राजनीतिक प्रणालीको सुरुवात गऱ्यो । विध्वंसकारी गृहयुद्धको पृष्ठभूमिमा संयुक्त राज्य अमेरिका, जर्मनी र इटलीलगायत एकपछि अर्को देश आफ्ना मुद्रालाई स्थिरता दिलाउन चाहन्थे । यसबीच, फ्रेन्च-प्रसिया युद्धमा फ्रान्सको पराजयपछि अघिल्लो मौद्रिक मानक चाँदी भने परिदृश्यबाट हट्दै थियो । यसअघि फ्रान्सेलीहरूले सुन र चाँदीको संयुक्त प्रणाली चलाएका भए पनि उनीहरूलाई चाँदीका सिक्कामा युद्धबाट भएको क्षतिको महँगो क्षतिपूर्ति तिर्न बाध्य पारियो । यसले बजारमा चाँदीको बाढी नै आयो र यो धातुको मूल्य धराशयी भयो । र, सुन मात्र बाँकी भयो ।

सन् १८७० को दशकको चाँदीमा आधारित समानान्तर मुद्रा प्रणालीको परित्याग सन् २०२४ को विश्वका लागि एउटा उदाहरण हुन सक्छ । आखिर, डलरको प्रभुत्व समाप्तिका बारेमा जो व्यापक आशंका गरिँदै छ । चाँदीको विमुद्रीकरणको आधुनिक समकक्ष हुनेछ, डलरको विमुद्रीकरण । सन् २०२० यता अमेरिकी सरकारले ठूलो वित्तीय घाटा व्यहोर्दै आएको छ । अब आउने अमेरिकाको नयाँ प्रशासनले विदेशी प्रतिस्पर्धीलाई हराउन र नयाँ अमेरिकी रोजगारी सिर्जनार्थ डलरलाई अवमूल्यनको प्रयास गर्न सक्ने जोखिमलाई ख्याल राख्न र वित्तीय प्रणालीको स्थिरता र डलर प्रतिस्थापनका लागि अमेरिकाका प्रतिद्वन्द्वीहरूले गर्ने प्रयासबारे पनि चिन्ता गर्नुपर्नेछ ।

यसर्थ, सुनमा स्थिरताको खोजी अस्थिर विश्वको एउटा प्रतिक्रिया हो । यसले नयाँ राजनीतिक व्यवस्थाको उदय हुँदै छ भन्ने बढ्दो विश्वासलाई नै प्रतिबिम्बित गर्छ । सांघाईस्थित 'ब्रिक्स बैंक' सिन्थेटिक करेन्सी (डिजिटल प्रकृतिको मुद्रा)को रूपमा डलरको विकल्पको खोजी सक्रिय रूपमा गरिरहेको छ । धेरैभन्दा धेरै देश ब्रिक्स समूहमा सामेल हुने प्रयास गरिरहेका छन् (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका, इजिप्ट इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स) । उनीहरू सिन्थेटिक करेन्सीलाई उन्नाइसौं शताब्दीको उत्तरार्द्धको चाँदीसमान ठान्दै छन् ।

एक शताब्दीअघि, जब द्वितीय विश्वयुद्धपछि विश्व गोल्ड स्ट्यान्डर्डमा फर्किरहेको थियो, जोन मेनार्ड केन्सले यो धातुलाई 'बार्बारिअस रेलिक (हिंसाको प्रतीक)' का रूपमा वर्णन गरेका थिए । किनभने यो द्वन्द्वकालीन मौद्रिक मानक थियो । विश्वमा जब राजनीतिक स्थिरता आउँछ, तब सुनको मूल्य घट्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

सुँगुरको मिर्गौला प्रत्यारोपण गर्ने पहिलो व्यक्तिको मृत्यु



आनुवंशिक रूपमा परिमार्जित सुँगुरको मिर्गौला प्रत्यारोपण गर्ने पहिलो व्यक्तिको मृत्यु भएको छ । ६२ वर्षीय रिचर्ड 'रिक' स्लेम्यानको शल्यक्रिया गरेको दुई महिनापछि मृत्यु भएको अस्पताललले जनाएको हो ।

उनी मार्चमा शल्यक्रिया गर्नुअघि अन्तिम चरणको मिर्गौला रोगबाट पीडित थिए । म्यासाचुसेट्स जनरल अस्पताल (एमजिएच)का अनुसार उनको मृत्यु प्रत्यारोपणको परिणाम हो भन्ने कुनै संकेत छैन । आनुवंशिक रूपमा परिमार्जित सुँगुरबाट अन्य अंगको प्रत्यारोपण विगतमा असफल भएको थियो, तर स्लेम्यानको शल्यक्रियालाई ऐतिहासिक कोसेढुंगा बताइएको थियो ।

मिर्गौला रोगको अतिरिक्त स्लेम्यान टाइप टु मधुमेह र उच्च रक्तचापबाट पनि पीडित थिए । सन् २०१८ मा उनको मानव मिर्गौला प्रत्यारोपण गरिएको थियो । तर, यो पाँच वर्षपछि असफल हुन थालेको थियो । १६ मार्चमा सुँगुरको मिर्गौला प्रत्यारोपणपछि उनका डाक्टरले नयाँ अंगले राम्रोसँग काम गरिरहेको बताउँदै उनलाई अब डायलाइसिसको आवश्यकता नरहेको पुष्टि गरे । 'स्लेम्यानलाई विश्वभरका अनगिन्ती प्रत्यारोपण बिरामीहरूका लागि सधैँ आशाको किरणको रूपमा हेरिनेछ र हामी उहाँको विश्वास र जेनोट्रान्सप्लान्टेसनको क्षेत्रलाई अगाडि बढाउने इच्छाका लागि आभारी छौं,' एमजिएचले एक विज्ञप्तिमा भन्यो । जेनोट्रान्सप्लान्टेसन एक प्रक्रिया हो जहाँ जीवित कोषिका, तन्तु वा अंगलाई एक प्रजातिबाट अर्कोमा प्रत्यारोपण गरिन्छ ।

एमजिएचले उनको आकस्मिक मृत्युमा गहिरो दुःख प्रकट गर्दै उनको परिवारलाई समवेदना प्रकट गरेको छ । स्लेम्यानका आफन्तहरूले उनको कथा प्रेरणादायी भएको बताएका छन् । 'स्लेम्यान यो प्रक्रियाबाट गुज्रनुको एउटा कारण भनेको हजारौं मानिसहरूलाई बाँच्नका लागि प्रत्यारोपण आवश्यक पर्ने आशा प्रदान गर्नु थियो,' उनीहरूले भने, 'उनले त्यो लक्ष्य पूरा गरे र उनको आशा सधैँ रहनेछ ।'

स्लेम्यानले मानवमा प्रत्यारोपण गर्न पहिलो सुँगुरको मिर्गौला प्राप्त गरे पनि यो प्रत्यारोपण प्रक्रियामा प्रयोग हुने पहिलो सुँगुरको अंग भने होइन । दुई अन्य बिरामीले सुँगुरको मुटु प्रत्यारोपण गरेका छन्, तर ती प्रक्रिया असफल भए किनभने प्राप्तकर्ताहरूको केही हप्तापछि मृत्यु भएको थियो । एउटा अवस्थामा बिरामीको प्रतिरक्षा प्रणालीले अंगलाई अस्वीकार गरेको संकेत देखाएको थियो, जुन प्रत्यारोपणमा सामान्य जोखिम हो ।

अमेरिकी स्वास्थ्य विभागको वेबसाइटअनुसार यो वर्षको मार्चसम्म ८९ हजारभन्दा बढी बिरामी राष्ट्रिय मिर्गौला प्रतीक्षा सूचीमा थिए । अंग प्रत्यारोपणको प्रतीक्षामा हरेक दिन औसत १७ जनाको मृत्यु हुने गरेको छ ।

-बिबीसी

इतिहासमा आज



सन् १६४३ : चिलीको राजधानी स्यान्टियागोमा आएको शक्तिशाली भूकम्पमा सहरका झन्डै एकतिहाइ जनसंख्याको मृत्यु भएको थियो ।

सन् १६३८ : मुगल शासकले नयाँदिल्लीमा लालकिल्ला निर्माण सुरु गरे ।

सन् १९५८ : जोर्डन र इराकका राजाले उनीहरूको देश जोडेर 'अरब फेडरेसन' नामक नयाँ मुलुकको स्थापना गरे, जुन एकता इराकी सेनाले देशका राजालाई अपदस्थ गरेकाले ६ महिनामै तोडिएको थियो ।

सन् १९५८ : तत्कालीन अमेरिकी उपराष्ट्रपति रिचर्ड निक्सनको कारकेडमा भेनेजुएलाको काराकासमा आक्रमण । आक्रमणमा निक्सनका कैयौं स्टाफ घाइते भएका थिए ।

सन् १९६७ : भारतका तेस्रा राष्ट्रपतिका रूपमा जाकिर हुसेन निर्वाचित भए । उनी भारतका पहिलो मुस्लिम राष्ट्रपति थिए ।

सन् १९९६ : बंगलादेशमा आएको विषम आँधीबेहरी र चक्रपातमा ६०० भन्दा बढीको मृत्यु भयो ।

सन् १९९८ : भारतले सफलतापूर्वक पहिलो आणविक परीक्षण सम्पन्न गऱ्यो । यो कदम आणविक हतियारको अप्रसार नीतिविरुद्ध भएको भन्दै अमेरिकाले भारतमाथि आर्थिक नाकाबन्दी लगाएको थियो ।

सन् २००१ : इटलीमा सिल्भियो बर्लुस्कोनी नेतृत्वको दक्षिणपन्थी दल 'हाउस अफ फ्रिडम्स'ले संसदीय दलको निर्वाचन जित्यो ।

BALEPHI HYDROPOWER LTD. **Balephi Hydropower Ltd.**
Durbarmarg-1, Kathmandu

Unaudited Financial Statement for the 3rd Quarter
on Chaitra 30, 2080 (12 April, 2024)

Amount in NRs

Particulars	As at Chaitra 30, 2080 (Current Quarter)	As at Poush 29, 2080 (Previous Quarter)	As at Chaitra 30, 2079 (Previous Year)
Assets			
Non-Current Assets			
Property, Plant & Equipment,(Net)	5,301,803	3,423,529	105,652,675
Intangible Assets(Hydropower Project Assets)	8,349,239,672	8,438,112,506	8,534,841,263
Total Non-Current Assets	**8,354,541,475**	**8,441,536,035**	**8,640,493,938**
Current Assets			
Cash & Cash Equivalents	3,554,650	4,030,676	12,030,997
Trade Receivables	128,490,370	160,966,092	61,562,928
Advances & Deposits	49,587,068	20,738,238	4,041,848
Total Current Assets	**181,632,088**	**185,735,006**	**77,635,773**
Total Assets	**8,536,173,563**	**8,627,271,042**	**8,718,129,711**
Equity & Liabilities			
Equity			
Share Capital	1,827,970,000	1,827,970,000	1,827,970,000
Reserve & Surplus	(704,222,494)	(615,997,886)	(330,253,841)
Total Equity	**1,123,747,506**	**1,211,972,114**	**1,497,716,159**
Non Current Liabilities			
Long Term Borrowings	6,703,587,751	6,714,302,751	6,564,745,440
Other Non-Current Liabilities	306,446,860	306,446,860	255,141,997
Total Non Current Liabilities	**7,010,034,612**	**7,020,749,612**	**6,819,887,437**
Current Liabilities			
Sundry Creditors	6,697,050	63,662,029	168,930,728
Short Term Borrowings	279,152,302	230,713,746	181,677,182
Other Payables	116,542,094	100,173,540	49,918,205
Total Current Liabilities	**402,391,446**	**394,549,316**	**400,526,115**
Total Equity & Liabilities	**8,536,173,563**	**8,627,271,042**	**8,718,129,711**

Income Statement for the Period ended 30 Chaitra, 2080 (12 Apr, 2024)

Particulars	Upto Chaitra end (This Quarter)	Upto Poush end (Previous Quarter)	Upto Chaitra end (Previous year)
Revenue From Power Sales	699,048,641	494,729,196	255,295,152
Cost of Sales	(100,825,041)	(80,514,821)	(46,711,438)
Gross Profit	**598,223,600**	**414,214,375**	**208,583,714**
Repair and Maintenance Expenses	(19,754,757)	(15,081,692)	(4,814,326)
Administration Expenses	(26,058,720)	(17,381,863)	(3,491,089)
Profit Before Interest & Depreciation	**552,410,124**	**381,750,820**	**200,278,299**
Finance Cost	(579,545,071)	(403,409,665)	(203,365,387)
Depreciation and Amortisation	(241,384,787)	(158,636,281)	(78,609,314)
Profit / (Loss) Before Tax	(268,519,734)	(180,295,126)	(81,696,402)
Income Taxes			-
Profit / (Loss) After Tax	**(268,519,734)**	**(180,295,126)**	**(81,696,402)**

Notes:

1. Financial Statements
- The financial statement for the third qtr has been published as a part of this report
- Hydropower project assets are amortized over the remaining contractual period as per the Power Purchase Agreement (PPA) of BHL. As per Generation License, life of Upper Balephi Hydropower Project is up to 2108/04/11.
- Annualized earning per share for current year is -19.58, net worth per share is 61.48 and total assets per share is 466.98
- Insurance premium(Rs. 1,30,08,674) paid during previous quarter was mistakenly recorded as advance instead of expense under administrative expenses which has been corrected now.

2. Management Analysis
Any change in the stock, income and liquidity during the quarter and reason for change, if any:
- Stocks are kept sufficient for the normal and efficient operation of the plant. Total of 69,90,48,640.64 has been generated in revenue upto Chaitra 30. Cost of sales upto this quarter consists of 3,78,18,412.37 charged by NEA as a penalty for Short supply charged by NEA has been expensed on prudent basis during upto this quarter. An application for the refund of the same has been submitted to NEA and the application is under review. Liquididy has been maintained sufficient for the day to day operation of the company.

Management analysis on upcoming business plan
- Currently, the management does not intend to invest in other companies or projects.

Analytical statement on the possible effect on company's profitability, stock and cash flow based on past experiences
- The Company plans to issue right shares, for which final approval has been granted by the ERC. The decision to enhance capital and issue right shares at a ratio of 1:1 has been passed through the AGM and is under process for approval by SEBON, which is expected to ease the cash flow of the company.

3. Legal Processing
- During the period no legal cases were raised or pending against and by the company.

4. Share Transaction of the Company
- During the quarter share of the company has been actively traded under script name "BHL". Share prices has been determined by the open market operation.

Maximum Price	Minimum Price	Closing Price	Transaction days	Total Transaction	Traded Volume	Turnover
394	290	350	58	13,864	1,483,097	518,018,651

5. Problem & Challenges
Internal Challenges
- Retention of skilled human resources.
- To maintain operational efficiency.

External Challenges
- Frequent changes in Interest Rate.
- Loss due to a natural disaster –flood, earthquake, drought, force majeure issue, etc
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.

6. Declaration
- I, the chairman of this company take responsibility for the accuracy of the information and details mentioned in this report for the period up to the third quarter of F.Y 2080/81. I, hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge and the information necessary for taking informed decision by the investors are not concealed.

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८१/०१/३१

यस बैंकको शाखा कार्यालय राजविराज, सप्तरीबाट तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

तपसिल

१.ऋणीको नाम र ठेगाना

बौकाई बहरखेरको नाती, बच्चा लाल बहरखेरको छोरा, गोईठी गा.वि.स./ न.पा./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला तिरहुत गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०३, बस्ने **रवेन्द्र कुमार यादव** (ना.प्र.नं.१६२०४५/२८५, जारी मिति २०६८/०७/०३, जिल्ला सप्तरी)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. पदुम बहरखेर यादव को नाती, बौकाई बहरखेर यादवको छोरा, गोईठी गा.वि.स./ न.पा./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला तिरहुत गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०३, बस्ने **बच्चा लाल बहरखेर यादव** (ना.प्र.नं. ४०८४, जारी मिति २०४६/०३/११, जिल्ला सप्तरी)

२. मनिक लाल मगररैतको छोरा, बच्चा लाल बहरखेर यादवको पत्नी, गोईठी गा.वि.स./ न.पा./उ.म.न.पा. वडा नं.०५, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला तिरहुत गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०३, बस्ने **जसोधा देवी** (ना.प्र.नं. ५६३४३४४४, जारी मिति २०४४/१२/१७, जिल्ला सप्तरी)

२.ऋणीको नाम र ठेगाना

थारु मण्डलको नाती, मुसहरु मण्डलको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा./उ.म.न.पा. वडा नं.०७, बस्ने **बुधराम मण्डल** (ना.प्र.नं.४६६५, जारी मिति २०५८/०९/११, जिल्ला सप्तरी)

जमानीकताको नाम र ठेगाना

कुमार मण्डलको छोरी, बुधराम मण्डलको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०७, बस्ने **रन्जु कुमारी मण्डल** (ना.प्र.नं. १६१००१/७०५३, जारी मिति २०७०/०३/२६, जिल्ला सप्तरी)

३.ऋणीको नाम र ठेगाना

अनुप लाल यादवको नाती, सत्य नारायण यादवको छोरा, जमुनी मधेपुरा गा.वि.स/उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **तेज नारायण यादव** (ना.प्र.नं. ५९२४४२०४, जारी मिति २०५०/०८/०३, जिल्ला सप्तरी)

जमानीकताहरुको नाम र ठेगाना

१. अनिरुद्ध प्रसाद यादवको छोरी, तेज नारायण यादवको पत्नी, सोनमती मझौरा गा.वि.स./उ.म.न.पा. वडा नं.०३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **सुनिता कुमारी यादव** (ना.प्र.नं. ४५३, जारी मिति २०६२/१०/०२, जिल्ला सिरहा)

२. आनन्द कुमार यादवको छोरी, मिथलेश यादवको पत्नी, वरही बिरपुर गा.वि.स./उ.म.न.पा. वडा नं.०१, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **रंजु यादव** (ना.प्र.नं. १६१०४८/२१८, जारी मिति २०६६/०२/२६, जिल्ला सप्तरी)

३. अनुप लाल यादवको नाती, सत्य नारायण यादवको छोरा, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **मिथलेश यादव** (ना.प्र.नं. ४१७९, जारी मिति २०५६/०४/१२, जिल्ला सप्तरी)

४. असर्फि यादवको छोरी, सत्य नारायण यादवको पत्नी, जमुनी मधेपुरा गा.वि.स./उ.म.न.पा. वडा नं.०८, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **शान्ती वति यादव** (ना.प्र.नं. ८११६२०५२, जारी मिति २०४४/१०/२८, जिल्ला सप्तरी)

४.ऋणीको नाम र ठेगाना

बनबाली साह सोनारको नाती, सत्य नारायण साहको छोरा, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा./उ.म.न.पा. वडा नं.०४, बस्ने **भरत कुमार स्वर्णकार** (ना.प्र.न. १६७६०८/४३१२ जारी मिति २०४५/०२/०८, जिल्ला सप्तरी)

जमानीकर्ताको नाम र ठेगाना

सहदेव साहको छोरी, भरत कुमार साहको पत्नी, राजविराज न.पा./उ.म.न.पा. वडा नं.०३, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०४, बस्ने **मुनि देवी साह** (ना.प्र.नं.६०३, जारी मिति २०५०/०८/०८, जिल्ला सप्तरी)

५.ऋणीको नाम र ठेगाना

गेना लाल यादवको नाती, मुसहरु यादवको छोरा, रायपुर गा.वि.स/उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा./उ.म.न.पा. वडा नं.०१, बस्ने **देव नारायण यादव** (ना.प्र.न. ७९०३०४०२, जारी मिति २०४३/११/०८, जिल्ला सप्तरी)

जमानीकताहरुको नाम र ठेगाना

१. सुवा लाल यादवको छोरी, देव नारायण यादवको पत्नी, रायपुर गा.वि.स./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा.वडा नं. ०१, बस्ने श्रीमति **अनार देवी यादव** (ना.प्र.न.७९०३०४०३, जारी मिति २०४३/११/०८, जिल्ला सप्तरी)

२. भुपेन्द्र प्रसाद यादवको छोरी, इन्द्र नारायण यादवको पत्नी, विषहरिया गा.वि.स./उ.म.न.पा. वडा नं.०७, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०१, बस्ने **मिना यादव** (ना.प्र.न.४४४९, जारी मिति २०६१/०४/०६, जिल्ला सप्तरी)

३. मुसहरु यादवको नाती, देव नारायण यादवको छोरा, रायपुर गा.वि.स./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०१, बस्ने **इन्द्र नारायण यादव** (ना.प्र.न.४००८, जारी मिति २०५६/०४/१०, जिल्ला सप्तरी)

४. मुसहरु यादवको नाती, देव नारायण यादवको छोरा, रायपुर गा.वि.स./उ.म.न.पा. वडा नं.०६, स्थाई ठेगाना भई हाल सप्तरी जिल्ला रुपनी गा.पा. वडा नं. ०१, बस्ने **चन्द्र नारायण यादव** (ना.प्र.न.३७०, जारी मिति २०५१/१०/०९, जिल्ला सप्तरी)

Citizens Bank
मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर

म्याद थपको सूचना

मिति २०८१/१/३१

यस केन्द्रको मिति २०८०/१२/१० गते शनिबारका दिन नयाँ पत्रिका दैनिकमा धानको श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचनामा बीउको बिक्रि वितरण सफ्टवेयरमा प्रविष्ट गर्ने अन्तिम मिति म्याद थप गरि २०८१ जेष्ठ १४ गते सोमबारसम्म कायम गरिएको सम्बन्धित सबैमा सूचित गरिन्छ ।

Samriddhi Finance
Partnership for Prosperity

समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड केन्द्रिय कार्यालय: हेटौंडा ९, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
E-mail: info@sfcl.com.np, Website: www.sfcl.com.np

कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०१/३१

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लेखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको यस वित्तिय संस्थालाई समय–समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि भुक्तान गर्न आउन तपाईलाई पटक-पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र वित्तिय संस्थामा उपस्थिति हुनु भई तपाई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को व्याज तथा दै-दस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनु हुन सूचित गरिन्छ । अन्यथा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धीत ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

ऋणी तथा धितोको विवरण	कर्जा शिर्षक	व्यक्तिगत जमानी दिनेको विवरण
नामः लाल कुमारी नेपाली बुवाः हिरे सार्की पतिः राजु नेपाली ससुराः मन बहादुर सार्की स्थायी ठेगानाः तनहुँ जिल्ला जामुने गा.वि.स.०९ अस्थायी ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ४३३००४/५०१ जारी जिल्ला/मितिः तनहुँ/२०६३/११/१२ **धितो विवरणः** श्रीमती लाल कुमारी नेपालीको नाममा मालपोत कार्यालय, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला गुणादी गा.वि.स. वडा नं. ५ सीट नं. ५ ख कि.नं. ६५१ र ६४९, क्षे.फ. ०-२-२-३ र ०-१-१-१ (रोपनी) ।	महिला उद्यमशिल कर्जा, पोखरा	**नामः राजु नेपाली** बाजेः घिरिङ सार्की बाबुः मन बहादुर सार्की स्थायी ठेगानाः तनहुँ जिल्ला म्यागदे गा.पा.वडा नं.१ अस्थायी ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ८०८६३ जारी जिल्ला/मितिः तनहुँ/२०६२/०२/१६ **नामः समीर नेपाली** बाजेः मन बहादुर सार्की बाबुः राजु नेपाली स्थायी ठेगानाः तनहुँ जिल्ला म्यागदे गा.पा.वडा नं.१ अस्थायी ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ४३-०१-७७-०७१७९ जारी जिल्ला/मितिः तनहुँ/२०७७/१२/१० **नामः सरिता नेपाली** बाजेः मन बहादुर सार्की बाबुः राजु नेपाली स्थायी ठेगानाः तनहुँ जिल्ला म्यागदे गा.पा.वडा नं.१ अस्थायी ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ४३-०१-७७-०७१७८ जारी जिल्ला/मितिः तनहुँ/२०७७/१२/१०
नामः सवनम वानु पतिः फिरोज हुसेन ससुराः रहिम बक्स मिया स्थायी ठेगानाः काठमाण्डौं जिल्ला का.म.न.पा. १७ हालको ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.वडा नं.८ ना.प्र.नं. २४८५२, जि.प्र.का. काठमाण्डौं जारी मितिः २०६२/०७/२९	महिला उद्यमशिल कर्जा, पोखरा	**नामः सदाकत अलि मिया** बाजेः नुर मोहम्मद मिया बुवाः ल्याकत लि मिर्याँ स्थायी ठेगानाः कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१३ अस्थायी ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ४६१००१/१६२४६ जारी जिल्ला/मितिः कास्की/२०६८/०४/०६ **नामः फिरोज हुसेन** बाजेः हुसेन बकस मिया बाबुः रहिम बकस मिया स्थायी ठेगानाः चितवन जिल्ला रत्ननगर गा.वि.स. वडा नं. २ हालको ठेगानाः कास्की जिल्ला पोखरा म.न.पा.०८ नागरिकता नं: ८३४२/०६२, जिल्ला चितवन, २०६२/०१/०९
नामः सबिना थापा बाबु : रेशम बहादुर थापा पतिः कमल थापा स्थायी ठेगानाः शुक्लागण्डकी न.पा १२ तनहुँ हालको ठेगानाः पोखरा म.न.पा १७ कास्की ना.प्र.नं: २३४०, जारी जिल्ला/मितिः तनहुँ , २०६१/०५/१६	महिला उद्यमशिल कर्जा, पोखरा	**नामः कमल थापा** बाबुः ललित बहादुर थापा स्थायी ठेगानाः फिरफिरे गा.वि.स ०९ हालको ठेगानाः पोखरा म.न.पा १७ कास्की न.प्र.नः ४३३०३८/२१५ जिल्लाः तनहुँ, जारी मितीः २०६३/१०/०४ नामः ललित बहादुर थापा बाबुः फत्त बहादुर थापा स्थायी ठेगानाः शुक्लागण्डकी न.पा १२ तनहुँ हालको ठेगानाः शुक्लागण्डकी न.पा २ तनहुँ न.प्र.नः १७१९४ जिल्लाः तनहुँ, जारी मितीः २०५२/१०/२९
नामः सरस्वती श्रेष्ठ बाजेः हिरा लाल श्रेष्ठ बाबुः देव लाल श्रेष्ठ स्थायी ठेगानाः रामग्राम न.पा ०५ नवलपरासी हालको ठेगानाः पोखरा म.न.पा ११ कास्की ना.प्र.नं: १०९२, जारी जिल्ला/मितिः नवलपरासी, २०४७/०७/११	महिला उद्यमशिल कर्जा, पोखरा	**नामः बिष्णु माया बस्तोला** ससुराः दाता राम बस्तोला पतीः भक्ती प्रसाद बस्तोला स्थायी ठेगानाः पोखरा म.न.पा ११ कास्की हालको ठेगानाः पोखरा म.न.पा ११ कास्की ना.प्र.नः ६८७ जारी जिल्ला/मितीः २०४७/०२/२९
नामः राम भक्त एग्रो फार्म प्रा.लि. दर्ता नं: २६५३८६।०७८।०७९ पान नं.: ६१००३०७०१ ठेगानाः तिलोत्तमा न.पा.वडा नं.०६, रुपन्देही **धितोको विवरणः** राम भक्त एग्रो फर्म प्रा.लिको नाममा जग्गाधनी श्रेष्ता कायम रहेको रुपनदेही जिल्ला, केरवानी -०५, कि.नं. ४६७ क्षे.फ. ०-१-०.....१ ऐ.ऐ. कि.नं. २८१ क्षे.फ. ०-१३-११.....१ ऐ.ऐ. कि.नं. ४६८ क्षे.फ. ०-९-१९.५.....१ (बि.क.धु)	व्यवसाय कर्जा	**नामः राम भक्त भण्डारी** बाजेः रविलाल भण्डारी बुवाः मित्रलाल भण्डारी ना.प्र.नं. ८४४२ जारी मिति /जिल्लाः २०५९/०७/०७, स्याङ्जा स्थायी ठेगानाः कुवाकोट-४, स्याङ्जा अस्थायी ठेगानाः तिलोत्तमा न.पा.वडा नं.०६, रुपन्देही **नामः वेद प्रसाद कुवंर** बाजेः टिकाराम कुवंर बुवाः कुल बहादुर कुवंर ना.प्र.नं. १४५११ जारी मिति /जिल्लाः २०६०/११/०५, स्याङ्जा स्थायी ठेगानाः पिडिखोला गा.वि.स.वडा नं.१ स्याङ्जा अस्थायी ठेगानाः तिलोत्तमा न.पा.वडा नं.०३, रुपन्देही **नामः नुमकला पराजुली** पतिः राम भक्त भण्डारी ससुराः मित्रलाल भण्डारी ना.प्र.नं.:४२२०४६/३७९ जारी जिल्ला/मितिः स्याङ्जा, २०६३/११/०७ स्थायी ठेगानाः थुमपोखरा गा.वि.स. वडा नं.०५, स्याङ्जा। हालको ठेगानाः तिलोत्तमा न.पा.वडा नं.६, रुपन्देही । **नामः सुभाखर तिवारी** बाबुः भविस्वर तिवारी बाजेः छविलाल तिवारी ना.प्र.नं.: ३९९० जारी जिल्ला/मितिः स्याङ्जा, २०४४।१२।०४ स्थायी ठेगानाः सिर्सेकोट गा.वि.स. वडा नं.८,स्याङ्जा । हालको ठेगानाः तिलोत्तमा न.पा. वडा नं.०६, रुपन्देही ।

ताप्लेजुङ पर्यटन महोत्सवको तयारी तीव्र

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

हिमाली जिल्ला ताप्लेजुङमा हुने 'ताप्लेजुङ पर्यटन महोत्सव'को तयारी तीव्र पारिएको छ । शनिबार पत्रकार सम्मेलन गरी आगामी ३ देखि ७ जेठसम्म पर्यटक प्रवर्द्धनार्थ सञ्चालन हुने महोत्सवको तयारी तीव्र पारिएको महोत्सव सञ्चालन समितिका अध्यक्ष, संयोजक तथा जिल्ला समन्वय समितिका प्रमुख छिरिङ लामाले बताए ।

जिल्ला तथा नेपालकै प्रसिद्ध तीर्थस्थल पाथीभरा, कञ्चजंघा, फुङफुङेलगायत पर्यटकीय स्थानको प्रचार-प्रसार तथा पहिचानका लागि पनि महोत्सवको अयोजना गरिएको लामाको भनाइ छ । ०६३ सालदेखि सञ्चालन भएको पाथीभरा म्याराथन तथा पर्यटन महोत्सव



कोरोनाका कारण बीचमा दुई वर्षसम्म हुन सकेन । यस वर्ष पनि सोहीअनुसार म्याराथन हुने भएको सञ्चालक समितिका सदस्यसचिव देवराज गुरुङले जानकारी दिए । महोत्सवमा कृषिमेला प्रदर्शनी, औद्योगिक हस्तकला, खाद्य परिकार महोत्सव, अन्तरपालिकास्तरीय चौथो मेयर कप भलिबल प्रतियोगिता, डोको क्यारी रन पुरुष प्रतियोगिता, टपरी बन्ने प्रतियोगिता, डोको बन्ने प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, लोक सांस्कृतिक कार्यक्रम गरिने आयोजक समितिका संयोजक लामाले बताए । त्यस्तै, म्याराथन दौड तथा हाफ महिला म्याराथन दौडसमेत हुने बताइएको छ ।

पाथीभरा म्याराथन, पर्यटन महोत्सव तथा विभिन्न कार्यक्रमका लागि करिब ८० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको गुरुङले बताए । पर्यटन मन्त्रालय र पर्यटन बोर्डबाट २० लाख रुपैयाँ बजेट माग गरिएको र बाँकी रकम विभिन्न दाताबाट जुटाइने लामाले बताए ।

(Government of Nepal (GoN)
Ministry of Health & Population
Sushil Koirala Prakhar Cancer Hospital
Khajura Banke

Bid amendmend has been Published for this Tender
SKPCH/GOODS/05/080/081
with More Kidly visit https://www.bolpatra.gov.np/egp

Bids Must be valid for a period of **90 days**. from the date of bid opening and must be accompanied by a bid security minimum of **NRS.174585/-,** which shall be valid for 30 days beyond the validity period of the bid(at least 120 days from the date of opening).

Synergy Power Development Ltd.
Baluwatar, Kathmandu

Unaudited Financial Statement
As on 2080.12.30 (12.04.2024)

Statement of Financial Position — In NPR

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Assets			
Non - Current Assets			
Plant, Properties and Equipment	40,478,749.02	31,505,687.06	31,738,042.68
Intangible Assets	1,100,815,543.25	1,110,214,573.43	1,130,499,484.36
Investments	442,744,000.00	442,744,000.00	310,000,000.00
WIP - Singati Sub-Station	711,936.85	-	-
Total Non Current Assets	**1,584,750,229.12**	**1,584,464,260.49**	**1,472,237,527.03**
Current Assets			
Loan, Advance and Deposits	18,786,840.35	21,230,037.63	15,848,330.83
Cash & Bank Balance	3,670,595.98	20,802,742.49	2,814,004.00
Trade and other receivables	63,659,710.17	75,462,224.47	69,625,356.38
Total Current Assets	**86,117,146.50**	**117,495,004.59**	**88,287,691.21**
Total Application of Fund	**1,670,867,375.62**	**1,701,959,265.08**	**1,560,525,218.25**
Equity			
Share Capital	1,209,862,500.00	1,209,862,500.00	806,575,000.00
Other Equity	26,565,902.94	26,565,902.94	-
Reserve and Surplus	99,827,451.20	112,470,717.68	75,776,643.73
Total Equity	**1,336,255,854.14**	**1,348,899,120.62**	**882,351,643.73**
Non Current Liabilities			
Secured Loan	284,495,733.12	293,093,968.12	626,401,866.75
Total Non Current Liabilities	**284,495,733.12**	**293,093,968.12**	**626,401,866.75**
Current Liabilities			
Trade and Other Payable	14,765,511.11	19,947,687.68	22,655,731.93
Provision	5,350,277.25	10,018,488.66	4,044,254.08
Overdraft	30,000,000.00	30,000,000.00	25,071,721.76
Total Current Liabilities	**50,115,788.36**	**59,966,176.34**	**51,771,707.77**
Total Equity and Liabilities	**1,670,867,375.62**	**1,701,959,265.08**	**1,560,525,218.25**

Statement of Profit & Loss and Other Comprehensive Income — In NPR

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Electricty Sales	130,469,410.01	120,692,418.00	153,826,362.40
Interest Income	351,039.76	313,534.60	11,274.31
Other Income	-	-	
Gross Income	**130,820,449.77**	**121,005,952.60**	**153,837,636.71**
Project Expenses	3,508,067.53	2,647,615.00	9,305,510.57
Administrative and General Expenditure	9,417,424.44	6,672,281.99	6,119,662.03
Personnel Expenses	16,050,986.36	11,410,780.36	16,545,383.57
Insurance and Royalty	6,398,939.03	6,199,925.67	7,973,822.24
Depreciation of Fixed Assets	1,551,504.96	337,854.92	774,314.25
Amortization of Intangible Assets	28,197,090.53	18,798,060.35	28,957,436.60
Finance Expenses	38,142,509.07	30,074,028.57	57,286,786.81
Total Administration and other Expenses	**103,266,521.92**	**76,140,546.86**	**126,962,916.08**
Profit before Staff Bonus	**27,553,927.85**	**44,865,405.74**	**26,874,720.63**
Staff Bonus	535,027.73	871,172.93	521,839.24
CSR	267,513.86	435,586.46	260,919.62
Profit Before Taxes	**26,751,386.26**	**43,558,646.35**	**26,091,961.78**
Current Taxes	4,547,735.66	8,711,729.27	3,261,495.22
Deferred Tax (Income)/Expenses	-	-	-
Profit After Taxes	**22,203,650.60**	**34,846,917.08**	**22,830,466.56**
Add:- Previous year adjustment	-	-	-
Add:- Reserve and Surplus from previous yea	77,623,800.60	77,623,800.60	52,946,177.17
Add : Add Back From writeoff			
Less:- Dividend	-	-	-
Profit/(Loss) transferred to Balance Sheet	**99,827,451.20**	**112,470,717.68**	**75,776,643.73**

Notes :
1. Previous year's figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current year's classification/disclosure.
2. The unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority .

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (अनुसूची – १४ को नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण :**

क) आ.व. २०८०/०८१ को तेस्रो त्रैमासिक अवधिको व्यवस्थापन द्वारा तयार गरिएको अपरिस्कृत वित्तीय विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ ।

ख) उक्त वासलातको आधारमा कम्पनीका प्रमुख वित्तिय अनुपात निम्नानुसार छ ।

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	२.४५	तरलता अनुपात	१.७२
प्रति शेयर नेटवर्थ	११०.४५	बजार मूल्य प्रति शेयर	२३५
मुल्य आम्दानी अनुपात	९६.०४	कुल सम्पतीको प्रतिशेयर मुल्य	१३८.०५

२) **व्यवसायिक विश्लेषण :**

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलतामा उल्लेखनिय परिवर्तन छैन् तर मानविय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (कावु बाहिर) को असर सदा रहिरहने छ।

(ख) यस कम्पनीले प्रवर्द्धन गरको सिप्रिड खोला जलविद्युत आयोजना नेपाल विद्युत प्राधिकरणको निर्देशन बमोजिम सञ्चालन गर्दा पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिएको कारण विद्युत बिक्री आम्दानी घट्न गएको छ ।

(ग) यस कम्पनीले सोलुखुम्बु जिल्लामा निर्माण हुने मध्य होङ्कु खोला "ए" जलविद्युत आयोजना (२२ मे.वा.) को प्रवर्द्धक कम्पनी एपेक्स मकालु हाइड्रो पावर लिमिटेडमा ४० प्रतिशत स्वपूँजी लगानी गर्ने प्रतिवद्धता बमोजिम रू ४४,२७,४४,०००/- लगानी गरेको छ । उक्त आयोजना निर्माणाधिन अवस्थामा रहेको छ ।

३) **कानूनी कारवाही सम्बन्धि विवरण :**

यस त्रैमासिक आवधिमा कम्पनीले अन्य कसैका विरुद्ध तथा अन्य कसैले यस कम्पनी विरुद्ध कानूनी कारवाही नभएको र यसका संस्थापक/सञ्चालक विरुद्ध पनि कानूनी कारवाही नभएको ।

४) **संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :**

यस कम्पनीको धितोपत्रको यस त्रैमासिक अवधिको कारोवारको विवरण यस प्रकार रहेको छ ।
(नेपाल स्टक एक्सचेन्जको वेवसाइटका अनुसार)

शेयरको अधिकतम मूल्य (रू)	शेयरको न्यूनतम मूल्य (रू)	अन्तिम मूल्य (रू)	कारोबार भएको दिन	कारोबार सख्या	कुल कारोबार रकम (रू)
२९९.८०	२२९.१०	२३५	५८	१६,२५९	१,२५,३४,३३,६३७/-

५) **समस्या र चुनौती :**

कम्पनीमा आई पर्ने अन्य समस्या तथा चुनौती समाधानका उपायहरुका बारेमा सञ्चालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति अवलम्बन गर्ने गरेको छ ।

६) **संस्थागत सुशासन :**

नियमनकारी निकायहरुबाट जारी गरिएका सुशासन सम्बन्धी व्यवस्थाहरु पूर्ण रुपमा पालना गरिएको छ । संस्थाको दिगो विकासका लागि संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा सचालक समिति प्रतिवद्ध रहेको छ ।

७) **सत्य, तथ्य र पूर्णता सम्बन्धमा प्रबन्ध निर्देशकको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाईएको छैन् भन्ने कुरामा म विश्वस्त छु ।

खाँदबारीका ६१ कृषकलाई हातेट्याक्टर र टनेल वितरण

संखुवासभा/ संखुवासभाको खाँदबारी नगरपालिका-१० का ६१ जना कृषकलाई हातेट्याक्टर (मिनिटिलर) र प्लास्टिक टनेल वितरण गरिएको छ । आइतबार एक कार्यक्रमबीच १० नम्बर वडाभित्रका कृषकलाई वडाले हातेट्याक्टर र प्लास्टिक टनेल वितरण गरेको हो । चालू आर्थिक वर्ष ०८०/८१ को वडास्तरीय योजनामार्फत कृषकलाई ती सामग्री वितरण गरिएको वडाध्यक्ष बेदबहादुर चौहानले बताए । उनले वडाभित्रका कृषकको माग प्रस्ताव आह्वान गरी वस्तुस्थितिका आधारमा वडाले कृषक छनोट गरेको बताए ।

वडावासीलाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ प्रविधिमैत्री हातेट्याक्टर र टनेल वितरण गरिएको वडाध्यक्ष चौहानको भनाइ छ । 'वडाको अनुदान प्रदान गरिएका कृषकले घर-घर र करेसाबारीमा नै पुगेर नियमित अनुगमन गर्छौं । वडाको अनुदानको दुरुपयोग नहोस् भन्ने हाम्रो अनुरोध छ,' वडाध्यक्ष चौहानले भने । चालू आवमा वडाबाट विनियोजित चार लाख ५० हजार र कृषक लागत सहभागिता चार लाख गरी कुल आठ लाख ५० हजार बजेटबाट सामान खरिद गरी वितरण गरिएको वडासचिव डिल्ली सुवेदीले बताए । उनले हातेट्याक्टरमा ५० प्रतिशत र प्लास्टिक टनेलमा ६० प्रतिशत अनुदान प्रदान गरिएको जानकारी दिए । हातेट्याक्टरतर्फ ११ जना कृषक र प्लास्टिक टनेलतर्फ ५० जना कृषक छनोटमा परेको वडासचिव सुवेदीको भनाइ छ ।

१० नम्बर वडाले कृषकलक्षित कार्यक्रम गरेको भन्दै खाँदबारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत निर्माणकुमार कार्कीले खुसी व्यक्त गरे । उनले अन्य वडाहरूले पनि यस्तो राम्रो कार्यक्रमको सिकाइ गर्न अनुरोध गर्दै सामानको दुरुपयोग नगरी लाभ लिन आग्रह गरे । टनेलमा बाह्रै महिना तरकारी खेती गर्न सकिने भएकाले गाउँ-गाउँमा प्लास्टिक टनेलको माग बढेको छ । त्यसैगरी, पछिल्लो समय गोरु पाल्नुभन्दा हातेट्याक्टरतर्फ कृषकहरूको आकर्षण बढेको पाइएको छ । धेरैजसो कृषकहरूले मलका लागि गाई पाल्ने र जोत्नका लागि हातेट्याक्टर चलाउने गरेको कृषकहरूको भनाइ छ ।

सन्तोष शाहको 'मिथिला थाली' झम्सिखेलमा



काठमाडौं/ मिथिला परिकार र संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित सेफ सन्तोष शाहले ललितपुरको झम्सिखेलमा 'मिथिला थाली' सञ्चालनमा ल्याएका छन् । करिब ५० लाख रुपैयाँ लगानीमा दाइ दिलीप र सेफ लक्ष्मणसँगको सहकार्यमा उनले मिथिला थाली रेस्टुरेन्ट सञ्चालनमा ल्याएका हुन् । शाहले गत वर्ष ६ जेठमा जनकपुरमा मिथिला थाली सञ्चालनमा ल्याएका थिए । त्यसको ठीक एक वर्षपछि झम्सिखेलमा पनि मिथिला थाली सुरु गरेको उनले बताए । उनले भने, 'मिथिला खाना तथा कला-संस्कृतिको प्रवर्द्धनका लागि मिथिला थाली सञ्चालनमा ल्याइएको हो ।' आफूले बाल्यकालदेखि नै मिथिला संस्कृति र खानपानमा रमाएको सम्झँदै अहिले यसको प्रवर्द्धनका लागि जुटेको उनको भनाइ थियो ।

मिथिला थालीअन्तर्गत चोखा, भात, घिउ रोटी, तरुवा, तिलौरी, सलादलगायत डेढ दर्जन भेराइटीको संयोजन गरेका छन् । यो रेस्टुराँमा जनकपुरको तावा माछा पनि पाइन्छ । मिथिला थालीको झम्सिखेलमा साढे पाँच सय र जनकपुरमा तीन सय रुपैयाँ पर्ने दिलीपले बताए । रेस्टुराँलाई विभिन्न प्रकारका मिथिला आर्टले सजाइएको छ ।

नेपाल राष्ट्र बैंकबाट 'ज' वर्गको इजाजतपत्रप्राप्त वाणिज्य स्तरको वित्तीय संस्था
Progressive Finance Limited
प्रोग्रेसिभ फाइनान्स लिमिटेड

Corporate Office
Tinkune, Kathmandu-32
Tel. No.: 01-5199664, 01-5199665
P.O.Box: 10390
Email : info@pfltd.com.np
www.pfltd.com.np

SCHEDULE OF INTEREST RATE
Interest rates effective from 2081/02/01 (14 May, 2024)

Fixed Deposit	Interest Rate p.a. (Quarterly/Monthly)	
Period	**Individual**	**Institutional**
3 Months	7.50%	-
6 Months	7.65 %	6.65%
9 Months	7.75 %	6.75%
12 Months to 23 Months	8.00 %	7.00%
24 Months & Above	8.50 %	7.50%

Recurring Fixed Deposit	
Period	**Interest Rate p.a. (Quarterly Payment)**
6 Months to 2 years	8.25% *
Above 2 years - 5 years	8.50 % *

Integrated Fixed Recurring Deposit (IFRD)	**8.50%**

***Additional 1% will be provided on remittance FD.**

Saving Deposit	5.50 % to 7.50 % *	
Call Account	Upto 2.25 %	Rs.5000 (Min. Bal)

* Conditions Apply

Loan and Advances	Interest Rate p.a.
Auto/Hire Purchase/Real Estate Personal/Share/Educational Home/Personal Guarantee Loan Unified Agriculture Personal/SME Unified Agriculture Business and Others	Base Rate + Premium Upto 3%
Deprived Sector (Wholesale, Retail**)	Base Rate + premium upto 2%
Subsidy Loan	As defined by NRB
FD Receipt Loan	Upto 2 % on Coupon Rate
Consortium Loan	As per Consortium Decision
Fixed Rate to all Loans (For the first 5 years)	13.50 %

Average Base Rate : 12.29 %

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ३१ वैशाख ०८८१

चैतमा चालू आर्थिक वर्षकै न्यून महँगीदर

राष्ट्र बैंकले मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेकोमा चैतमा ४.६१ प्रतिशतमा खुम्चिएको छ

पवन तिमिल्सिना/नयाँ पत्रिका


चैतमा महँगीदर (मुद्रास्फीति) ४.६१ प्रतिशत कायम भएको छ। यो चालू आर्थिक वर्षकै न्यूनदर रहेको नेपाल राष्ट्र बैंकको तथ्यांक छ। आर्थिक गतिविधि चलायमान हुन नसक्दा मुद्रास्फीति संकुचित बन्दै गइरहेको अर्थशास्त्रीहरूको विश्लेषण छ।

चालू आर्थिक वर्षको मौद्रिक नीतिले मुद्रास्फीति ६.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेको छ। तर, मुद्रास्फीति लक्षित सीमाभन्दा ज्यादै न्यूनदरमा रहने देखिएको छ। निर्माण र उत्पादनशील क्षेत्र मन्दीमा गइरहेका वेलामा मुद्रास्फीति संकुचित बन्दै जानु चिन्ताको विषय बनेको अर्थशास्त्री प्राध्यापक डा. पुष्कर बज्राचार्यको भनाइ छ। उनले भने, 'वस्तु तथा सेवाको माग बढ्न नसकेर महँगीदर संकुचित बनेको हो। यो उत्पादन बढेर देखिएको सुधार होइन। अहिलेको संकुचित मुद्रास्फीतिले अर्थतन्त्रको शिथिलतालाई चित्रण गरेको छ।'

नेपालको प्रमुख व्यापारिक साझेदार भारतमा पनि मुद्रास्फीति निरन्तर संकुचनमा गइरहेको छ। यसको असर नेपाली बजारमा देखिएको हो। फागुनमा भारतको मुद्रास्फीति ४.८५ प्रतिशत पुगेको थियो। गत साउनमा भारतको मुद्रास्फीति ६.८३ प्रतिशत थियो। सोही समयमा नेपालको मुद्रास्फीति ७.५२ प्रतिशत थियो।

विगतमा केन्द्रीय बैंकले विदेशी केन्द्रीय बैंकहरूको नीति अनुसरण गर्दै मुद्रास्फीति नियन्त्रणमा राख्न कर्जाको ब्याजदर बढाउने नीति लियो। नीतिगत दरलाई ८.५ प्रतिशतसम्म पुऱ्यायो। त्यसको असर अहिले अर्थतन्त्रमा देखिएको प्रा.डा. बज्राचार्यको विश्लेषण छ।

गत साउनसम्म वाणिज्य बैंकहरूको आधार दर १०.४८ प्रतिशत पुगेकोमा अहिले घटेर ८.५१ प्रतिशतमा सीमित भएको छ। यद्यपि, अर्थतन्त्रलाई चलायमान बनाउन यस्तो दर ७ प्रतिशतसम्म झर्नुपर्ने बज्राचार्यको भनाइ छ। केन्द्रीय बैंकले मुद्रास्फीति, आर्थिक स्थायित्व र आर्थिक वृद्धिदरलाई सन्तुलनमा राख्नुपर्ने भए पनि मुद्रास्फीति नियन्त्रणमा मात्रै ध्यान दिँदा अर्थतन्त्र शिथिल बनेको उनको भनाइ छ।





अर्थशास्त्री प्राध्यापक डा. पुष्कर बज्राचार्य भन्छन्-

वस्तु तथा सेवाको माग बढ्न नसकेर महँगीदर संकुचित बनेको हो। यो उत्पादन बढेर देखिएको सुधार होइन। अहिलेको संकुचित मुद्रास्फीतिले अर्थतन्त्रको शिथिलतालाई चित्रण गरेको छ।

चैतमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मरमसला २२.६४ प्रतिशत, तरकारीको १६.९९ प्रतिशत, दाल तथा गेडागुडीको १०.९४ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ७.५९ प्रतिशत र गैरमदिराजन्य पेय पदार्थको ६.०६ प्रतिशतले मूल्य बढेको छ। त्यसबाहेक घिउ तथा तेलको मूल्य सूचकांक १०.१० प्रतिशतले घटेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत मनोरञ्जन तथा संस्कृतिको १२.६१ प्रतिशत र शिक्षाको ७.३१ प्रतिश तले बढेको छ। यातायात उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकांक ०.३३ प्रतिशतले घटेको छ।

मुद्रास्फीति घट्नुमा आन्तरिकभन्दा बाह्य कारण बढी हाबी भएको बैंकिङ क्षेत्रका जानकार पर्शुराम कुँवरको विश्लेषण छ। उनले भने, 'मुद्रास्फीति दर घट्नुमा अन्तर्राष्ट्रिय कारण हो। भारतलगायतका अन्य देशमा पनि घटिरहेकै छ। आउँदो सेप्टेम्बरदेखि अमेरिकाले ब्याजदर घटाउँछ कि भन्ने अनुमान छ। अहिलेको महँगीदर घट्नुको मूल कारण अन्तर्राष्ट्रिय हो।'

अन्तर्राष्ट्रिय बजारमा ०७९ चैत मसान्तमा प्रतिब्यारल अमेरिकी डलर ८६.५१ रहेको कच्चा पेट्रोलियम पदार्थको मूल्य ०८० चैत मसान्तमा आइपुग्दा ७.६ प्रतिशतले बढेर ९३.१२ पुगेको छ। त्यसैगरी, अन्तर्राष्ट्रिय बजारमा ०७९ चैत मसान्तमा प्रतिऔंस सुनको मूल्य अमेरिकी डलर दुई हजार ४८ दशमलव ४५ रहेकोमा ०८० चैत मसान्तमा १७.२ प्रतिशतले वृद्धि भई अमेरिकी डलर दुई हजार चार सय एक दशमलव ५० पुगेको छ।

■ शोधनान्तर बचत दोब्बर

शोधनान्तर स्थिति बचतमा जाने क्रम बढ्दै जाँदा गत आर्थिक वर्षको तुलनामा दोब्बरले वृद्धि भएको छ। गत आर्थिक वर्षको नौ महिनामा शोधनान्तर स्थिति एक खर्ब ७४ अर्ब २८ करोडले बचतमा थियो। चालू आवको सोही अवधिमा यो बढेर तीन खर्ब ६५ अर्ब १६ करोडले बचतमा पुगेको छ। देशबाट बाहिरिने रकमको तुलनामा भित्रिने रकम बढी हुँदा शोधनान्तर स्थिति बचतमा गएको हो।

त्यस्तै, चालू खाता एक खर्ब ७९ अर्ब ४८ करोडले बचतमा पुगेको छ। पोहोर यही अवधिमा चालू खाता ६० अर्ब ४३ करोडले घाटामा थियो।

रेमिट्यान्स आप्रवाह १९.८ प्रतिशतले वृद्धि भएर १० खर्ब ८२ अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स २४.२ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा रेमिट्यान्स १७.७ प्रतिशतले बढेर आठ अर्ब १५ करोड पुगेको छ।

देशमा भित्रिने प्रत्यक्ष विदेशी लगानी र देशबाट बाहिरिने लाभांशको समष्टिको सूचक प्रत्यक्ष वैदेशिक लगानी यस अवधिमा ६ अर्ब ४८ करोडले धनात्मक छ। पोहोर यही अवधिमा यो सूचक दुई अर्ब ६२ करोडले धनात्मक थियो।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

■ वैदेशिक व्यापार संकुचन दर घट्न थाल्यो

केन्द्रीय बैंकका अनुसार तुलनात्मक रूपमा वैदेशिक व्यापार घट्दै जाने रफ्तारमा कमी आउन थालेको छ। पोहोरको तुलनामा वैदेशिक व्यापार घटे पनि गिरावट दरमा भने कमी आइरहेको छ।

आर्थिक वर्ष ०८०/८१ को नौ महिनामा कुल वस्तु निर्यात ३.७ प्रतिशतले कमी आएर एक खर्ब १३ अर्ब ९५ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा २६.३ प्रतिशतले कमी आएको थियो। यसरी हेर्दा निर्यातको गिरावट दरमा कमी आइरहेको छ। त्यस्तै, कुल वस्तु आयात २.८ प्रतिशतले कमी आई ११ खर्ब ६७ अर्ब ३७ करोडकायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १८.१ प्रतिशतले कमी आएको थियो।

पूर्वबैंकर कुँवरका अनुसार खानेतेलको आयात-निर्यातलाई हटाएर हेर्दा वैदेशिक व्यापार बढेको छ। उनले भने, 'भारतले खानेतेलको आयातलाई निरुत्साहित पार्ने नीति लिएकाले यस्तो भएको हो। खानेतेलबाहेकका वस्तुको आयात-निर्यात बढेकै छ।'

त्यस्तै, आयातीत वस्तुमा पुँजीगत वस्तुको आयात बढ्नु अर्को सुखद पक्ष रहेको उनको भनाइ छ। समीक्षा अवधिमा भएको कुल आयातमा मध्यवर्ती वस्तुको अनुपात ४९.२ प्रतिशत, पुँजीगत वस्तुको ९.१ प्रतिशत तथा अन्तिम उपभोग्य वस्तुको अनुपात ४१.७ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिमा यी अनुपातहरू क्रमशः ५३.३ प्रतिशत, ८.३ प्रतिशत र ३८.३ प्रतिशत थिए।

■ विदेशी मुद्राको सञ्चिति १२.५ महिनाको आयात धान्न पुग्ने

नौ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५ महिनाको वस्तु आयात र १२.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको केन्द्रीय बैंकले जनाएको छ।

०८० असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २४.२ प्रतिशतले वृद्धि भई ०८० चैत मसान्तमा १९ खर्ब ११ अर्ब ८६ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति २२.७ प्रतिशतले वृद्धि भएको हो। चैत मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१.६ प्रतिशत छ।

विश्व रेकर्ड राख्दै, आफैं तोड्दै

कामिरिता चढे २९औंपटक सगरमाथा

नयाँ पत्रिका

कीर्तिमानी आरोही कामिरिता शेर्पाले आइतबार फेरि सगरमाथा चुचुरोमा नयाँ रेकर्ड कायम गरेका छन्। उनले २९औंपटक सगरमाथाको चुचुरो चुमेर आफ्नै पुरानो रेकर्ड तोडेर नयाँ विश्व रेकर्ड बनाएका हुन्।



५४ वर्षीय आरोही कामिरिताले बिहान ७:२५ बजे सगरमाथाको सफल आरोहण गरेको सेभेन समिट ट्रेक्सले जनाएको छ। उनी सेभेन समिट ट्रेक्समा वरिष्ठ गाइडका रूपमा कार्यरत छन्। उनले आरोही टोलीलाई लिएर सगरमाथा चुचुरोमा पुगेका सेभेन समिट ट्रेक्सका अध्यक्ष मिङ्गमा शेर्पाले बताए। सेभेन समिट ट्रेक्सबाट मात्रै आइतबार करिब २० जनाले आरोहण गरेको कम्पनीले जनाएको छ।

> सन् २०१९ र सन् २०२३ मा एउटै सिजनमा दुईपटक सगरमाथा चुचुरोमा पुगेको रेकर्ड पनि कामिरिताकै नाममा छ

यसअघि सबैभन्दा धेरै सगरमाथा आरोहण गर्ने रेकर्ड (२८औंपटक) कामिरिताकै नाममा थियो। गत वर्ष उनले एउटै सिजनमा दुईपटक सगरमाथा चुचुरो पुगेका थिए। अर्का नेपाली गाइड पासाङ दावा शेर्पाको नाममा २७औंपटक सगरमाथा चढेको रेकर्ड छ। गत वर्ष पासाङले पनि एकै सिजनमा दुईपटक सगरमाथा चढेर रेकर्ड बराबरी बनाएपछि कामिरिता फेरि चुचुरो पुगेका थिए। यो सिजनमा कामिरिताले दोस्रोपटक सगरमाथा आरोहण गर्छन् वा गर्दैनन् अझै यकिन भइनसकेको सेभेन समिटका अध्यक्ष शेर्पाले बताए। आठ हजार मिटरभन्दा अग्ला हिमालहरू सबैभन्दा धेरैपटक आरोहण गरेको रेकर्ड पनि उनकै नाममा छ। उनले सगरमाथा, केटु, चोयु, ल्होत्से, मनास्लुलगायत शिखरहरू यस वर्षसहित ४१ पटक आरोहण गरेको बताइन्छ।

१७ जनवरी १९७० मा सोलुखुम्बुको थामेमा जन्मिएका कामिरिता उमेरले ५४ पुगिसकेका छन्। तर, हिमाल चढ्ने हुटहुटी उस्तै छ। उनले पहिलोपटक १३ मे १९९४ मा सगरमाथाको चुचुरो चुमेका थिए, त्यो वर्ष उनी २४ वर्षका थिए। त्यसयता सन् १९९६, २००१, २०११, २०१४, २०१५ र २०२० मा बाहेक सबै वर्ष सगरमाथाको शिखरमा पुगेका छन्। सन् २०१५ मा भूकम्पका कारण र सन् २०२० मा कोभिड महामारीका कारण एउटै आरोहण भएको थिएन। उनले सन् २०१९ र सन् २०२३ मा एउटै सिजनमा दुईपटक सगरमाथा चुचुरोमा पुगेको रेकर्ड छ।

सेभेन समिट ट्रेक्सका अनुसार सन् १९९२ मा सगरमाथा आरोहण अभियानमा सपोर्ट स्टाफ सदस्यका रूपमा कामिरिताको पर्वतारोहण यात्रा सुरु भएको थियो। उनले आइसफल डाक्टरका रूपमा चुचुरोसम्म रोप फिक्सिडको (बाटो बनाउने) काम पनि गरिसकेका छन्। रोप फिक्सिडको नेतृत्व गर्दा उनले एउटै याममा दुईपटकसम्म चुचुरो चुमेका रेकर्ड छन्। उनलाई पेसाले नै धेरैपटक सर्वोच्च शिखर चढाएर कीर्तिमानी आरोहीका रूपमा स्थापित गरेको हो।

गत वर्षको एक भेटमा उनले भनेका थिए, 'मलाई घरपरिवारले हिमाल आरोहणबाट विश्राम लिन आग्रह गरिरहेका छन्, तर म हिमालबाट टाढा रहनै सक्दिनँ।' हिमाल चढेर रेकर्ड राख्नेभन्दा पनि हिमाल आरोहणलाई जीवितै राख्न आफूले विश्राम नलिएको उनको भनाइ थियो। अनुभवी र कीर्तिमानी गाइड भएकै कारण कतिपय आरोहीले उनीसँगै चुचुरोमा पुग्ने चाहना राख्छन्। उनले भनेका थिए, 'जति अनुभवी गाइड हुन्छ, आरोहीमा त्यति धेरै कन्फिडेन्स हुने रहेछ, उनीहरूलाई सजिलै सगरमाथा चढ्ने आत्मविश्वास जाग्ने रहेछ।'

काठमाडौं उपत्यकाका उद्योग अन्यत्र सार्नुपर्छ : मन्त्री भण्डारी

नयाँ पत्रिका

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले काठमाडौं उपत्यकाका उद्योगहरूलाई बाहिर सार्नुपर्ने बताएका छन्। आइतबार मन्त्रालयमा ग्रिल तथा स्टिल व्यवसायी महासंघ नेपालको ज्ञापनपत्र बुझ्दै उनले उपत्यकाको सौन्दर्यताका लागि सकेसम्म काठमाडौंका उद्योगलाई बाहिर सार्नुपर्ने बताएका हुन्। 'विकसित मुलुकमा सहरी क्षेत्रभन्दा टाढा छुट्टै स्थानमा उद्योग निर्माण गरिएका हुन्छन्, हामीकहाँ पनि सुरक्षित ठाउँमा औद्योगिक क्षेत्र निर्धारण गरेर त्यहाँ उद्योग निर्माण गर्नुपर्छ,' उनले भने। क्षेत्र निर्धारण गरेर उद्योगका लागि चाहिने आवश्यक पूर्वाधार निर्माण गर्न सरकारको जिम्मेवारी भएको उनले बताए।



अन्य मुलुकबाट कच्चा पदार्थ ल्याएर प्रतिस्पर्धा गर्न नसकिने उल्लेख गर्दै उनले यहाँ उत्पादन हुने वस्तुको बजार माग बढाउन विदेशी सामग्री प्रतिस्थापन गर्नुपर्नेमा जोड दिए। महासंघका अध्यक्ष ठूलोबाबु श्रेष्ठको नेतृत्वको टोलीसित मन्त्री भण्डारीले नेपालमा उत्पादन हुने सामग्री विदेशबाट आयात गर्दा भन्सार महसुल बढाउनुपर्ने धारणा राखे।

उद्योग मन्त्रालयले भन्सार महसुल बढाउने विषयमा अर्थ मन्त्रालयसित समन्वय गर्ने प्रतिबद्धता जनाउँदै उनले व्यवसायीलाई अर्थ मन्त्रालयको ध्यानाकर्षण गराउन आग्रह गरे।

साथै, मन्त्री भण्डारीले ग्रिल व्यवसायीलाई नयाँ प्रविधिमा आधारित विभिन्न सीप तथा तालिमका लागि मन्त्रालयबाट सहयोग रहने प्रतिबद्धता जनाए। महासंघले ग्रिल तथा स्टिल व्यवसायलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्ने वातावरण बनाइदिनुपर्नेलगायत विभिन्न सात बुँदासहितको ज्ञापनपत्र बुझाएको छ।

सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसी चोक, सप्तरी
मधेश प्रदेश, नेपाल
फोन. ०३१-५५००१९

कृषि औजार तथा उपकरण आपूर्तिसम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथमपटक प्रकाशित मिति : २०८१/०१/३१ गते)

यस सप्तकोशी नगरपालिकाका लागि तपसिलबमोजिम कृषि औजार तथा उपकरण आपूर्तिका लागि शिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले रितपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। तोकिएको म्यादभित्र कानुनी प्रक्रिया पूरा गरेका इच्छुक फर्म, सप्लायर्स तथा कम्पनीले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट **https://www.bolpatra.gov.np** मा गई विद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता गर्न हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि यस सप्तकोशी नगरपालिकाको सूचनापाटी, वेवसाइट **https://www.saptakoshimun.gov.np** तथा कार्यालय समयभित्र यस कार्यालयको कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ।

तपसिल

सि.नं.	ठेक्का नं.	विवरण	लागत अनुमान रु. (मू.अ.करसहित)	दरभाउपत्र दस्तुर रु	दरभाउपत्र जमानत रकम रु.	कै
1.	SM/Agricultural Machinery Equipment/080/81–1	Supplying And Delivery of Agricultural Machinery Equipment.	1987276.30	1000.00	50000.00	

प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक

प्रोटिन बेट (Protien Bait) खरिद कार्यसम्बन्धी दरभाउपत्र आव्हानको सूचना

दरभाउपत्र संकेत नं.: *SQ/PB//03/2080/2081*

(दोस्रोपटक सूचना प्रकाशित मिति : २०८१/०१/३१ गते)

पनौती नगरपालिकाभित्र अमिलाजातका फलफूलअन्तर्गत व्यवसायिक रूपमा सुन्तला खेती हुने र औसा किराको प्रकोप भएकाले औसा किरा नियन्त्रण गरी सुन्तलाको उत्पादन बढाउन प्रोटिन बेट गराउने प्रयोजनका लागि आवश्यक तपशिलमा उल्लेखित परिमाणको प्रोटिन बेट दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएको हुँदा उक्त कार्यका लागि इजाजत प्राप्त उद्योग, फर्म, कम्पनी तथा आपूर्तिकर्ताहरूबाट निम्न शर्तहरूको परिधिभित्र रही *e-bidding* वा सिलबन्दी गरी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू

१. प्रथमपटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनको मध्यान्ह १२:०० बजे भित्र रु.१०००।- अक्षरेपी एक हजार मात्र (फिर्ता नहुने गरी) देहाएको बैंक खातामा राजस्व जम्मा गरी दरभाउपत्र फाराम विद्युतीय प्रणाली (e-bidding) मार्फत खरिद गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दाखिला गरी सक्नुपर्नेछ। साथै सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म दरभाउपत्रदाताको हकमा यो सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र यस कार्यालयमा लिखित निवेदन दिई संस्था दर्ता/अद्यावधिक नवीकरणको कागजात, आ.व.२०७९।८० को करचुक्ता प्रमाणपत्र, स्था.ले.नं. प्रमाणपत्र, फर्म/संस्था कालोसूचीमा नपरेको स्वघोषणाका साथै विषादी पञ्जीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी दरभाउपत्र फाराम खरिद गरी सक्नुपर्नेछ।

दरभाउपत्र फाराम दस्तुरबापत रकम जम्मा गर्ने खाताको नाम र विवरण :

कार्यालयको नाम : पनौती नगरपालिकाको कार्यालय
बैंकको नाम : नेपाल बैंक लि., पनौती शाखा
राजस्व जम्मा गर्ने बैंक खाता नं : ०९००३०००००१००१०००००१
राजस्व शीर्षक नं. : १४२१९
राजस्व शीर्षक : अन्य सेवा शुल्क तथा बिक्री

२. विद्युतीय प्रणाली (e-bidding) र सिलबन्दी दरभाउपत्र मार्फत रितपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरू सोही दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र फाराम खोल्न कुनै बाधा पर्नेछैन।

३. दरभाउपत्रदातालेदरभाउसाथ पनौती नगर कार्यपालिकाको नाममा सञ्चालित नेपाल बैंक लिमिटेड, पनौती शाखामा रहेको धरौटी हि.नं.०९००३०००००३०००००००१ मा तपसिलमा उल्लेख भएबमोजिमको जमानत रकम जम्मा गरी सो को भौचर वा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको पक्षमा जारी दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको बैंक बिडबण्ड संलग्न गर्नुपर्नेछ।

४. दरभाउपत्रसम्बन्धी अन्य शर्तहरू दरभाउपत्र कागजातमा उल्लेख भएबमोजिम हुनेछ।

५. आपूर्ति गरिने प्रोटिन बेट प्रयोग गर्न सकिने अवधि कम्तीमा उत्पादित मितिबाट १ (एक) वर्ष अवधि भएको हुनुपर्नेछ।

६. खरिद गरिने प्रोटिन बेट कार्यालयसम्म ढुवानी गर्ने जिम्मेवारी आपूर्तिकर्ताको हुनेछ।

७. यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानुनबमोजिम हुनेछ।

९. आपूर्ति गर्नुपर्ने सामाग्रीसम्बन्धी संक्षिप्त विवरण देहाएबमोजिम रहेको छ :

क्र.सं.	विवरण	स्पेशिफिकेशन	परिमाण	आवश्यक जमानत रकम	कैफियत
१.	प्रोटिन बेट	हाइड्रोलाइज्ड प्रोटिन २५% + एबामेक्टिन ०.१%)	७४० लिटर प्याकेट	५०,०००।- (अक्षरेपी पचास हजार मात्र)	

विद्यार्थीलाई सांग्रिला डेभलपमेन्टको शैक्षिक सामग्री वितरण

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले बालुवाटार-४, काठमाडौंस्थित महेन्द्र राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीलाई स्कुल ब्याग वितरण गरेको छ। बैंकले वित्तीय शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेसँगै विद्यालयमा अध्ययनरत कक्षा आठ र नौका विद्यार्थीलाई दुई-दुई सय थान स्कुल ब्याग, कापी र कलम वितरण गरेको जनाएको छ।

सूर्यकुण्ड हाइड्रोको आइपिओ निष्कासनमा कुमारी क्यापिटल



काठमाडौं/ सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणमा प्रारम्भिक सेयर निष्कासन (आइपिओ) जारी गर्ने भएको छ। कम्पनीले आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकमा कुमारी क्यापिटल लिमिटेड नियुक्त गरेको छ।

कम्पनीले प्रतिसेयर १०० रुपैयाँ अंकित दरमा १३ लाख ७९ हजार तीन सय ५० कित्ता आइपिओ जारी गर्न लागेको जनाएको छ। उक्त सम्झौतापत्रमा हाइड्रोका सञ्चालक समिति अध्यक्ष सतिश न्यौपाने तथा कुमारी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरे।

अपि पावर कम्पनी लिमिटेडको मुख्य लगानी रहेको हाइड्रोले नुवाकोट जिल्लाको घ्याङफेदीमा ११ मेगावाट क्षमताको माथिल्लो तादी खोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

आयोजनाको निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भइसकेको कम्पनीले जनाएको छ। यस कम्पनीमा अपि पावर कम्पनी लिमिटेडको बहुमत सेयर लगानी रहेको बताइएको छ।

त्यस्तै, आगामी १० महिनाभित्र आयोजना सञ्चालनमा ल्याउने कम्पनीले जनाएको छ। यस आयोजनाबाट उत्पादित विद्युत् शक्ति ३३ केभी डबल सर्किट ट्रान्समिसन लाइनमार्फत आठ किलोमिटर लामो समुद्रटार सबस्टेसनमा जडान गरिने कम्पनीले जनाएको छ।

१५ वर्षभन्दा बढी सेवा गर्ने कर्मचारीलाई ज्योति विकास बैंकको सम्मान



काठमाडौं/ ज्योति विकास बैंकले लामो समयसम्म सेवारत कर्मचारीलाई सम्मान गरेको छ। बैंकको उद्देश्य र ध्येयप्राप्तिमा १५ वर्षसम्म अनवरत सेवा गरेका कर्मचारीलाई सम्मान गरेको हो ।

बैंकको केन्द्रीय कार्यालयमा आयोजित सम्मान कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले कर्मचारीलाई सम्मानित गर्नुका साथै कर्मचारीको जीवन बिमा परिपक्वताको रकम पनि हस्तान्तरण गरे। सम्मानित हुने कर्मचारीमा विकास रानाभाट, प्रमिला केसी, जमुना रिसाल, अनिता राई र होमकुमारी बस्नेत छन्।

कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत ढकालले १५ वर्ष अनवरत सेवा गर्ने कर्मचारीप्रति कृतज्ञता ज्ञापन गरे। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम गर्दै आइरहेको छ। नागरिकको सर्वोत्तम हितलाई प्राथमिकतामा राख्दै हालसालै शारीरिक रूपले भिन्न रूपमा सक्षम १५ जनालाई कृत्रिम हात प्रदान गरेको जनाएको छ।

समृद्धि फाइनान्सले गऱ्यो विद्यार्थीलाई स्टेसनरी वितरण

काठमाडौं/ समृद्धि फाइनान्सले कसाह शाखा र खरेन्द्रपुर शाखाबाट स्टेसनरी सामग्री वितरण गरेको छ। फाइनान्सले कसाह चियाबारीस्थित श्री आधारभूत विद्यालयका ३० जना र खरेन्द्रपुर दकहियास्थित श्री राष्ट्रिय आधारभूत विद्यालयका ३० जना विपन्न वर्गका जेहेनदार विद्यार्थीलाई कापी र कलम वितरण गरेको हो।

फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खरेन्द्रपुर शाखाले शिवराज नगरपालिकाका मेयर अजय थापा र कसाह शाखाले वडाध्यक्ष रामभरोश यादवको अध्यक्षतामा सम्पन्न गरेको हो। संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत हरेक महिनाका लागि फरक-फरक कार्यक्रम तय गरेको र आउने महिनाका लागि विभिन्न मितिमा अन्य कार्यक्रम आयोजना गर्ने तालिका रहेको जनाएको छ।

NEPAL WAREHOUSING COMPANY LTD.

E-mail: info@nwcl.com.np, Website- www.nwcl.com.np
सम्पर्क न.: ०१-४११७९६१

Statement of Financial Position
As of 30 Chaitra 2080 (14 Apr, 2024)

Amount in NPR.

Particulars	As of End of Chaitra 2080	As of End of Poush 2080	As of End of Ashwin 2080	As of 31st Ashadh 2080 (16 July 2023)
ASSETS				
Non-current assets				
Property, plant and equipment	576,414,309	590,752,727	605,888,843	605,888,843
Capital work in Progress	777,238,841	783,695,377	775,099,051	768,449,918
Intangible assets	9,247,744	9,247,744	9,247,744	9,247,744
Right of Use Assets	-	-	-	-
Deferred tax asset	20,158,231	20,158,231	20,158,231	20,158,231
Total Non-Current Assets	**1,383,059,124**	**1,403,854,078**	**1,410,393,869**	**1,403,744,736**
Current assets				
Financial assets				
Trade Receivables	4,767,380	8,608,038	2,235,173	2,775,173
Cash & cash equivalents	3,025,317	206,356	4,272,717	2,100,467
Bank balances other than (ii) above	15,000	15,000	15,000	15,000
Current tax assets	295,789	84,955	84,955	84,955
Other current assets	134,002,519	138,849,600	137,093,000	99,898,402
Total Current Assets	**142,106,005**	**147,763,949**	**143,700,845**	**104,873,997**
Total Assets	**1,525,165,130**	**1,551,618,027**	**1,554,094,714**	**1,508,618,733**
EQUITY AND LIABILITIES				
Equity				
Equity share capital	687,500,000	687,500,000	550,000,000	550,000,000
Advance towards Share Capital	30,000,000	-	-	-
Other equity	(200,909,357)	(152,735,423)	(110,673,831)	(60,614,312)
Total Equity	**516,590,643**	**534,764,577**	**439,326,169**	**489,385,688**
Liabilities:				
Non-current liabilities :				
Financial liabilities				
Borrowings	925,750,813	931,057,065	1,032,722,565	924,187,065
Total Non-Current Liabilities	**925,750,813**	**931,057,065**	**1,032,722,565**	**924,187,065**
Current liabilities				
Financial liabilities				
Trade payables	**15,774,994**	**11,592,494**	**13,360,442**	**17,360,442**
Other financial liabilities	64,292,882	71,448,094	65,929,741	74,929,741
Provisions	2,755,797	2,755,797	2,755,797	2,755,797
Total Current Liabilities	**82,823,674**	**85,796,385**	**82,045,980**	**95,045,980**
Total Liabilities	**1,008,574,487**	**1,016,853,450**	**1,114,768,545**	**1,019,233,045**
Total Equity & Liabilities	**1,525,165,130**	**1,551,618,027**	**1,554,094,714**	**1,508,618,733**

The accompanying notes are an integral part of these Financial Statements.

Statement of Profit or Loss and Other Comprehensive Income
For the period ended on 30 Chaitra 2080 (14 April 2024)

Amount in NPR.

	Upto 30 Chaitra 2080	Upto 29 Poush 2080	Upto 30 Ashwin 2080	FY 2079-80
Income				
Revenue from operation	6,323,288.47	6,610,365	902,497	2,698,955
Other income	313,001	7,000	6,000	547,058
Total income	**6,636,289**	**6,617,365**	**908,497**	**3,246,013**
Expenses				
Direct Operating Expenses	1,832,927	1,413,839	257,062	6,008,028
Employee benefits	11,209,109	7,366,002	3,285,962	12,514,692
Finance costs	82,030,110	61,427,975	33,296,263	8,094,283
Depreciaton and amortization expense	33,436,107	15,136,117	1,000,000	10,529,010
Other expenses	18,423,082	13,394,544	13,128,729	7,150,221
Total expenses	**146,931,335**	**98,738,476**	**50,968,016**	**44,296,234**
Profit/ (Loss) before Tax	**(140,295,045)**	**(92,121,111)**	**(50,059,519)**	**(41,050,221)**
Current Tax	-	-	-	-
Deferred Tax Income (Expense)	-	-	-	11,140,847
Net Profit/(Loss) after Tax	**(140,295,045)**	**(92,121,111)**	**(50,059,519)**	**(29,909,374)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४ नियम २६ को उपनियम (१) संग सम्बन्धित आ. व. २०८०।०८१ को तेस्रो त्रैमासिक अवधिको विवरण

१. विवरण :

क) यस कम्पनीको तेस्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण र प्रमुख वित्तीय अनुपातहरु यसै साथ संरलन गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	प्रति शेयर बजार मुल्य (रु.)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ (रु.)
(२२.१७)	७५०	(३३.८४)	७५.१

२. व्यवस्थापकीय विश्लेषण :

(क) तेस्रो त्रैमासिक अवधिमा कम्पनीको कारोबार यथावत रहेको छ।

(ख) गँहु र मकै उत्पादनको सिजन आगामी, जेठ र असार महिनाबाट शुरु हुने भएकाले सो सिजनबाट कारोबारमा वृद्धि हुने देखिएको छ।

३. कानूनी कारबाही सम्बन्धी विवरण:

(क) त्रैमासिक अवधिमा कम्पनीको वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो सूचना समेत प्राप्त भएको छैन।

(ख) कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस कम्पनीको शेयरको बजार मुल्य निर्धारण गर्ने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

ख) यस कम्पनीको त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मुल्य (रु)	न्युनतम मुल्य (रु)	अन्तिम मुल्य (रु)	कारोबार भएको कुल दिन	कारोबार भएको सेयर संख्या
९५७.४०	६९९	७५०	५९	११,३३,५८५

५. समस्या तथा चुनौती:

(क) मुलुकको राजनितिक अस्थिरता तथा समग्र आर्थिक क्षेत्रमा परेको असरले औधोगिक उत्पादकत्व कमी आउदा भण्डारणमा पनि प्रत्यक्ष प्रभाव परेको छ।

(ख) नयाँ प्रकृतिको व्यवसायिक कारोबार भएकाले ग्राहकलाई व्यवसायका बारेमा सम्पूर्ण रुपमा बुझाउन केहि थप समय लाग्ने देखिएको छ।

(ग) व्यवसायमा आर्थिक मन्दि भएका कारणले ठुलो परिमाणमा अन्न खरिद गरेर भण्डारण गर्न चाहने व्यापारी व्यवसायीले ठुलो परिमाणमा अन्न खरिद गर्न सकिरहेको देखिएको छैन।

६. संस्थागत सुशासन:

कम्पनीको संस्थागत सुशासन कायम राख्न सञ्चालक समिति र कम्पनी व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। सोहि अनुरुप, वर्तमान अवस्थामा संचालक समिति लगायत अन्य गठित समितिहरुसंग समन्वय गर्दै आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाउन कम्पनी प्रतिवद्ध रहेको छ। साथै कम्पनीले प्रचलित कानुन, नीतिनियम, निर्देशनहरु एवम बाह्य लेखापरिक्षणको सुझाव अवलम्वन गरि कार्य अगाडि बढाइरहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

नबिल बैंक लिमिटेड, विरगंज (जीतपुर) शाखा, पर्साको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०१/३१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृत पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण**

राम योगेश्वर प्रसाद महतो कोइरीकी छोरी, अरुण कुमार महतोकी बुहारी, रमेश कुमार महतोकी श्रीमती, बारा जिल्ला उतर भिटकैया गा.वि.स वडा नं ५ बस्ने, ना.प्र.नं. २५७६/२३७० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. बारा (जारी मिति: २०६१/०४/१८) भएकी कविता कुमारी कुश्वाहा।

व्यक्तिगत जमानतकर्ताको विवरण

१.थापा महतो कोइरीको नाती, रधुबिर महतो कोइरीको छोरा, बारा जिल्ला उतर भिटकैया गा.वि.स. वडा नं ५ बस्ने, नागरिकता नं. ६६७/४१००१११९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०२९/०६/२३ भएको राम योगेश्वर प्रसाद महतो कोइरी।

२.जिपच्च महतोको नाती, अरुण कुमार महतोको छोरा, सिराहा जिल्ला श.मिचैंया गा.वि.स वडा नं ७ स्थायी घर भई हाल पर्सा जिल्ला बिरगंज उ.म.न.पा वडा नं २ बस्ने, नागरिकता नं. १५३०९०/८५६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सिरहा, मिति : वि.सं. २०६३/१२/१६ भएको रमेश कुमार महतो।

धितोको विवरण

बारा जिल्ला उतर भिटकैया गा.वि.स वडा नं ५ बस्ने, श्रीमती कविता कुमारी कुश्वाहा को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला नगवा वि गा.वि.स वडा नं. २ सिट नं २ मा अवस्थित कि.नं. २९५७ क्षेत्रफल ०-०-५ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२ **ऋणीको नाम र ठेगानाको विवरण**

मन्सी सा तेलीकी छोरी, कालीचरण साह तेलीकी बुहारी, मिश्रीलाल सा तेलीकी श्रीमती, बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, ना.प्र.नं. ३३-०१-७५-००३८४ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. बारा (जारी मिति: २०७५/०१/१६) भएकी लालपरी देवी तेलीन तथा कालिचरण सा तेलीको नाती, मिश्रीलाल सा तेलीको छोरा, बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, नागरिकता नं. ४१३/३६३९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०५२/०२/२३ भएको राजेन्द्र प्रसाद तेली ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. कालिचरण सा तेलीको नाती, मिश्रीलाल सा तेलीको छोरा, बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, नागरिकता नं. ३४५५/२५८०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०६१/०९/०५ भएका हरिन्द्र साह।

२. कालिचरण सा तेलीको नाती, मिश्रीलाल सा तेलीका छोरा, बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, नागरिकता नं. ३४५६/२५८१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०६१/०९/०५ भएको चिरंजिवी साह तेली।

३. चन्दुर सा तेलीको नाती, कालिचरण सा तेलीको छोरा, बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, नागरिकता नं. १८३/७४६७०३२८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०३८/०१/०१ भएको मिश्रीलाल सा तेली।

धितोको विवरण

बारा जिल्ला प्रसौनी गा.पा वडा नं १ बस्ने, लालपरी देवी तेलीन को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला प्रसौनी गा.पा वडा नं ८ मा अवस्थित कि.नं. ३१७ क्षेत्रफल ०-२-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३ **ऋणीको नाम र ठेगानाको विवरण**

मोहरम मिया धोबीको नाती, गुल महमद मिया धोबीको छोरा, बारा जिल्ला प्रसौनी गा.पा वडा नं ६ बस्ने, नागरिकता नं. ७८७/७४६७१३११, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०३५/०१/१७ भएको कुमदिन मिया धोबी ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. गुल महमद मिया धोबीको नाती, कुमदिन मिया धोबीको छोरा, बारा जिल्ला प्रसौनी गा.वि.स वडा नं १ बस्ने, नागरिकता नं. ३३१०८४/५८२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०६५/०१/१२ भएको महमद असलम हवारी ।

२. गुल महमद मिया धोबीको नाती, कुमदिन मिया धोबीको छोरा, बारा जिल्ला प्रसौनी गा.वि.स वडा नं १ बस्ने, नागरिकता नं. ३३१०४२/२८२५१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: बारा, मिति : वि.सं. २०६९/०४/२२ भएको महमद इसलाम हवारी।

३. रहिम मियाँ धोबीकी छोरी, कुमदिन मिया धोबीकी बुहारी, महमद असलम हवारीकी श्रीमती, बारा जिल्ला प्रसौनी गा.वि.स वडा नं १ बस्ने, ना.प्र.नं. ३३१०८४/४१५७१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. बारा (जारी मिति: २०७०/०६/२२) भएकी ताजबुन खातुन ।

धितोको विवरण

बारा जिल्ला प्रसौनी गा.पा वडा नं ६ बस्ने, कुमदिन मिया धोबी को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला प्रसौनी गा.पा वडा नं ६ मा अवस्थित कि.नं. ७५५ क्षेत्रफल ०-०-७-१२ विघा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४ **ऋणीको नाम र ठेगानाको विवरण**

बन्धु महतो नुनियाको नाती, विसनाथ महतो नुनियाको छोरा, पर्सा जिल्ला वीरगंज न.पा वडा नं ३ बस्ने, नागरिकता नं. १६०३२७४१९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, मिति : वि.सं. २०५८/०१/२० भएको दिपेन्द्र महतो नुनिया।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. बन्धु महतो नुनियाको नाती, विसनाथ महतो नुनियाको छोरा, पर्सा जिल्ला वीरगंज उ.म.न.पा वडा नं ३ बस्ने, नागरिकता नं. ३४-०१-६९-०५५०६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, मिति : वि.सं. २०६९/११/०२ भएको राजु महतो नुनिया।

२. अनरजित महतो नुनियाको नाती, बन्धु महतो नुनियाको छोरा, पर्सा जिल्ला वीरगंज न.पा वडा नं ३ बस्ने, नागरिकता नं. १६०३०२४७९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, मिति : वि.सं. २०३३/११/२३ भएको विसनाथ महतो नुनीया ।

३. गोपे महतो नुनियाकी छोरी, विसनाथ महतो नुनियाकी बुहारी, राजु महतो नुनियाकी श्रीमती, वीरगंज उ.म.न.पा वडा नं २ बस्ने, ना.प्र.नं. ३४-०१-७२-०८२९६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. पर्सा (जारी मिति: २०७२/१२/३०) भएकी पुजा कुमारी ।

४. दश महतो नुनियाकी छोरी, बन्धु महतो नुनियाकी बुहारी, विसनाथ महतो नुनियाकी श्रीमती, बारा जिल्ला रामपुर गा.वि.स वडा नं ३ स्थायी घर भई वीरगंज उ.म.न.पा वडा नं ३ बस्ने, ना.प्र.नं. १६०३२४४१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. पर्सा (जारी मिति: २०५५/०२/०५) भएकी लखिया देवी नुनियाईन ।

५. गोपे महतो नुनियाकी छोरी, विसनाथ महतो नुनियाकी बुहारी, दिपेन्द्र महतो नुनियाकी श्रीमती, पर्सा जिल्ला वीर गंज उ.म.न.पा वडा नं ३ बस्ने, ना.प्र.नं. ३४१०२२/९३२१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. पर्सा (जारी मिति: २०६६/१२/३१) भएकी श्रीमती देवी।

धितोको विवरण

१. पर्सा जिल्ला वीरगंज न.पा वडा नं ३ बस्ने, विसनाथ महतो नुनीया को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला वीरगंज न.पा वडा नं २ सिट नं ३९०/१६ मा अवस्थित कि.नं. ३८ क्षेत्रफल ८४.६५ वर्ग मि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. बारा जिल्ला रामपुर गा.वि.स वडा नं ३ स्थायी घर भई वीरगंज उ.म.न.पा वडा नं ३ बस्ने, लखिया देवी नुनियाईन को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला वीरगंज -उ.म.न.पा वडा नं २ सिट नं ११३०३९०१६ मा अवस्थित कि.नं. २२ क्षेत्रफल ८५ वर्ग मि जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

५ **ऋणीको नाम र ठेगानाको विवरण**

गालु राउतको नाती, बन्ती राउतको छोरा, पर्सा जिल्ला भौराटार गा.वि.स वडा नं ६ बस्ने, नागरिकता नं. ३४१३५२९०२१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, मिति : वि.सं. २०४५/०१/२९ भएको बागड राउत अहिर तथा बन्ती राउतको नाती, बागड राउत अहिरको छोरा, पर्सा जिल्ला भौराटार गा.वि.स वडा नं ६ बस्ने, नागरिकता नं. १३५२२४८७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: पर्सा, मिति : वि.सं. २०५९/१०/२९ भएका सुरेश प्रसाद यादव ।

व्यक्तिगत जमानतकर्ताको विवरण

१. बिज मोहन राउतकी छोरी, बागड राउत अहिरकी बुहारी, सुरेश प्रसाद यादवकी, श्रीमती, पर्सा जिल्ला भौराटार गा.वि.स वडा नं ६ बस्ने, ना.प्र.नं. ३४३०१४/५६१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. पर्सा (जारी मिति: २०६३/१२/२७) भएकी चिन्ता देवी ।

२. बन्ती राउतको नाती, बागड राउत अहिरको छोरा, पर्सा जिल्ला बहुदरमाई न.पा वडा नं ७ बस्ने, नागरिकता नं. ३४१०१४/६४९, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.:पर्सा मिति : वि.सं. २०६९/०३/१२ भएको प्रवेश प्रसाद यादव ।

धितोको विवरण

पर्सा जिल्ला भौराटार गा.वि.स. वडा नं ६ बस्ने, बागड राउत अहिर को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको पर्सा जिल्ला भौराटार गा.वि.स वडा नं ६ सिट नं ६ मा अवस्थित कि.नं. ३५० र ३५१ क्षेत्रफल क्रमशः ०-३-१३ र ०-२-१२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुङको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९
E-mail: info@shreefinance.com.np, Website:www.shreefinance.com.np

वि.स. २०८१ जेष्ठ १ गतेदेखि लागू हुने ब्याजदर

निक्षेप तर्फ

क) मुद्दती निक्षेप — बार्षिक ब्याजदर

अवधि	व्यक्तिगत	संस्थागत
३ देखि ६ महिना	७.२५%	६.२५%*
१ वर्ष देखि २ वर्ष सम्म	७.७५%	६.७५%
२ वर्ष भन्दा माथि	८.१०%	७.१०%

*६ महिना अवधि

ख) बचत निक्षेप — ५.२५% - ६.५०%

ग) क्रमिक बचत खाता — ७.७५%

कर्जा तर्फ

क) कर्जा शिर्षकहरु	ब्याजदर
१. रियल स्टेट कर्जा	आधारदर + ५.९९% सम्म प्रिमियम थप
२. आवास कर्जा	
३. शैक्षिक कर्जा	
४. शेयर धितो कर्जा	
५. व्यवसायिक कर्जा	
६. व्यक्तिगत कर्जा	
७. ओभरड्राफ्ट कर्जा	
८. हायर पर्चेज कर्जा	
९. विपन्न वर्ग कर्जा :	
क) थोक	आधारदर + २% सम्म प्रिमियम थप
ख) व्यक्तिगत	आधारदर + ५.९९% सम्म प्रिमियम थप
१०. सहुलियतपूर्ण कर्जा	नेपाल राष्ट्र बैंकको निर्देशानुसार
११. मुद्दती रसिद धितो कर्जा	ब्याजदर + २% सम्म थप

ख) स्थिर ब्याजदर

विवरण	समयावधि	ब्याजदर
व्यक्तिगत आवधिक कर्जा	५ देखि १५ वर्षसम्म	१६.००%

औसत आधारदर ११.८६%

(नोटः वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त भएको निक्षेपमा माथि उल्लेखित ब्याजदरमा १% थप गरी प्रदान गरिनेछ ।)

ब्याज निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार एउटै प्रकृतिको कर्जाको ब्याजदर अन्तर २ प्रतिशत बिन्दुभन्दा फरक नपर्ने गरि व्यवस्था गरिनेछ ।

वर्ल्डलिंकबाट...

पृष्ठ १ बाट क्रमशः

उपभोक्ताबाट लिइसकेको राजस्व तिर्ने नपर्ने भन्दै हिँडिरहेका उनीहरू उल्टै चर्को ब्याज र जरिवानाको मारमा पर्ने भएका छन् । आर्थिक वर्ष ०६९/७० देखि ०७८/७९ सम्मको अवधिमा नौवटा आइएसपीहरूको बाँकी रोयल्टी एक अर्ब ५० लाख र बाँकी आरटिडिएफ ६० करोड ४५ लाख ३४ हजार ९२४ रुपैयाँ थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अध्ययनअनुसार रोयल्टी र आरटिडिएफबापत आइएसपीहरूले तिर्नुपर्ने कुल बाँकी एक अर्ब ६० करोड ९५ लाख ४१ हजार ८५ रुपैयाँ थियो । जरिवानासहितको यही रकम बढ्दै गएर अहिले साढे तीन अर्ब नाघेको हो । समयमा बक्यौता नतिर्दा हरेक महिना आइएसपीहरूको जरिवाना पाँचदेखि ६ करोड रुपैयाँले थपिँदै गएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले आइतबारको सर्वोच्चको फैसला वर्ल्डलिंकले हालेको रिटमाथिको भएको बताए । तर, वर्ल्डलिंकसहित अरूका हकमा पनि सर्वोच्चले नजिर स्थापित गरेको उनले बताए । 'अब दूरसञ्चार प्राधिकरण बक्यौता असुली प्रक्रियामा जान्छ । दूरसञ्चार प्रदायकहरूले तिर्नुपर्ने रोयल्टी र आरटिडिएफको बक्यौता कानुनबमोजिम बुझाउनुपर्छ । यसैअनुसार प्राधिकरणले पत्राचार गर्छ ।' सुबिसुका हकमा अन्तरिम आदेश कायम रहेकाले फैसलापछि निर्णय हुने उनले बताए । यद्यपि, उस्तै प्रकृतिको वर्ल्डलिंकको मुद्दामा सर्वोच्चले नजिर स्थापित गरिसकेको छ ।

अब महालेखापरीक्षक कार्यालयले आव ०७२/७३ देखि निरन्तर औंल्याउँदै आएको बेरुजुसहितको कुल बक्यौता असुल भएपछि मात्र लगत कट्टा हुनेछ । आइएसपीहरूको बढिरहेको आम्दानीका बाबजुद घटिरहेको राजस्व अब ट्र्याकमा आउने अधिकारीहरू बताउँछन् ।

महालेखादेखि सञ्चार मन्त्रालयको छानबिन प्रतिवेदनको दबाब

आइएसपीहरूले उपभोक्ताबाट असुल गरेको अग्रिम शुल्कबापत राज्यलाई तिर्नुपर्ने राजस्व र आरटिडिएफ नतिरेको भन्दै महालेखापरीक्षक कार्यालयले बेरुजु औंल्याउँदै आएको थियो । महालेखापरीक्षकले आर्थिक वर्ष ०७२/७३ को वार्षिक प्रतिवेदनदेखि निरन्तर रूपमा हरेक वर्ष इन्टरनेट सेवाप्रदायकहरूले तिर्नु-बुझाउनुपर्ने रोयल्टी राजस्व नेपाल सरकारलाई प्राप्त नभएकाले कानुनबमोजिम असुलउपर गर्नुपर्ने भनी बेरुजु औंल्याउँदै आएको थियो ।

महालेखाको बेरुजुसमेतमा आधारित रहेर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत वर्ष आइएसपीहरूले करछली गर्दै आएको विषयमा समिति नै गठन गरेर छानबिन गरेको थियो । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले इन्टरनेट सेवाप्रदायकहरूले करछली गरेको विषयमा अनुसन्धान गर्न मन्त्रालयका सहसचिव गौरव गिरीको संयोजकत्वमा समिति गठन गरेकी थिइन् । समितिले आर्थिक वर्ष ०६९/७० देखि ०७८/७९ सम्मको अवधिमा कुल ११ वटा इन्टरनेट सेवाप्रदायकहरूले बुझाएको रोयल्टी र आरटिडिएफको विस्तृत अध्ययन गरी प्रतिवेदन पेस गरेको थियो ।

वर्ल्डलिंक कम्युनिकेसनसहित नौवटा इन्टरनेट सेवाप्रदायकले करिब दुई अर्ब ४६ करोड रुपैयाँ रकम नेपाल सरकारलाई बुझाउन बाँकी रहेको तथा अदालतमा विचाराधीन मुद्दामा रहेको थप २७ करोड ३३ लाख रुपैयाँसमेत असुल गर्न बाँकी रहेको उल्लेख गरेर समितिले प्रतिवेदन बुझाएको थियो । दूरसञ्चार प्राधिकरण र इन्टरनेट

■ नौवटा इन्टरनेट सेवाप्रदायकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्कबापत असुल गर्न बाँकी रकम

WORLDLINK १ अर्ब ९६ करोड ६२ लाख २ हजार ४८	vianet Make the right connection. ४१ करोड ७१ लाख ९२ हजार ७०	SUBISU ३३ करोड ५४ लाख ८१ हजार ८०१
CLASSIC TECH ३१ करोड ५२ लाख ४० हजार ६२९	TECHMINDS Dedicated Connectivity ३० करोड ९१ लाख ५४ हजार १२३	WebSurfer THE BROADBAND COMPANY १२ करोड ५२ लाख ७५ हजार ५२४
Mercantile Communication Pvt. Ltd. १० करोड ८५ लाख २ हजार २७४	OKHARA internet ४ करोड ५९ लाख ६० हजार ५०३	netmax TECHNOLOGIES २ करोड ११ लाख ७७ हजार ४०७

सेवाप्रदायकबीचको मिलेमतोमा राजस्व चुहावट भएको निष्कर्षसहित समितिले चुहावट भएको उक्त राजस्व असुलउपर गर्नुपर्ने रायसमेत दिएको थियो । प्रतिवेदनका आधारमा रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास शुल्क असुल गर्न मन्त्रालयले दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिएको थियो । निर्देशनपछि पनि दूरसञ्चार प्राधिकरणले यस विषयमा अलगै अध्ययन गरेको थियो । स्वतन्त्र चार्टर्ड एकाउन्टेन्ट (सिए)मार्फत प्राधिकरणले अध्ययन गराएको थियो । उक्त अध्ययनसहितको प्रतिवेदन प्राधिकरणलाई बुझाएको थियो ।

प्रतिवेदनअनुसार नौवटा इन्टरनेट सेवाप्रदायकबाट रोयल्टी राजस्व तथा ग्रामीण दूरसञ्चार विकास शुल्कबापत कुल तीन अर्ब ६४ करोड रुपैयाँ रकम असुल गर्न बाँकी रहेको छ । जसअनुसार सबैभन्दा बढी वर्ल्डलिंक कम्युनिकेसनले एक अर्ब ९६ करोडभन्दा बढी तिर्न बाँकी छ । त्यस्तै, भायानेट कम्युनिकेसनबाट ४१ करोड, सुबिसुबाट ३३ करोड, क्लासिक टेकबाट ३१ करोड, टेकमाइन्डबाट ३० करोड, वेफसर्फरबाट १२ करोड, मर्कन्टायलबाट १० करोड, पोखरा इन्टरनेटबाट चार करोड र नेटम्याक्सबाट दुई करोड रुपैयाँ बक्यौता असुल गर्न बाँकी छ ।

महालेखाको बेरुजुदेखि मन्त्रालय तथा प्राधिकरणको अध्ययनबाट पनि करछली गरेको पुष्टि भएपछि त्यसले दूरसञ्चार प्रदायकहरूलाई दबाब सिर्जना गरेको थियो ।

प्राधिकरणले आँखा चिम्लिँदा र लेखा समितिसमेतले साथ दिएपछि बलिया बनेका थिए आइएसपीहरू

इन्टरनेट सेवाप्रदायकहरूले करछली गरेको विषयमा विगतमा महालेखापरीक्षकले बेरुजु औंल्याउँदै आए पनि त्यसको असुलीका लागि प्राधिकरण उदासीन रहँदै आएको थियो । पछिल्लो समय संसद्को सार्वजनिक लेखा समितिले पनि आइएसपीहरूलाई साथ दिँदै आएको थियो ।

महालेखापरीक्षकको प्रतिवेदनले सेवाप्रदायकबाट असुलउपर गर्नू भनेको बेरुजुलाई लेखा समितिले कानुनको अपव्याख्या गरी फर्स्योट गर्ने पटक-पटक निर्देशनसमेत दिएको थियो । इन्टरनेट सेवाप्रदायकले इन्टरनेटबाट आर्जित आम्दानी गैरदूरसञ्चार आयआर्जन भनी अपव्याख्या गरी समितिले बेरुजु फर्स्योटका लागि निर्णय र निर्देशन दिएको थियो ।

समितिका तत्कालीन सभापति भरत शाह र सचिव रोजनाथ पाण्डेले यस्तो निर्णय गर्दै आएका थिए । यसैको ढाडसमा सेवाप्रदायकहरूले कर नतिर्ने अटेरी गर्दै आएका थिए ।

दूरसञ्चार नियमावली, २०५४ को नियम २६ अनुसार दूरसञ्चार सेवाप्रदायकहरूले वार्षिक कुल आम्दानीको चार प्रतिशत रोयल्टी राजस्वबापत नेपाल सरकारलाई बुझाउनुपर्ने तथा दूरसञ्चार ऐन, २०५३ को दफा ३० बमोजिम वार्षिक आयको दुई प्रतिशत रकम ग्रामीण दूरसञ्चार विकास कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था छ । दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा 'वार्षिक कुल आम्दानी' भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर, मूल्य अभिवृद्धि करलगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चारसम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकमबाहेक दूरसञ्चार सेवा प्रदान गरेबापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउँछ भनी स्पष्ट गरिएको छ । सोहीबमोजिम महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा रोयल्टी राजस्व असुलउपर गर्न बेरुजु औंल्याइएको थियो ।

कोभिड- १९ को महामारीपछि बढेको इन्टरनेट शुल्कका कारण उपभोक्तालाई मार पर्न गएपछि सरकारले व्यवसायीहरूलाई सहुलियत दिएको थियो । दूरसञ्चार सेवाअन्तर्गतका फिक्स्ड वायर्ड ब्रोडब्यान्ड सेवा प्रदान गरेबापत लाग्ने महसुलमा बढीमा ५० प्रतिशतसम्म मर्मतसम्भार शुल्क लगाउन सक्ने र त्यसमा दस्तुर नलाग्ने व्यवस्था गरिदिएको थियो । ग्राहकलाई मूल्यवृद्धिको भार पार्न नसकिने भन्दै सरकारले घुमाउरो तरिकाले व्यवसायीहरूलाई कर छुटको सुविधा दिएको थियो ।

तर, दूरसञ्चार सेवाप्रदायकहरूले आम्दानी कम देखाउन मर्मत चार्ज, सपोर्ट चार्ज, टेक्निकल चार्जजस्ता शीर्षकमा ग्राहकबाट रकम अग्रिम असुल गरेर त्यसको आम्दानीलाई रोयल्टी र ग्रामीण दूरसञ्चार शुल्क बुझाउँदा घटाउने गर्दै आए । इन्टरनेट सेवा प्रदान गर्दा सेवासँग जोडिएर गरेका कारोबार तथा विभिन्न चार्जबापतको आम्दानीलाई गैरदूरसञ्चार आम्दानी भनेर त्यसको कर छल्ने प्रयत्न प्रदायकहरूले गरेका छन् ।

आइएसपीहरूले मर्मत, सपोर्ट र टेक्निकल चार्जजस्ता ग्राहकबाट असुल गरिसकेका आम्दानी रोयल्टी र दूरसञ्चार कोषको रकम बुझाउँदा घटाउने-हटाउने, अमिल्दो खर्च शीर्षकहरूलाई 'बन्डलिङ' गरी 'डिभाइस सेल्स'सँग जोडेर देखाई रोयल्टी र दूरसञ्चार कोष छली गर्दै आएका थिए । खासगरी आव ०७३/७४ पछि इन्टरनेट सेवाप्रदायकहरूको आम्दानीमा उल्लेख्य बढोत्तरी हुन थालेपछि यसरी बढेको आय लुकाउन सञ्चालन आयलाई टुक्र्याएर अन्य आम्दानी भनी देखाउने, कानुनबमोजिम रोयल्टी र दूरसञ्चार कोष लाग्ने आयहरू मर्मत, सपोर्ट, टेलिकम चार्जजस्ता आम्दानीलाई घटाई-हटाई मात्र गणना गरी जानाजानी सरकारी राजस्व घटाउने संगठित प्रयासहरू गरिएका सञ्चार मन्त्रालयको प्रतिवेदनले औंल्याएको छ ।

कानुनबमोजिम तिर्नुपर्ने कर नतिरेका प्रदायकहरूले इन्टरनेट सेवा बन्द गर्ने च्याँखे थापेर विदेशी मुद्रा सटहीका लागि दबाब दिँदैसमेत आएका छन् । विदेशी मुद्रा सिफारिससम्बन्धी विनियमावली, २०७६ मा विदेशी मुद्रा भुक्तानीका लागि सिफारिस माग गर्ने सेवाप्रदायकले नियमानुसार बुझाउनुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिटिएफ)लगायतका दस्तुर बुझाएको हुनुपर्ने व्यवस्था छ । तर, नियमित बुझाउनुपर्ने रोयल्टी र आरटिटिएफसमेत नबुझाएका प्रदायकहरूले विदेशी मुद्रा सिफारिसका लागि प्राधिकरण र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई दबाब दिँदै आएका छन् । केही समयअघि छोटो समय सेवा बन्द गरेर दबाबसमेत दिएका थिए । तर, अन्य प्रतिस्पर्धी प्रदायक तातेपछि उनीहरू पछि हटेका थिए ।

किन बढिरहेछ...

पृष्ठ १ बाट क्रमशः

डलरको सट्टा आफ्नै मुद्रा प्रचलनमा ल्याउन सुरु गरेका छन्, जुन मुद्रामा सुन ब्याकअप (सुरक्षण) हुन्छ । त्यस्तै, ठूला देशका केन्द्रीय बैंकले मौज्दातमा राख्ने सुनको मात्रा बढाउन थालेका छन् । त्यसले पनि विश्व बजारमा सुनको मूल्य बढिरहेको थियो ।

स्विट्जरल्यान्डस्थित 'ब्यासेल कमिटी'ले जनवरी ०२३ देखि मुद्रा निष्कासन गर्दा सुरक्षण राख्नुपर्ने वस्तुमा पहिलो नम्बरमा सुनलाई राखेको छ । यसअघि ब्यासेलले तोकेको मापदण्डमा पहिलो नम्बरमा अर्थात् भरपर्दो आधार डलर थियो । कुनै पनि देशका केन्द्रीय बैंकले ब्यासेल कमिटीमा सुन, डलरलगायतका वस्तु तथा मुद्रा सुरक्षण राखेर आफ्नो देशको मुद्रा निष्कासन गर्न पाउँछन् । अहिले ब्यासेलले त्यसको लागि सुनलाई भरपर्दो वस्तु मान्दै पहिलो नम्बरमा राखेको छ । त्यसले सबै देशका केन्द्रीय बैंकलाई सुनको मौज्दात बढाउने दबाब सिर्जना भइरहेको छ । अधिकांश देशका केन्द्रीय बैंकले सुनको मौज्दात बढाउन थालिसकेका छन् ।

त्यस्तै, पछिल्लो समय रुस-युक्रेन र इजरायल-इरान युद्धले अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पर्ने असरलाई मध्यनजर गरेर लगानीकर्ताहरू सुनमा लगानी बढाइरहेका छन् । उनीहरूले सुन किनेर होल्ड गरिरहेका छन् । त्यसले आपूर्ति प्रभावित भई सुनको मूल्य बढेको जानकारहरू बताउँछन् । संसारमा सुनमा गरिने लगानीलाई एकदमै सुरक्षित मानिन्छ । ७ वैशाखपछि भने सुनको मूल्य सामान्य दरमा घट्ने-बढ्ने भइरहेको थियो । गत १९ वैशाखमा प्रतितोला एक लाख ३४ हजार पाँच सय रुपैयाँमा झरेको थियो । तर, अहिले फेरि बढ्न थालेको छ ।

विशेष गरी विभिन्न देशका केन्द्रीय बैंकले ब्याजदर घटाउने नीति ल्याएपछि सुनको मूल्य बढ्न थालेको जानकारहरू बताउँछन् । बिहीबार मात्रै लन्डनको केन्द्रीय बैंक अर्थात् बैंक अफ इंग्ल्यान्डले ब्याजदर कटौती गर्ने संकेत गरेको छ । अबका दुई वर्षमा मुद्रास्फीति १.६ प्रतिशत झार्ने उसको लक्ष्य छ । त्यो नीतिका कारण हाल ५.२५ प्रतिशत रहेको त्यहाँको ब्याजदर भविष्यमा उच्चदरमा घट्नेछ । त्यस्तै, अन्य ठूला राष्ट्रका केन्द्रीय बैंकहरूले पनि ब्याजदर कटौती गर्दै छन् । त्यसको असरले सुनको मूल्य बढेको हो ।

महासंघले पनि शुक्रबार विज्ञप्ति जारी गर्दै बैंक अफ इंग्ल्यान्डलगायत ठूला बैंकहरूले ब्याजदरमा भारी कटौती गर्ने संकेत गरेका कारण सुनको मूल्य बढेको जनाएको छ । 'हालसम्म अन्तर्राष्ट्रिय व्यापार डलरमा निर्भर थियो । तर, केही ठूला देशले त्यसको ठाउँमा सुन ब्याकअप भएको करेन्सी प्रयोग गर्न खोजेका छन् । त्यसको असरले यसै पनि सुनको मूल्य बढेको थियो,' महासंघका अध्यक्ष माणिकरत्न शाक्यले भने, 'अहिले ठूला देशका केन्द्रीय बैंकहरूले ब्याजदर घटाउने नीति ल्याएका छन् । निक्षेपमा लगानी गर्दा प्रतिफल कम आउने भएपछि ठूला लगानीकर्ताले सुनमा लगानी गर्न थालेका छन् । त्यसले गर्दा विश्व बजारमै सुनको मूल्य बढेको छ ।'

आगामी दिनमा सुनको मूल्य अझै बढ्ने संकेत देखिएको शाक्यको भनाइ छ । नेपाली बजारमा सुनको मूल्य अन्तर्राष्ट्रिय बजारअनुसार नै निर्धारण हुन्छ । गोल्डप्राइज डट ओआरजीका अनुसार आइतबार समाचार तयार पार्दासम्म अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य प्रतिऔंस (२.६६७ तोला) १३.७७ डलरले बढेर २३ सय ६० डलर पुगेको छ ।

साताको पहिलो दिन चाँदीको मूल्य भने तोलामा १० रुपैयाँले घटेको छ । गत शुक्रबार चाँदी प्रतितोला १७ सय ३५ रुपैयाँ थियो । आइतबार घटेर १७ सय २५ रुपैयाँमा झरेको छ । गत साता तोलामा ९० रुपैयाँले मूल्य बढेको थियो । गत साताअघि चाँदीको मूल्य प्रतितोला १६ सय ४० थियो ।

मूल्य बढ्दा कारोबारमा संकुचन

सुनको मूल्य अत्यधिक बढ्दा गरगहनाको खरिद-बिक्री भने सुस्ताएको छ । अत्यावश्यकबाहेकका प्रयोजनका लागि सुनका गरगहना बनाउने र खरिद गर्ने ग्राहक अत्यन्तै कम भएको महासंघका अध्यक्ष शाक्यले बताए ।

'केही समयअघिसम्म बिहेको सिजनका कारण व्यवसाय केही चलायमान थियो । तर, अहिले बिहेको सिजन सकियो । अब असारमा मात्रै बिहेको सिजन आउँछ । त्यसवेला व्यवसाय केही बढ्ने आशा छ । त्यसअघि व्यापार-व्यवसाय बढ्न सम्भव छैन,' उनले भने, 'पछिल्लो समय देखिएको आर्थिक शिथिलताका कारण आममानिसको आम्दानी घटेको छ । त्यसले गर्दा ग्राहकको क्रयशक्ति कमजोर छ । त्यो अवस्थामा सुनका गरगहनाको खरिद-बिक्री बढ्ने सम्भावना छैन ।'

जसपालाई...

पृष्ठ १ बाट क्रमशः

कार्की वन तथा वातावरण राज्यमन्त्री छन् । नयाँ जसपाबाट नवलकिशोर साह सुडी वन तथा वातावरणमन्त्री छन् । राई नेतृत्वको जसपा र एमाले अध्यक्ष केपी ओलीले दबाब बढाएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजीनामा दिन यादवलाई सन्देश पठाएको स्रोतको दाबी छ । जसपा नेपालको स्थानमा जसपाका सांसदलाई मन्त्री बनाउने तयारी छ । 'सत्तागठबन्धन ढाल्न खोज्ने अनि कमजोर भएपछि गठबन्धनमै टाँसिन खोज्ने प्रवृत्ति राम्रो भएन,' माओवादीका एक पदाधिकारीले भने, 'मधेस प्रदेशको निर्णयबाट स्पष्ट सन्देश गएकै छ नि ।'

जसपा नेपालले आवश्यक निर्णय लिन सोमबार केन्द्रीय समिति बैठक बोलाएको छ । बिहान ११ बजे राजधानीमा बस्ने बैठकले आवश्यक निर्णय लिने सांसद रेखा यादवले जानकारी दिइन् । 'समसामयिक परिस्थितिको विश्लेषण गरेर निर्णय लिन भोलि (सोमबार) बैठक बोलाइएको छ । बैठकले आवश्यक निर्णय लिन्छ,' उनले भनिन् ।

किन बाहिरिए एमाले र माओवादी

४ वैशाखमा प्रदेश सभाबाट चौथोपटक विश्वासको मत पाएका मधेशका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकार अल्पमतमा परेको छ । त्यतिखेर एमालेका २५, जसपाका १९ र माओवादीका नौ गरी ६१ सांसदको समर्थन यादवले पाएका थिए । विश्वासको मत लिँदा काग्रेस, जनमत र लोसपाका सांसदले संसद् बैठक नै बहिष्कार गरेका थिए भने राप्रपा तटस्थ बसेको थियो ।

जसपा नेतृत्वको मधेश सरकारमा एमाले र माओवादी दुवै असन्तुष्ट थिए । माओवादी संसदीय दलका नेता भरत साहले अर्थ मन्त्रालय माग्दै आए पनि मुख्यमन्त्री यादवले वन तथा वातावरण मन्त्रालय दिएपछि उनले जिम्मेवारी सम्हालेका थिएनन् । त्यसबाहेक माओवादीलाई उद्योग मन्त्रालय दिइएको थियो । साहले मुख्यमन्त्री यादव नेतृत्वको सरकारबाट बाहिरिनुको कारण खुलाउँदै आइतबार भने, 'विगतका गरेको सहमति कार्यान्वयन गर्नुभएन र गठबन्धनको सरकार भए पनि एकलौटी रूपमा सञ्चालन गर्न खोज्दा समर्थन फिर्ता लिएका हौं ।'

तर, २३ वैशाखमा केन्द्रमा जसपा विभाजन भएपछि एमाले र माओवादीले नयाँ समीकरणअनुसार सरकार बनाउन गृहकार्य थालेका थिए । त्यसमा जनमत र लोसपा पनि मिसिने निश्चित भएपछि आइतबार एमाले र माओवादीका मन्त्रीहरूले राजीनामा दिए । एमालेले यादव नेतृत्वको सरकारमा भौतिक पूर्वाधार, स्वास्थ्य तथा जनसंख्या, गृह, कानुन तथा सञ्चार र शिक्षा तथा संस्कृति मन्त्रालय पाएको थियो । एमाले संसदीय दलका नेता सरोजकुमार यादवले भने मुलुकमा देखिएको विकसित राजनीतिक घटना क्रमअनुसार सरकारलाई दिएको समर्थन फिर्ता लिइएको बताए ।

विशेषमा मुद्दा...

पृष्ठ १ बाट क्रमशः

पौडेलविरुद्ध मुद्दामाथि मुद्दा, करिब चार महिनादेखि अख्तियारको हिरासतमा

सेक्युरिटी प्रिन्टिङ खरिदको एकै प्रकरणमा एक वर्षको अवधिमा विकल पौडेलविरुद्ध दुईवटा मुद्दा दायर भएको छ । उनी अहिले पनि अख्तियारकै हिरासतमा छन् ।

भ्रष्टाचार मुद्दा विचाराधीन रहेको अवस्थामा विशेष अदालतमा उपस्थित हुनुपर्ने पत्रसमेत नबुझेर फरार रहँदै आएका पौडेलद्वयलाई गत १० माघमा पक्राउ गरेको थियो । त्यसयता अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको उजुरीमाथि छानबिन गर्दै आएको छ । पौडेल अख्तियारको हिरासतमा बस्न लागेको चार महिना पुग्न लागिसकेको छ । पदमा रहँदा भ्रष्टाचारका अनेकौं काण्डमा संलग्न भएका उनीमाथि अहिले अख्तियारले शृंखलाबद्ध रूपमा छानबिन गरिरहेको छ । सूचना प्रविधिका ठूला खरिदमा उनको प्रत्यक्ष संलग्नता छ । प्रत्यक्ष संलग्न देखिएको अन्तःशुल्क स्टिकर खरिद र अकुत सम्पत्तिमा उनीमाथि अख्तियारको छानबिन जारी छ ।

यसरी भयो गडबड

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, नियमावली २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ (३) को कानुनी व्यवस्थाविपरीत खरिद कार्य गरेको अख्तियारको दाबी छ । खरिदपूर्व अनिवार्य रूपमा गर्नुपर्ने खरिद इकाइ गठन, खरिद माग संकलन, सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन, नर्म्स, डिइङ तथा डिजाइन, स्वीकृत खरिद गुरुयोजना, वार्षिक खरिद योजनालगायतका कार्यहरू नगरेको भेटिएको छ ।

त्यस्तै, सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ५ (क) बमोजिम सुरक्षण मुद्रणसम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम सुरक्षण मुद्रण विकास समितिबाट स्वीकृत गराउनुपर्नेमा समितिमा पेससमेत गरेको नपाइएको आरोपपत्रमा उल्लेख छ । समिति छलेर दुईवटा छुट्टाछुट्टै कार्यक्रमहरूका लागि बजेट माग भएको थियो । मागबमोजिम नै बजेट विनियोजनसमेत भएको देखिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तयार गरेको कार्यान्वयन र स्वीकृत खरिद गुरुयोजनामा समेत छुट्टाछुट्टै दुईवटा कार्यक्रम सञ्चालन गरिने उल्लेख भएको देखिएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा उल्लेख भएबमोजिमको प्रक्रियाअनुसार तोकिएको कार्यक्रम संशोधन नगरी आफूखुसी दुईवटा कार्यक्रममा विनियोजित सम्पूर्ण बजेटलाई एउटै कार्यक्रम (पेपर बेस्ड प्रेस मेसिनरी) का लागि खर्च गरेको भेटिएको छ । यसरी खर्च गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ ले गरेको अनिवार्य व्यवस्थाविपरीत हुने गरी खरिद इकाइसमेत गठन नगरी बदनियत राखेर केन्द्रका तत्कालीन निर्देशक श्रेष्ठ र वन तथा वातावरण मन्त्रालयका तत्कालीन सिडिई (मेकानिकल) पोखरेलले आफ्नै संयोकजत्वमा समिति बनाएको अख्तियारको दाबी छ ।

ठेक्का प्रदान गर्ने मनसायले पूर्वपरिचित म्याक्स इन्टरनेसनल र त्यसका सिईओ अकबर हुसेनसँग मिलेमतो गरेको देखिएको अख्तियारको दाबी छ । हुसेनले नै आपूर्ति गर्ने कम्पनीबाट निर्माण हुने उपकरणका मोडेल तथा मुख्य विशेषताहरू राखी प्राविधिक स्पेसिफिकेसन तयार गरेसम्मको कार्य भएको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

हुसेनकै नाममा रहेको सूचना प्रविधिसम्बन्धी कार्य गर्ने आइटी ग्लोबल प्रालि र अन्य दुई कम्पनीहरूसँग दरभाउ माग गरेर र त्यसपूर्व केही दिनअघि मात्र सूची दर्ता गर्न लगाइएको थियो । केन्द्रका कार्यकारी निर्देशक पौडेलले एकल निर्णय गरी ती कम्पनीहरूसँग एकै दिनमा दरभाउ लिई लागत अनुमान तयार गरेका थिए । नेपालमा निर्माण नहुने र त्यससम्बन्धी कार्यानुभव भएका कुनै पनि कम्पनी नेपालमा थिएनन् । यस्तो अवस्थामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ बमोजिम अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा राष्ट्रियस्तरका बोलपत्रको माध्यमबाट खरिद गरिएको थियो ।

म्याक्सको मात्र कार्य अनुभव मिल्ने गरी खरिदको मुख्य कार्य करिब ८० प्रतिशत प्रिन्टिङ प्रेससँग सम्बन्धित हुँदाहुँदै प्रिन्ट प्रोडक्सन सिस्टम सञ्चालनका लागि अपरिहार्य नभएको र यस ठेक्काबाट गर्नुनपर्ने सूचना प्रविधिसम्बन्धी कार्य अनुभवलाई समान हैसियतमा राखिएको थियो । मूल्यांकन गर्ने अधिकारीले नै ठेक्का स्वीकृत गर्न नहुने भन्ने सार्वजनिक खरिदको सामान्य सिद्धान्त तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायहरूमा खरिद इकाइ प्रमुख र सदस्यको योग्यतासम्बन्धी जारी गरेको मापदण्ड, २०७८ विपरीत पौडेल, श्रेष्ठ र पोखरेलले स्पेसिफिकेसन तयार गरेको अख्तियारको दाबी छ । त्यही स्पेसिफिकेसनका आधारमा लागत अनुमान तयार गरेको, गुणस्तर घट्ने गरी स्पेसिफिकेसन संशोधन गर्दासमेत लागत अनुमान संशोधन गर्नुपर्ने/नपर्ने बारे विषयविज्ञबाट विश्लेषण नगरी सुरुकै लागत अनुमानका आधारमा खरिद कार्य गरिएको थियो ।

पौडेल श्रेष्ठ र पोखरेलले विनियोजित बजेटमा उल्लेखित कार्यक्रमबमोजिम 'कार्ड बेस्ड प्रेस मेसिनरी सफ्टवेयर एन्ड हार्डवेयर एन्ड रिलेटेड इक्विपमेन्ट' खरिद गर्नुपर्नेमा त्यसो नगरी 'पेपर बेस्ड प्रेस मेसिनरी सफ्टवेयर एन्ड हार्डवेयर एन्ड रिलेटेड इक्विपमेन्ट' खरिद गरेका थिए । त्यसअन्तर्गत पनि एउटा मात्र प्रिन्टिङ प्रेस खरिद गर्नुपर्नेमा आवश्यकताभन्दा बढी दुईवटा खरिद गरेको, प्रिन्टिङ प्रेसमा 'इनलाइन' हुने कम क्षमताको 'डाई कटिङ मेसिन' खरिद गर्दा पर्याप्त हुनेमा मनासिब कारणविना २० गुणाभन्दा बढी क्षमताको आवश्यक नै नपर्ने मेसिन खरिद गरेको भेटिएको छ ।

प्रिन्ट प्रोडक्सन सिस्टम सञ्चालनका लागि अमिल्दो र अनावश्यक क्रिटिकल आइटी सिस्टमसमेत खरिद गरेकामा त्यो प्रयोगमा समेत नआएको अख्तियारको दाबी छ । यसरी प्रिन्टिङ प्रेस खरिदमा ४० करोड ८५ लाख ७४ हजार ७४० रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको दाबी छ । त्यति नै बिगो अख्तियारले उनीहरूविरुद्ध कायम गरेको छ ।

त्यस्तै, केन्द्रका तत्कालीन लेखा अधिकृत थापा र शाखा अधिकृत घिमिरेलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ । प्रतिवादी विकलसँगको मिलेमतो तथा योजनामा दुईवटा कार्यक्रममा विनियोजित बजेटलाई एउटै कार्यक्रममा राखी खर्च गर्नुपूर्व गर्नुपर्ने प्रक्रिया पूरा नगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको प्रक्रिया पूरा नगरी एउटै कार्यक्रममा खर्च गरे/गराएको, खरिदका विभिन्न प्रक्रियामा संलग्न भई बोलपत्रसम्बन्धी कागजात स्वीकृत गर्न टिप्पणी पेस गरेको, भुक्तानीका लागि टिप्पणी पेस गरेकोलगायतका कार्यमा सुरुदेखि प्रत्यक्ष संलग्न भई भ्रष्टाचारमा सहभागी भएको अख्तियारको दाबी छ । यसरी प्रिन्टिङ प्रेस खरिदमा ४० करोड ८५ लाख ७४ हजार ७४० रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको दाबी छ ।

खरिद कार्यमा केन्द्रका तत्कालीन कार्यकारी निर्देशक पौडेलसँग मिलेमतो गरी आफूअनुकूलको स्पेसिफिकेसन तयार गरेको, केन्द्रले दरभाउ माग गर्नु केही दिन मात्र अघि आफ्नै नामका तीन कम्पनीको सूची दर्ता गरेको र तिनैबाट बढी दरभाउ दिई लागत अनुमान वृद्धि गरेकोलगायतका आरोप म्याक्स र त्यसका सिइओ हुसेनउपर अख्तियारले लगाएको छ । नेपालमा निर्माण तथा त्यससम्बन्धी कार्य अनुभव भएका कुनै कम्पनी नभएको अवस्थामा समेत बोलपत्रसम्बन्धी कागजात तयार गर्दा मिलेमतोमा सूचना प्रविधिसम्बन्धी कार्यानुभवलाई खरिदको मुख्य कार्य प्रिन्टिङ प्रेसकै समान हैसियतमा राख्न लगाएको, बोलपत्रसम्बन्धी कागजातको 'स्पेसिफिक एक्सपिरियन्स' मा आफ्नो कम्पनीलाई मात्र मिल्ने गरी अन्तिम तीन वर्षमा एउटै ठेक्काबाट ३८ करोडको कार्य गरेको हुनुपर्ने प्रावधान राख्न लगाई अन्तर्राष्ट्रिय बोलपत्रबाट खरिद गर्नुपर्ने सुरक्षण मुद्रणसम्बन्धी उपकरणलाई राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद गर्न लगाएको आरोप पनि कम्पनी र हुसेनविरुद्ध अख्तियारले लगाएको छ ।

समग्रमा ठेक्काका सबैजसो अंश र प्रक्रियाका हुसेनले केन्द्रका कार्यकारी निर्देशक पौडेलसँग मिलेमतो गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । कम्पनी र सिइओ हुसेनलाई पनि अख्तियारले ४० करोड ८५ लाख ७४ हजार ७४० रुपैयाँ बिगो कायम गरिदिएको छ ।

आपूर्तिकर्ता क

सोमबार ३१ वैशाख ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

ब्याडमिन्टनमा नेपालको छलाङ

विश्व ब्याडमिन्टन महासंघको युनिभर्सालिटी कोटामा नेपालका नम्बर १ खेलाडी प्रिन्स दाहाल पेरिस ओलम्पिकमा सीधै छनोट

नयाँ पत्रिका

नेपालका युवा ब्याडमिन्टन खेलाडी प्रिन्स दाहालले पेरिस ओलम्पिक खेलकुद प्रतियोगिता खेल्ने भएका छन् । विश्व ब्याडमिन्टन महासंघले शनिबार विभिन्न कोटाका आधारमा ओलम्पिक खेल्ने खेलाडीको नाम सार्वजनिक गर्दा प्रिन्सलाई पनि समावेश गरेको छ ।

युनिभर्सालिटी कोटाबाट उनी पेरिस ओलम्पिकमा छनोट भएको महासंघले जनाएको छ । महासंघले ओलम्पिकमा छनोट भएका खेलाडी सूची तयार गर्दा उनी १७९औँ स्थानमा छन् । युनिभर्सालिटी कोटामा नेपालसँगै एल साल्भाडोर र काजकिस्तानका खेलाडी पहिलोपटक ओलम्पिकमा सीधै छनोट भएका हुन् ।

नेपाली खेलकुदमा लामो इतिहास बोकेको ब्याडमिन्टनबाट पहिलोपल्ट ओलम्पिक खेल्ने लागेको हो । उनले अब एकल स्पर्धामा प्रतिस्पर्धा गर्नेछन् । सन् २०१८ मा प्रिन्स विश्व जुनियर विश्व ब्याडमिन्टन वरीयताको पहिलो स्थानमा पुगेका थिए । अन्तर्राष्ट्रिय स्पर्धामा एकल प्रतिस्पर्धाको विश्व वरीयतामा पुग्ने उनी पहिलो नेपाली खेलाडी हुन् । १८ वर्षको उमेरमै विश्व जुनियर पुरुष वरीयताको शीर्ष स्थानमा पुग्दा उनले मलेसियाका जस्टिन होकोलाई पछि पारे ।

उनले त्यसवेला सर्वाधिक १० हजार चार सय अंक बटुलेका थिए । दोस्रो स्थानका मलेसियाका जस्टिनले ९ हजार ५ सय ९० रेटिङ अंक पाएका थिए । प्रिन्सले नेपालको प्रतिनिधित्व गर्दै ओलम्पिक खेल्ने सपना पूरा भएको बताएका छन् । 'सानैदेखिको ओलम्पिक खेल्ने सपना पूरा भएको छ,' उनले भने, 'पेरिसमा राम्रो नतिजा निकाल्न अझ धेरै मिहिनेत गर्नुपर्छ ।'

उनले प्राप्त सफलतामा गौरव महसुस भएको बताए । 'त्यसका लागि धेरै मिहिनेत र परिश्रम गरेको छु,' उनले भने ।

यसैगरी, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठले प्रिन्सले ओलम्पिकमा खेल्न अवसर पाउनु ठूलो उपलब्धि भएको बताएका छन् । 'नेपाली खेलकुदमै लामो इतिहास बोकेको ब्याडमिन्टनले पहिलोपटक ओलम्पिक खेल्न पाउनु प्रिन्ससँगै हाम्रा लागि ऐतिहासिक उपलब्धि हो,' श्रेष्ठले भने, 'यसले ब्याडमिन्टनलाई उत्साह दिएको छ ।' श्रेष्ठले संघको धेरै प्रयासपछि प्रिन्सको ओलम्पिक यात्रा सम्भव भएको बताए । 'हामीले यसका लागि धेरै मिहिनेत गरेका थियौँ, यसअघि पनि प्रयास नभएको होइन, तर सफल भएनौँ,' उनले भने । फ्रान्सको पेरिसमा २६ जुलाईदेखि ११ अगस्टसम्म ओलम्पिकका लागि ब्याडमिन्टनमा विश्वभरिका एक सय ७२ खेलाडी छानिएका छन् । त्यसमा ४९ देशका खेलाडी परेका छन् ।

सन् २०१९ मा विश्वकै एक नम्बर खेलाडी

दार्चुलामा जन्मिएका प्रिन्सले १५ वर्षको उमेरमै अन्तर्राष्ट्रिय जुनियर प्रतियोगितामा सहभागिता जनाएका थिए । उनले दुबई इन्टरनेसनल सिरिजमा स्वर्ण पदक हात पारे । उमेर समूहमा लगातार उत्कृष्ट प्रदर्शन गरेका प्रिन्स सन् २०१९ मा उमेर समूहतर्फ विश्वकै एक नम्बर खेलाडी बने । त्यसवेला भारतका वरुण कपुरलाई हराउँदै उनी शीर्ष स्थानमा उक्लेका थिए । त्यसै वर्ष नेपालमै आयोजना भएको १३औँ दक्षिण एसियाली खेलकुदमा उनले डबल्सतर्फ दुई कांस्य जितेका थिए । सन् २०२३ मा चीनको हाङझाउमा भएको १९औँ एसियन खेलकुद प्रतियोगिताअन्तर्गत एकल स्पर्धामा उनी अन्तिम ३२ बाट बाहिरिएका थिए ।



फाइल तस्बिर

प्रिन्सले गत चैतमा चीनमै भएको ब्याडमिन्टन एसिया च्याम्पियनसिपमा दुई खेल जिते । उनले बहराइनका एडनान इब्राहिमलाई २-१ को सेट र बंगलादेशका खानदोकार अब्दुसलाई २-० को सहज सेटमा पाखा लगाए । पेरिस ओलम्पिकमा राम्रो नतिजा निकाल्न उनी छिटै श्रीलंकामा प्रशिक्षणका लागि जाँदै छन् । उनी ओलम्पिक छात्रवृत्तिप्राप्त खेलाडी हुन् । ओलम्पिकबाट उनले मासिक ७ सय ५० अमेरिकन डलर पाउँछन् ।

यस्तो रह्यो छनोटको प्रावधान

विश्व ब्याडमिन्डटन महासंघले १ मे २०२३ देखि २४ अप्रिल २०२४ सम्म विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सभागिता जनाउँदा प्राप्त नतिजाअनुसार 'रोड टु पेरिस' छनोट रूपमा राखेको थियो । रोड टु पेरिस भनेको पाँचै महादेशका खेलाडीले प्रतिस्पर्धा पाऊन् भन्ने उद्देश्य थियो । जसमा महिला र पुरुष दुवैतर्फ गरी एक सय ७२ खेलाडीलाई पेरिस ओलम्पिकमा कोटा छुट्याइएको थियो । जसमध्ये पुरुष र महिलामा समान ८३ खेलाडी अन्तर्राष्ट्रिय नतिजाअनुसार सीधै छनोट हुने प्रावधान थियो । प्रिन्स विश्व वरीयताको १७९औँ स्थानमा छन् ।

उनी युनिभर्सालिटी कोटामै परेका हुन् । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी, विश्व ब्याडमिन्टन महासंघ र आयोजक नेसनल ओलम्पिक कमिटी प्रतिनिधिले युनिभर्सालिटी कोटामा पर्ने खेलाडी छनोट गरेका हुन् । त्यो कोटामा पर्न अनिवार्य रूपमा आइओसी छात्रवृत्तिप्राप्त हुनुपर्छ । साथै, वरीयता प्रतियोगितामा समेत राम्रो नतिजासँगै देशको उच्च वरीयताको खेलाडी हुनुपर्ने मापदण्ड राखिएको छ । यी विभिन्न प्रावधानअनुरूप नै प्रिन्स ओलम्पिकका लागि सीधै छनोट भएका हुन् ।

टेबलटेनिसको ओलम्पिक छनोट आजदेखि

नेपाली खेलाडी छनोट हुनेमा आशावादी

नेपालमा पहिलोपटक पेरिस ओलम्पिकअन्तर्गत दक्षिण एसियाली छनोट प्रतियोगिता सोमबारदेखि हुँदै छ । लैनचौरको टेबलटेनिस प्रशिक्षण केन्द्रमा हुने छनोट प्रतियोगितामा सहभागी पाँच राष्ट्रबाट समान एक पुरुष र महिला खेलाडीले ओलम्पिकको टिकट काट्नेछन् ।

नेपालसहित माल्दिभ्स, पाकिस्तान र श्रीलंकाली खेलाडीले छनोट चरणमा प्रतिस्पर्धा गर्नेछन् । नेपालका खेलाडीले घरेलु कोर्टमा हुने छनोट प्रतियोतिगामा उत्कृष्ट प्रदर्शनसहित पेरिस ओलम्पिकमा स्थान बनाउने योजनाका साथ प्रशिक्षण भइरहेको जनाएका छन् ।

प्रतियोगितामा नेपालका चार खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । आयोजकले अहिलेसम्म १९ खेलाडीको सहभागिता निश्चित गरेको छ । पाकिस्तानले एक कोटाको नाम फिर्ता लिएको छ । नेपाली टोलीमा पुरुषतर्फ संयोग कपाली र स्यान्दु श्रेष्ठले प्रतिस्पर्धा गर्नेछन् । महिलातर्फ नविता श्रेष्ठ र इभाना थापा छन् । नेपाली टोलीको नेतृत्व नविताले गरेकी छिन् । उनले पेरिस ओलम्पिकमा नेपाली खेलाडीले स्थान बनाउनेमा विश्वस्त रहेको र तयारी उत्कृष्ट भएको बताएकी छिन् ।

'यो हाम्रो लागि सुनौलो अवसर हो । पहिलोपटक घरेलु भूमिमै ओलम्पिक छनोट खेल्दै छु । छनोट हुनेमा आशावादी छौँ,' नविताले भनिन्, 'पछिल्लो दुई महिनादेखि निरन्तर अभ्यास गरिरहेको छौँ । अब देखाउने समय आएको छ ।' बंगलादेशका प्रशिक्षक मोहम्मद अलीले पनि नेपाली टोली बलियो रहेको बताए । 'सबै टोली राम्रा छन् । त्यसमध्ये पनि नेपाल बलियो देखिन्छ,' उनले भने, 'नविताले पछिल्लो समय राम्रो गरिरहेकी छिन् । माल्दिभ्स र श्रीलंका पनि बलिया छन् ।'

तयारी राम्रो भएको छ

मोहन दास, प्रशिक्षक, नेपाल



सन् २०१९ मा आयोजना भएको दक्षिण एसियाली खेलकुदमा नेपालले भारतबाहेक सबै राष्ट्रलाई हराएको थियो । यसपटक हामी दाबेदार हौँ । तयारी पनि राम्रो भएको छ । खेलाडीको प्रदर्शन पनि राम्रो छ । संयोग, नविता, इभाना र स्यान्टुले व्यक्तिगत तयारी पनि राम्रो गरेका छन् । दुई महिनादेखि खेलाडी तयारीमै भएकाले छनोट हुनेमा आशावादी छौँ ।

आशावादी छौँ

नविता श्रेष्ठ, खेलाडी



घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गर्दै पेरिस ओलम्पिकमा छनोट हुने ठूलो अवसर रहेको छ । व्यक्तिगत रूपमा पहिलोपटक ओलम्पिक छनोट खेल्छौँ । हामी सबैलाई राम्रो अवसर छ । त्यसका लागि तयारी पनि राम्रो भएको छ । छनोट हुनेमा आशावादी छौँ ।

विश्व टेनिस वरीयतामा भारतले शीर्ष आठ स्थानमा रहँदै दक्षिण एसियाली क्षेत्रबाट सीधै पेरिस ओलम्पिकमा स्थान पक्का गरिसकेको छ । प्रतियोगितामा सहभागी चार राष्ट्रका प्रशिक्षकले सहभागी राष्ट्रका खेलाडीलाई ओलम्पिकमा छनोट हुने अवसर भएको बताए । पुरुषतर्फ नेपालका संयोग कपालीलाई दाबेदार खेलाडीका रूपमा हेरिएको छ । महिलामा श्रीलंकासहित नेपाल र माल्दिभ्सबीच कडा प्रतिस्पर्धा हुने अपेक्षा छ ।

टेबलटेनिसका मुख्य प्रशिक्षक राजेन्द्र कपालीले भारतको अनुपस्थितिमा नेपालको सम्भावना बलियो भएको बताए । 'भारत नहुँदा हाम्रो लागि बलियो आधार हो । स्यान्टुले पछिल्लो समय ओलम्पिक छात्रावृत्ति लिएका छन् ।

सैनिक यू-१६ च्याम्पियन



नयाँ पत्रिका

सैनिक आवासीय महाविद्यालयले मोक्षदा स्कुललाई डकवर्थ लुइस पद्धति (डिएलएस)का आधारमा १० विकेटले पराजित गर्दै जयकुमारनाथ शाह स्मृति यू-१६ अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । काठमाडौं क्रिकेट एसोसिएन्सले आयोजना गरेको प्रतियोगिताको आइतबार भएको फाइनल वर्षाका कारण दोस्रो इनिङ ९ ओभरमा सीमित गरिएको थियो । सैनिकले नयाँ लक्ष्य ७० रन पाएको थियो । सैनिकले ६.५ ओभरमा कुनै पनि विकेट नगुमाई लक्ष्य पूरा गऱ्यो ।

मूलपानी क्रिकेट मैदानमा सैनिकका लागि रमन गिरीले अविजित ३५ र रोजल खड्काले ३३ रन बनाए । टस हारेर ब्याटिङ गरेको मोक्षदाले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १४२ रन बनाएको थियो । मोक्षदाका लागि संयम नेपालले ३७, नीतीश बुढाथोकीले २४ र आलोक शाहले २२ रन बनाए । यसअघि सेमिफाइनलमा सैनिकले एन्जल हार्टलाई ८८ र मोक्षदाले डिएभी स्कुललाई १२ रनले हराउँदै फाइनलमा स्थान बनाएका थिए । उपाधिसँगै सैनिकले १ लाख ५० हजार र उपविजेता मोक्षदाले ७५ हजार रुपैयाँ पाएका छन् ।

१६ टोली सहभागी प्रतियोगितामा एन्जल्सका युवराज खत्रीले सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै २० हजार रुपैयाँ पाए । उत्कृष्ट बलर मोक्षदाका इशान शाह भए । मोक्षदाकै संयम उत्कृष्ट ब्याट्समान्यान भए । दुवैले जनही १० हजार रुपैयाँ पाएका छन् । इमर्जिङ खेलाडी सैनिकका सफल पौडेल भए ।

एचएचसिए सेमिफाइनलमा

काठमाडौं/ एचएचसिए सातौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताअन्तर्गत सिनियर पुरुषको श्री बाई श्रीमा सेमिफाइनलमा प्रवेश गरेको छ । सिनियर पुरुषमा भ्याली पब्लिकले अन्तिम चारको स्थान पक्का गरेको छ । आयोजक वसुन्धरा नेसनल एकेडेमी (बिएनए) द्वारा आयोजित प्रतियोगिताको सिनियर महिलाको श्री बाई श्रीमा सेमिफाइनल समीकरण पूरा भएको छ । सेमिफाइनलमा फेरिल्यान्ड र नेपाल मोडलबीच खेल हुनेछ भने भ्याली पब्लिकले स्काइलार्कको सामना गर्नेछ । जुनियर पुरुषमा आयोजक बिएनए र एन्जल्स हार्टले अन्तिम चारमा स्थान पक्का पारे ।

उसुको विश्वकप तयारी चीनमा

नयाँ पत्रिका

नेपाली राष्ट्रिय उसु खेलाडीले चीनमा विश्वकपको तयारी गर्ने भएका छन् । नेपाली खेलाडीले उसुका सान्सौं र थाउलो विधामा विश्वकपमा सहभागी जनाउँदै छन् । अस्ट्रेलियामा सान्सौं र जापानमा थाउलोको विश्वकप उसु प्रतियोगिता हुँदै छ । यी दुवै प्रतियोगितामा उत्कृष्ट नतिजा निकाल्न उसु महासंघले खेलाडीलाई चीनमा अभ्यास गराउन लागेको हो । महासंघका अध्यक्ष वीरबहादुर तामाङले चीन उसु एसोसिएसनसँग तीनमहिने प्रशिक्षणका लागि प्रयास गरिरहेको बताए । 'विश्वकपमा राम्रो नतिजा निकाल्न चीनमा अभ्यास गर्नेछौं । त्यसका लागि छलफल भइरहेको छ,' तामाङले भने ।



सान्सौंको विश्वकपमा नेपालबाट सञ्जीव महर्जन र विद्या गुरुङले प्रतिस्पर्धा गर्नेछन् । यसैगरी, थाउलोमा दीपक हमालले भाग लिनेछन् । यी तीनजना खेलाडीले वैशाखको दोस्रो साता चीनको जियानझिडमा भएको अन्तर्राष्ट्रिय उसु आमन्त्रित प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका थिए । यही प्रदर्शनका आधारमा उनीहरूले विश्वकपमा स्थान पक्का गरेका हुन् । अन्तर्राष्ट्रिय उसु आमन्त्रित प्रतियोगितामा ६ वटा पदक जितेको थियो । रजत विजेताले १० हजार र कांस्य विजेता खेलाडीले सात हजार रुपैयाँ पाउनेछन् । नेपालले सान्सौं विधाको एकलमा समान दुई रजत र कांस्य हात पारेको थियो ।

फाइनलमा चुके नेपाली खेलाडी

थाउलोको एकल र टिम इभेन्टमा पनि नेपालले समान एक कांस्य पदक जितेको हो । सान्सौं विधाको पुरुष ८० केजी तौल समूहमा सञ्जीव र महिला ५६ केजी तौल समूहमा विद्यालै रजत पदक जितेका थिए । सञ्जीव इरानी खेलाडीसँग र विद्या टर्कीकी खेलाडीसँग स्वर्ण भिडन्तमा पराजित भएका थिए । अन्तर्राष्ट्रिय उसु आमन्त्रित प्रतियोगितामा दीपकले सर्वाधिक ९.६६ स्कोर गरेका थिए । उनी आगामी अक्टोबरमा जापानमा हुने थाउलोको विश्वकपका लागि पनि छनोट भएका छन् ।

थाउलोका खेलाडी विजय सिँजालीले राम्रो प्रशिक्षण गर्न सके एसियाली खेलकुदमै स्वर्ण जित्न सकिने बताए । अन्तर्राष्ट्रिय उसु आमन्त्रित प्रतियोगिताको थाउलोको छानछ्वान इभेन्टमा सहभागी २९ वटा देशको भिडन्तमा विजय छैटौं भएका थिए । महिलाको छानछ्वान इभेन्टमा निमा घर्तीमगर ९.४७६ स्कोरका साथ चोथौ भइन् । प्रतियोगितामा सान्सौंतर्फ लुमन्ती श्रेष्ठले महिला ६५ केजी र किरणसिंह साउदले ९० केजी तौल समूहमा कांस्य पदक जितेका थिए । थाउलोतर्फकै तुइलिन विधाको टिम इभेन्टमा नेपालका पुरुष खेलाडीहरू विजय सिँजाली, दीपक हमाल र राजीव गुरुङले कांस्य पदक जितेका थिए ।

नर्वेका एन्डर्सलाई ट्रायथलनको उपाधि

कास्की/ **नर्वे**का एन्डर्स ल्याङसेटले विश्वमै कठिन मानिने एक्स्ट्रिम वर्ल्ड टुर ट्रायथलनअर्न्तगत हिमालयन एक्स्ट्राई एक्स्ट्रिम ट्रायथलन उपाधि हात पारेका छन् । हिमालयन एक्स्ट्राईको आयोजनामा भएको तेस्रो संस्करणको प्रतियोगिताको निर्धारित दूरी १६ घण्टा १८ मिनेटमा पूरा गदै एन्डर्सले उपाधि हात पारेका हुन् । १६ घण्टा ४७ मिनेटमा निर्धारित दूरी पार गरेका काजकिस्तानका रुस्लान एर्जानोभ दोस्रो भए । १८ घण्टा ३५ मिनेटका साथ काजकिस्तानका गल्याम चाउसेभ तेस्रो भएका छन् ।

महिलातर्फ १८ घण्टा ५५ मिनेटमा दूरी पार गरेकी किर्गिस्तानकी आनास्थासिला बारानोभा पहिलो भइन् । २२ घण्टा ५० मिनेटसाथ नर्वेकी लिना हालभारी दोस्रो भइन् । प्रतियोगिताका निर्देशक दिवश योञ्जनका अनुसार २५ देशका ३६ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगिताअन्तर्गत ३.८ किमि पौडी, १६५ किलोमिटर साइक्लिङ र ४३ किलोमिटर दौड समावेश थिए । समुद्र सतहबाट ७४२ मिटर उचाइमा रहेको फेवातालमा पौडीपछि साइकलबाट प्रतिस्पर्धी सराङकोट हुँदै पर्वतको कुस्मा बजार र बागलुङ कलिकास्थान मन्दिर पुगेर फर्किएका थिए । सन् २००३ मा क्यानडाबाट सुरु भएको एक्स्ट्रिम विश्व टुर ट्रायथलन हरेका वर्ष युरोपसहित अमेरिकाका १७ देशमा आयोजना हुँदै आएको छ । प्रतियोगितामा नेपाल, किर्गिस्तान, काजकिस्तान, चेक रिपब्लिक, स्विडेन, नर्वे, स्कटल्यान्ड, फ्रान्स, डेनमार्क, टर्की, पोल्यान्ड, अमेरिका, पोर्चुगल, रसिया, जर्मनी, इस्टोनिया, इटाली र स्पेनलगायत देशका खेलाडीले भाग लिएका थिए ।

एपिएफले कोशीलाई हरायो

काठमाडौं/ उपाधिको प्रमुख दाबेदार नेपाल एपिएफ क्लबले तेस्रो ललितपुर मेयर्स महिला च्याम्पियनसिपमा कोशी प्रदेशलाई २४ रनले हराएको छ । वर्षाको कारण निर्धारित खेल पाँच ओभरमा झारिएको थियो ।

त्रिवि क्रिकेट मैदानमा आइतबार पहिलो ब्याटिङ गरेको एपिएफले पाँच ओभरमा तीन विकेट गुमाएर ५६ रन बनाएको थियो । प्रत्युत्तरमा कोशीले पाँच ओभरमा दुई विकेट गुमाउँदै ३२ रन जोडेको थियो । कोशीकी कप्तान अप्सरी वेगमले २० बलमा २५ रन बनाइन् । उनले दुई चौका प्रहार गरेकी थिइन् । काजोल श्रेष्ठले ४ र सानु राजवंशीले २ रन जोडे । एपिएफकी सीता रानामगरले एक विकेट लिइन् । पहिलो ब्याटिङ गरेको एपिएफकी इन्दु बर्माले सर्वाधिक ३८ रन बनाइन् । उनले १५ बलमा पाँच चौका र दुई छक्का प्रहार गरिन् ।

चन्द्रागिरि हिल्स लि.
CHANDRAGIRI HILLS
थानकोट काठमाडौं, फोन नं ०१-४३९२५१५,४३९१७१९
इमेल : sunil.shakya@chandragirihills.com

दरभाउपत्र आव्हान

मिति २०८१/०१/३१

यस चन्द्रागिरि हिल्स लि.लाई आ.व २०८१/०८२ का लागि आवश्यक पर्ने तपशिल बमोजिमको सामाग्रीहरुको सप्लाई गर्न सक्ने फर्म/ कम्पनीले सप्लाई गर्न सक्ने दर, परिमाण, डेलिभरीको समय र भुक्तानीको प्रकृया सहित कम्पनी दर्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्र र आ.व २०७९/०८० को कर चुक्ताको प्रतिलिपि संलग्न गरी दरभाउपत्र आव्हान गरिन्छ ।

Description

- Grocery Items/ Packed/ Canned Food Items
- Dairy /poultry product
- Fresh vegetables and fruits
- Stationary items
- Bakery Raw items
- Scrap Materials
- Chemical/ Cleaning /General Store Supply
- Kerosene / Diesel /Petrol Oil/LP Gas
- Garments / Souvenir Items
- Electrical/ Hardware And Plumbing items
- Packed/ Canned Food items
- Meat and Fish item
- Out Fresh Flowers
- Laundry Services
- Pooja Samagri
- Water Jar/ Bottle Supply
- Room Amenities
- Imported/Domestic Alcoholic Beverage

कोटेशन आई पुग्नु पर्ने अन्तिम मिति : २०८१ जेष्ठ २० गते भित्र ।
आवश्यक मालसामानको विस्तृत सुची तथा अन्य विवरणहरु संलग्न कागजपत्रको प्रति सेट रु ५००/ पछि फिर्ता नहुने गरि दाखिला प्राप्त गर्न सकिनेछ ।
नोट : कोटेशन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा सुरक्षित रहनेछ साथै छनोट भएका सप्लायरहरुको करार अवधि १ वर्षको रहने छ ।

साबिक विजेता चेन्नई तेस्रो स्थानमा

एजेन्सी

इन्डियन प्रिमियर लिग (आइपिएल) को साबिक विजेता चेन्नई सुपर किंग्स तेस्रो स्थानमा उक्लेको छ । प्रतियोगिताअन्तर्गत ६१औँ खेलमा चेन्नईले राजस्थान रोयल्सलाई पाँच विकेटले हराउँदै स्थान सुधार गरेको हो । जितसँगै चेन्नईले प्ले अफको सम्भावना बलियो बनाएको छ । पहिलो ब्याटिङ गरेको राजस्थानले २० ओभरमा पाँच विकेट गुमाएर १४१ रन बनाएको थियो । प्रत्युत्तरमा चेन्नईले १८.२ ओभरमा पाँच विकेटको क्षतिमा १४५ रन बनायो । चेन्नईले १० बलअघि नै पाँच विकेटको जित निकालेको हो ।

अंक तालिकामा चेन्नईले १३ खेलबाट १४ अंक जोडेको छ । शीर्ष स्थानमा रहेको कोलकाता नाइटराइडर्सले १२ खेलबाट सर्वाधिक १८ अंक जोडेको छ । चेन्नईसँग पराजित राजस्थान १६ अंकका साथ दोस्रो स्थानमा छ । यसैगरी, सनराइजसं हैदराबाद १४ अंकका साथ चौथो स्थानमा छ ।



राजस्थानलाई पाँच विकेटले हराएको साबिक विजेता चेन्नई १४ अंकका साथ आइपिएलको तेस्रो स्थानमा उक्लेको छ

लक्ष्य पछ्याउँदा चेन्नईको संघर्ष

राजस्थानले प्रस्तुत गरेको १४५ लक्ष्य पछ्याउन चेन्नईले संघर्ष गर्नुपरेको थियो । राचिन रविन्द्रा र ऋतुराज गाइकवाडले पहिलो विकेटका लागि ३.२ ओभरमा ३२ रनको साझेदारी गरेका थिए । रविचन्द्रन आश्विनले राचिनलाई कट एन्ड बोल्ड गरे । राचिनले १८ बलमा २७ रन बनाए । त्यसपछि ऋतुराज र डर्यल मिचेलले दोस्रो विकेटका लागि ३५ रनको साझेदारी गरे । मिचेलले १३ बलमा २२ रनको योगदान दिए । उनले आफ्नो इनिङ्समा चार चौका प्रहार गरे । कप्तान ऋतुराजले मोइन अलीसँग तेस्रो विकेटका लागि २१ रन जोडे । अलीले १३ बलमा १० रन बनाए ।

चेन्नईले मध्यक्रमका ब्याट्समान्यानले गतिलो रनको योगदान नदिँदा सहज लक्ष्य पछ्याउन संघर्ष गरेको हो । शिभम दुबेले ११ बलमा १८ रन बनाए । समीर रिज्वीले आठ बलमा तीन चौकाको सहयोगमा १५ रन बनाए । अनितमसम्म आउट नभएका ऋतुराजले ४१ बलमा दुई छक्का र एक चौकाको मद्दतमा ४२ रनको योगदान दिए ।

कसिलो बलिङ

पहिलो ब्याटिङ गरेको राजस्थानले चेन्नईको कसिलो बलिङ सामना गर्न सकेन । सिमर्जित सिंहले चार ओभरमा २६ रन खर्चदै तीन विकेट लिए । रवीन्द्र जडेजाले चार ओभरमा २४ रन खर्चेका थिए । राजस्थानको ब्याटिङमा रियान परागले सर्वाधिक ४७ रन जोडेका थिए ।

उनले ३५ बलमा तीन छक्का र एक चौका प्रहार गरेका थिए । राजस्थानले पहिलो विकेटका लागि ६.२ ओभरमा ४३ रन जोडेको थियो । ओपनर यशस्वी जैसवालले २१ बलमा एक छक्का र तीन चौकाको सहयोगमा २४ रन बनाए । जोस बटलरले २५ बलमा २१ रन जोडे । ध्रुव जुरेलले १८ बलमा २८ रन बनाए ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com